# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

# २०८२

# (चौधौं अद्यावधिक संस्करण)

जिल्ला विपद् व्यवस्थापन समिति

दैलेख

# विषयसूची

**भाग-एक** ........ १

**दैलेख जिल्लाको चिनारी (District Overview)** ........ १

१.१ पृष्ठभूमि (Background) ........ १

१.२ भौगोलिक अवस्थिति, सिमाना तथा राजनैतिक/प्रशासनिक विभाजन ........ २

१.३ भू-क्षेत्र र जमिनको वर्गीकरण ........ २

१.४ नदीनाला ........ ३

१.५ माटोको बनावट र उर्वराशक्ति : ........ ३

१.६ सम्भावित भूक्षय क्षेत्र ........ ३

१.७ जलवायु ........ ३

१.८ जलभण्डार ........ ४

१.९ जनसंख्याको आकार ........ ४

१.१० शैक्षिक तथा स्वास्थ्यको अवस्था ........ ५

**भाग -दुई** ........ ६

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य तथा रणनीतिहरु** ........ ६

२.१ योजनाको आवश्यकता तथा महत्व ........ ६

२.२ समष्टिगत उद्देश्य ........ ६

२.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा ........ ७

२.४. योजनाको सीमा ........ ७

२.५ रणनीति ........ ८

२.६ योजना कार्यान्वयन रणनीतिहरु ........ ८

२.७ व्यवस्थापन तथा समन्वयका लागि समष्टिगत व्यवस्था ........ ९

**भाग -तीन** ........ १०

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रिया** ........ १०

**भाग –चार** ........ ११

**प्रकोप, संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण** ........ ११

४.१ प्रकोपको पहिचान तथा स्तरीकरण ........ ११

४.२ संकटासन्नता विश्लेषण ........ ११

४.३ क्षमता विश्लेषण ........ १४

४.४ अघिल्लो वर्षमा दैलेख जिल्लामा भएको क्षतिको विवरण ........ १९

४.५ जोखिम विश्लेषण ........ २०

**भाग -पाँच** ........ २३

**सामान्य पूर्वतयारी योजना....................................................................................२३**
५.१ मानवीय सहायतामा संलग्न साझेदार निकायको सूची ........................................................................२३
५.२ विषयगत क्षेत्रहरु (Clusters), त्यसका नेतृत्वकर्ता (Lead) तथा सदस्यहरु (Members) को विवरणः ..........................२४
५.३ सन्दर्भ सामग्रीहरुको पुनरावलोकनको नतिजा :...................................................................................२६
५.४ योजना तयारीका क्रममा बसेका विभिन्न बैठक तथा त्यसका महत्वपूर्ण निर्णयहरु :.......................................२८
**भाग -छ.............................................................................................................२९**
**निकायगत भूमिका तथा जिम्मेवारी.........................................................................२९**
६.१ जिल्ला विपद् व्यवस्थापन समितिको कार्य क्षेत्रगत शर्त (ToR)...........................................................२९
६.२ जिल्ला विषयगत अगुवा संस्था (District Cluster Lead Agency) को कार्य क्षेत्रगत शर्त..................................२९
६.३ जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को कार्य क्षेत्रगत शर्त...........................................................३०
६.४ निकायगत भूमिका तथा जिम्मेवारी.......................................................................................३०
६.५ जिल्लामा विपद् जोखिम न्यूनीकरणका लागि भण्डारणमा रहेका बन्दोबस्तीका सामानहरुको विवरण :.......................३३
६.६ पालिकास्तरमा विपद् जोखिम न्यूनीकरणका लागि भण्डारणमा रहेका बन्दोबस्तीका सामानहरुको विवरण :..................३५
६.७ दैलेख जिल्लामा भूकम्प आएमा अस्थायी रुपमा आश्रय लिन सकिने खुल्ला चौर तथा स्थानहरु :............................३६
६.८ आवश्यकताको लेखाजोखा तथा खाडल पहिचानः...........................................................................३७
**भाग - सात ......................................................................................................३९**
**विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना..............................................................३९**
७.१ विपद् प्रतिकार्य योजना ..........................................................................................................३९
७.२ उपलब्ध निकायगत स्रोत साधन ..................................................................................................४०
**भाग -आठ .......................................................................................................४२**
**विषयगत विपद् व्यवस्थापन क्षेत्रगत विवरण ..................................................................४२**
८.१ समन्वय तथा सूचना व्यवस्थापन (Coordination and Information Management) क्षेत्र :.................................४२
८.२ खोज तथा उद्धार (Search and rescue) क्षेत्र :.......................................................................४७
८.३ खाद्य तथा गोदाम व्यवस्थापन (Food& Store Management) क्षेत्र :...........................................................५२
८.४ आवास तथा गैरखाद्य सामग्री (Shelter and Non Food Items) क्षेत्र : ........................................................५६
८.५ खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन (WASH) क्षेत्र :.........................................................................६१
८.६ स्वास्थ्य तथा पोषण (Health and Nutrition) क्षेत्र :....................................................................६६
८.७ आपत्कालीन शिक्षा (Emergency Education) क्षेत्रः...................................................................७१
८.८ संरक्षण (Protection) क्षेत्रः..................................................................................................७६
८.९ सर्वेक्षण तथा अभिलेख **(Assessment & Documentation)**...........................................................८१
८.१० पुनर्स्थापना तथा पुनर्निर्माण **(Rihabilitation & Reconstruction)**...........................................................८४

# भाग–एक

## दैलेख जिल्लाको चिनारी (District Overview)

### १.१ पृष्ठभूमि (Background)

विश्वका विभिन्न देशहरुमध्ये नेपाललाई विपद् जोखिमको दृष्टिले उच्च जोखिममा रहेको राष्ट्रको रुपमा लिइन्छ । नेपाल जलश्रोतमा विश्वको दोश्रो धनी देश हो । यहाँ करिब ६००० नदीनालाहरु छन् । प्रत्येक वर्ष हिमालय, उच्च पहाड, पहाड र महाभारत श्रृंखला क्षेत्र भएर बग्ने नदीहरुबाट हुने भू-क्षय मार्फत माटो र बालुवा बगाएर ल्याउनुका साथै नदीको बहाव क्षेत्र उच्च भई नदीको धारहरुमा समेत परिवर्तन भैरहेको छ । नेपाललाई बाढी, नदी कटान, पहिरो, भूकम्प, आगलागी, महामारी र जलवायु परिवर्तनको प्रभावबाट प्रभावित राष्ट्रको रुपमा पनि लिइन्छ । नेपालको भौगोलिक बनोटको कारण हिमाल, पहाड र तराईमा हुने विपद्हरु फरक फरक प्रकारका हुने गरेको पाइन्छ । विश्व मानचित्रमा नेपाल विपद् जोखिमको हिसाबले २० औं स्थानमा, भूकम्पीय जोखिमको हिसाबले ११ औं स्थानमा, बाढी तथा पहिरोको जोखिमको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको प्रभावको हिसाबले चौथो स्थानमा पर्दछ । विपद्का कारण देशमा वर्षेनी ठूलो रुपमा धनजनको क्षति हुने गरेको छ । विपद् पूर्वतयारीका कार्यहरु न्यून भएका कारणले पनि विपद्का कारण ठुलो क्षति व्यहोर्नु परेको छ । देशलाई विपद् उत्थानशील राष्ट्र बनाउन स्थानीयस्तरदेखि नै पहल हुनु जरुरी छ ।

यस जिल्लाका प्रमुख नदी तथा खोलाहरुमा कर्णाली नदी पश्चिम सिमानामा रहेको छ । जिल्लाभित्रका अन्य साना तथा ठूला खोलाहरुमा लोहोरे, छामाघाट, रामघाट, पराजुल, कट्टी, नाभिस्थान, ताराघाट खोला आदि हुन । सहायक खोलामा सुगुरखाल, सिम, झाक्री, दमारखोला, द्धारीमुल, भावलभित्री, सिमाठेकपानी, कुरा, सल्लेरी, छहरे, वुढी, जीडा, थुमका, कपुर, झारी, झ्याउ, सेक्टीपानी मुहान, पैराखोला, भैरे, सिदा, धारा, पानी, मौवा, माटीखानी, नाउली, कडे, वुढ्ढा, पहडा, निगालपानी, आहाल, घट्टेखोला आदि विभिन्न खोलानालाहरु छन । ताल तथा पोखरीहरुमा मालतीगंगा, तालपोखरी, कर्णाली नदी तथा लोहोरे खोलाका छेउछाउमा सिमसार क्षेत्रहरु रहेका छन् । यी खोलानाला तथा धार्मिक सांस्कृतिक हिसाबले धेरै महत्वपूर्ण छन् भने कृषिमा आधारित जीविकोपार्जनका प्रमुख श्रोत समेत हुन् । तापनि वर्षात्को समयमा विभिन्न विपद्हरु सिर्जना भई कतिपय अवस्थामा ठूलो धनजनको क्षति समेत हुने गरेको छ । साथै बढ्दो जनघनत्व, वनजंगलको विनास, अव्यवस्थित भौतिक निर्माण आदिको कारणले भूक्षय, बाढी, पहिरोका प्रकोपहरुले धनजनको क्षति र वातावरणीय विनाश तिव्र गतिमा भैरहेको छ ।

दैलेख जिल्ला अन्तर्गत पहिरोको आधारमा अति उच्च जोखिममा भगवतीमाई गाउँपालिकाको रुम, कट्टि, जगनाथ, नौमूले गाउँपालिकाको सल्लेरी, गुराँस गाउँपालिकाको लालिकाँडा, दुल्लु नगरपालिकाको मालिका, आठबीस नगरपालिकाको सिंहासैन, राकम कर्णाली, तिलेपाटा, सात्तला, डुंगेश्वर गाउँपालिकाको डांडापराजुल र नारायण नगरपालिकाको विन्ध्यवासिनी क्षेत्र पर्दछन् भने उच्च जोखिममा भगवतीमाई गाउँपालिकाको मेहेलतोली, गुराँसे गाउँपालिकाको गोगनपानी, खड्कबाडा र बराह, नौमुले गाउँपालिकाको कालिका, द्धारी, दुल्लु नगरपालिकाको गौरी, पादुका, बडलम्जी, दुल्लु, छिउंडिपुसाकोट, नेपा र नाउले, महाबु गाउँपालिकाको रानीवन र कांशिकाँध तथा भैरवी गाउँपालिकाको कुसापानी र भैरीकालिकाथुम क्षेत्र रहेका छन् भने बाढीको आधारमा अति उच्च जोखिममा आठबीस नगरपालिकाको राकमकर्णाली, सिंगौडी, सात्तला, चामुण्डाविन्द्रासैनी नगरपालिकाको लयांटीविन्द्रासैनी, गराँस गाउँपालिकाको खड्कबाडा, डुंगेश्वर गाउँपालिकाको डाँडापराजुल, बेलपाटा, नारायण नगरपालिकाको विन्ध्यवासिनी, नौमुले गाउँपालिकाको चौराठा, सल्लेरी, तोली, नौमूले र भगवतीमाई गाउँपालिकाको जगन्नाथ क्षेत्र पर्दछन् ।

दैलेख जिल्ला बाढी, पहिरो र झाडापखालाबाट प्रभावित जिल्लाहरुको सूचीमा  पर्दछ । २०६६ साल देखि हालसम्मको तथ्यांकलाई हेर्दा झाडापखालाबाट ८५ जनाको ज्यान गएको र विगतका वर्षमा मात्रै पनि बाढी तथा पहिरोबाट विभिन्न नगरपालिका तथा गाउँपालिकाहरुमा घर, खेतीयोग्य जमिन, पुल पुलेसा, विद्यालय, पानीका मुहान जस्ता पूर्वाधार तथा सम्पदाहरुमा प्रत्यक्ष प्रभाव पारेको छ ।

विपद्को समयमा प्रभावित व्यक्ति तथा समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनै पर्दछ, जसले गर्दा थप क्षति हुनबाट बचाउन सकियोस् । विपद् व्यवस्थापनका प्रायः दुईवटा चरण हुन्छन् । पहिलो चरण विपद् अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनीकरणका कार्यहरु पर्दछ भने दोश्रो चरणमा विपद्पछिको उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निर्माण पर्दछन् । उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निर्माण  कार्यमा गरिने लगानी र प्रतिफल भन्दा विपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारी कार्य ६ गुणा सस्तो र प्रभावकारी हुन्छ भन्ने कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिममुक्त बनाउन भने कठिन छ । तर पनि विपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनुपर्दछ ।

यस विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजनाले दैलेख जिल्लामा वर्षेनी आउने पहिरो तथा झाडापखालाबाट प्रभावित मानिसहरूका आवश्यकताहरू पूर्ति गर्नका निमित्त समयमा नै एकै खालको तथा समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई मानवीय असरहरूलाई कम गर्न महत्वपूर्ण भूमिका खेल्ने कुरामा कसैको दुई मत नहोला । त्यसैगरी भूकम्पको जोखिमबाट पनि दैलेख जिल्ला मुक्त रहन नसक्ने अवस्थालाई आत्मसात् गर्दै यो महाप्रलयकारी विपद् परेमा त्यसबाट हुनसक्ने भौतिक तथा मानवीय क्षतिलाई न्यूनीकरण गर्ने यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य रहेको छ । त्यसैले विपद्को कारणले प्रत्येक वर्ष हुने व्यापक जनधनको क्षति र विस्थापित तथा प्रभावितहरूको लागि एउटा सहभागितामूलक योजना बनाएमा मात्र उनीहरूले न्यायपूर्ण राहत पाउन सक्ने र बाढी, पहिरो, झाडापखाला तथा भूकम्पबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता महशुस भएको हो । यसै तथ्यलाई मनन गरी सम्भावित विपद् व्यवस्थापन तथा पूर्वतयारीका लागि योजनावद्ध ढङ्गले अघि बढ्न जिल्ला विपद् व्यवस्थापन समिति, दैलेखको आयोजना तथा डिसिए, सेभ द चिल्ड्रेन र पहल कार्यक्रमको आर्थिक तथा सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल दैलेख र सेवक दैलेखका प्राविधिक सहयोग तथा सहजीकरणमा विभिन्न प्रक्रिया तथा विधिहरु पूरा गरी यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ लाई अद्यावधिक गरी चौधौं संस्करण, २०८२ तयार गरिएको छ ।

## १.२ भौगोलिक अवस्थिति, सिमाना तथा राजनैतिक/प्रशासनिक विभाजन

दैलेख जिल्ला कर्णाली प्रदेश अन्तर्गतका १० जिल्लामध्येको एक पहाडी जिल्ला हो । यो जिल्लाको पूर्वमा जाजरकोट जिल्ला, दक्षिणमा सुर्खेत जिल्ला, पश्चिममा अछाम जिल्ला र उत्तरमा कालिकोट जिल्ला पर्दछ । विश्व मानचित्रमा दैलेख जिल्ला ८१°२५" देखि ८१°५३" पूर्वी देशान्तर र २८°३५" देखि २५°८"उत्तरी अक्षांशसम्म फैलिएको छ । यस जिल्लाको जिल्ला सदरमुकाम नारायण नगरपालिका दैलेख बजारमा रहेको छ । यस जिल्लाको दक्षिण, उत्तर, पूर्व तथा पश्चिम गरी चारै तर्फ महाभारत श्रृंखलाहरु रहेका छन् भने उक्त श्रृंखलाहरु उत्तरमा पूर्व पश्चिम गरी फैलिएका छन् । यस जिल्लामा ७ वटा गाउँपालिका र ४ नगरपालिका  गरी जम्मा ११ वटा स्थानीय तह रहेको छन् । यस जिल्लाको कुल क्षेत्रफल १,५०,०५१ हेक्टर अर्थात् १,५०२ वर्ग किलोमिटर रहेको छ । यो जिल्ला समुद्री सतहबाट ५४४ (तल्लो डुंगेश्वर) देखि ४,१६८ मीटर (महाबु लेक) सम्म उचाईसम्म फैलिएको छ भने यसको औषत उचाई १,४४८ मीटर ( दैलेख बजार) रहेको छ ।

## १.३ भू-क्षेत्र र जमिनको वर्गीकरण

दैलेख जिल्लाको करिब ८९,८९९ हेक्टर जमिन वनजंगल तथा बुट्यानले ढाकेको छ । त्यस्तैगरी करिब १३,३३३ हेक्टर जमिनमा आवास, चट्टान तथा माटो रहेको छ भने ३,६९८ हेक्टर जमिन चरन क्षेत्रले ओगटेको छ । जम्मा क्षेत्रफलको ४३,४९७ हेक्टर जमिनमा खेती गर्ने गरिएको छ भने ८,६२४ हेक्टर जमिन खेती नगरिएको अवस्थामा छ । केही भू-भाग नदी, बगर, कडा चट्टान जमिन क्षेत्रले ढाकेको छ । भौगोलिक स्थितिलाई विचार गर्दा यस जिल्लालाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

(क) पहाडी क्षेत्रः ८० प्रतिशत

(ख) उच्च पहाडी क्षेत्रः २० प्रतिशत

यसरी गरिएको विभाजनको आधारमा हेर्दा यस जिल्लाको दक्षिणी भू-भाग उर्वर माटोले बनेको छ । यस क्षेत्रको भूमि मलिलो भएकै कारणले अधिकांश क्षेत्रमा तरकारी खेती, धान तथा मकैबाली लगाउने गरेको पाइन्छ । उत्तरको भाग उच्च पहाड भएको र ठूल्ठुला चट्टानले बनेकाले उक्त जमिन भने खेतीयोग्य र त्यति उब्जाउ नभएको, धेरैजसो क्षेत्र चट्टान, वनजंगल तथा बुट्यानले ढाकेको अवस्था छ । अझ महाभारतमा पर्ने भू-भाग बढी भिरालो धरातल तथा कडा चट्टान, गेग्यान र बालुवाले बनेकाले खेतीपातीको लागि उपयुक्त नभएकोले यो जिल्ला भौगोलिक दृष्टिकोणबाट पनि अति संवेदनशील जिल्ला मानिन्छ ।

### १.४ नदीनाला

दैलेख जिल्लामा साना ठूला गरी प्रशस्त नदी र खोलाहरु भए तापनि नेपालको दोश्रो ठूलो नदीको रुपमा रहेको कर्णाली नदी नै यहाँको मूख्य ठुलो नदी हो । यसका साथै दैलेख जिल्लाका लोहरे, रामागड, छामगाड, नेगाड, तारागाड, तामेखोला, पादुका, कट्टी, पराजुलीखोला, रतिखोला आदि नदीहरु प्रमुख नदीहरु हुन भने सहायक नदी वा खोलाको रूपमा सानाखोला, नाभीस्थान, कानेगाड, चिनेखोला आदि परिचित छन् । लोहरे र कर्णाली नदी बाहेक प्रायजसो नदीहरुमा हिउँदमा पानीको मात्रा कम हुदैं जान्छ भने ती दुई नदीमा पानीको मात्रा औषत रुपमा समान रहने गरेको पाईन्छ । ती नदीहरु भौगोलिक हिसाबले अति कठिन रहेको कारणले गर्दा यस जिल्लामा नदी र खोलाहरूको भरपुर उपयोग गर्न सकिएको छैन । वर्षातको समयमा प्रायजसो स्थानहरु पहिरोको अत्यन्त जोखिममा रहेको अवस्था र जिल्लाको भू-बनावटको कारणले गर्दा पनि वर्षेनी नदीहरुले कटान गरिरहेको छ ।

### १.५ माटोको बनावट र उर्वराशक्ति :

दैलेख जिल्लाको कुल क्षेत्रफल मध्ये ४३,१२१ हेक्टर अर्थात् २८.७४ जमिन खेतीयोग्य रहेको पाइन्छ । यीमध्ये करिब २,२४८ हेक्टर अर्थात् ६.५१ प्रतिशत जमिनमा मात्र वर्षभरी सिंचाइ हुने भए तापनि हाल ७,००९ हेक्टर भूमिमा मौसमी सिंचाइ सुविधा पुगेको र बाँकी कृषि भूमि आकासे वर्षामा नै निर्भर रहनुपर्ने बाध्यता छ । लोहरे, कर्णाली नदीहरूका साथै महाभारत पहाडबाट उत्तर र दक्षिणतिर बग्ने वर्षे खोलाहरूले वर्षेनी यस जिल्लाको धेरै उब्जाउ भूमि कटान गरिरहेका छन् । साथै केही खेतीयोग्य स्थानहरुमा बालुवाकरण हुँदै खेतीयोग्य स्थानहरु मरुभूमिकरण हुने र पहिरो तथा भू-स्खलन हुने कारणले पनि यस जिल्लाको माटोको बनावटमा दिन प्रतिदिन परिवर्तन आई उर्वरभूमि घट्दै गएको अवस्था छ ।

### १.६ सम्भावित भूक्षय क्षेत्र

दैलेख जिल्लाको उत्तर तर्फको भू-भाग उच्च पहाडी महाभारत श्रृंखला तथा दक्षिणतर्फ पहाड, पर्वत श्रृंखलामा पर्ने भएको कारणले दक्षिण तर्फको केही समथर भूमि भन्दा फरक अर्थात् भिरालो किसिमको छ । भिरालो भएको कारणले वर्षात्मा खहरे खोलाले एकतिर यस क्षेत्रको माटोलाई बगाएर लैजान्छन् भने अर्कोतिर पहाड तथा उच्च पहाडबाट बगाई ल्याएको बालुवा, गेग्यानहरू केही क्षेत्रको खेतीयोग्य भूमिमा ल्याई थुपारी दिने गर्दछन् । जसले गर्दा उब्जाउ भूमिहरू दिन प्रतिदिन ह्रास हुँदै गएका छन् । यसका अतिरिक्त लोहरे नदी र कर्णाली नदी तथा उच्च पहाडबाट उत्तर दक्षिणतिर बग्ने कैयौं वर्षे खोलाहरूमा पानीको मात्रा बढ्ने भएकोले उक्त नदीको किनारमा रहेको खेतीयोग्य जमिनहरु तथा खेतीबालीहरु वर्षेनी नष्ट पार्दै आएका छन् । यस जिल्लामा पहिरो तथा भू-क्षयको सम्भावना सधैं रहने गरेको देखिन्छ । त्यसमाथि पनि वनजंगलको विनासको कारणले पनि पहिरो तथा भू-क्षय वा भू-स्खलनको मात्रालाई बढाइरहेको छ ।

### १.७ जलवायु

यस जिल्लाको औषत अधिकतम तापकम ३४° सेन्टीग्रेट र औषत न्यूनतम तापक्रम ५° सेन्टीग्रेट रहेको छ र वार्षिक वर्षा करिब १७०० मिलिमिटरसम्म हुने गर्दछ । भौगोलिक अवस्थिति अनुसार जिल्लाको जलवायु फरक फरक किसिमको पाईन्छ । औषत रुपमा यस जिल्लामा समशितोष्ण हावापानीको बाहुल्य रहेको छ । गृष्म र वर्षा ऋतुमा मनसुनी वर्षा हुने गर्दछ भने हिउँदमा कम पानी पर्दछ । यस जिल्लाको वनक्षेत्रलाई हावापानीका आधारमा निम्न अनुसारको रुपमा वर्गीकरण गर्न सकिन्छ ।

### १.७.१ उष्ण सदावहार तथा उपोष्ण पतझर वन

उच्च तापक्रम तथा बढी वर्षा हुने समुन्द्र सतहबाट १२०० मिटरको उचाईसम्म पाइने वनलाई उष्ण प्रदेशीय सदावहार वन भनिन्छ भने समुद्र सतहबाट १२०० मिटरदेखि २१०० मिटरसम्मको उचाईमा पाइने वनलाई उपोष्ण पतझर वन भनिन्छ । तल्लो डुङ्गेस्वर, कर्णाली नदीको किनार र सोको आसपासमा पाइने साल, सिसौ, जामुन, खयर, कर्मा, अस्ना आदि उष्ण सदावहार वनको रुपमा रहेको पाइन्छ भने कटुस, चिलाउने, खोटेसल्लो, सिमल, काफल, उत्तीस, ओखर चाँप आदि महाभारत क्षेत्रको पहाडमा उपोष्ण पतझर वनको रुपमा पाइने गर्दछ । यस प्रकारको वनले १८६५४ हेक्टर अर्थात् (२३.८७ %) भू–भाग ओगटेको छ ।

### १.७.२ शीतोष्ण कोणधारी वन

समुद्र सतहदेखि करिब २१००-३३५० मिटरको पहाडी श्रेणीमा पाइने वन जंगललाई शीतोष्ण कोणधारी वन भन्ने गरिन्छ । पैंयू, उत्तिस, कटुस, सुनकाउलो, लालीगुराँस, चुत्रो, टिमुर, ऐसेलु, बाँझ, अंगेरी, सौर खोटेसल्ला आदि वन र वनस्पतिजन्य रुख विरुवाहरुको बाहुल्य यस शीतोष्ण कोणधारी क्षेत्रमा भेटिन्छ । यस प्रकारको वनले ४६८५६ हेक्टर अर्थात् वन क्षेत्रको (५९.९७ %) भू(भाग ओगटेको छ । दैलेख जिल्लामा रहेका वन क्षेत्रको सबैभन्दा बढी भू-भाग शीतोष्ण कोणधारी वनले ओगटेको छ ।

### १.७.३ लेकाली वन

समुद्र सतहदेखि करिब ३३५०-५००० मिटरको हिमाली प्रदेशको तल्लो शृंखलामा पाइने वनलाई लेकाली वन भनिन्छ । पर्याप्त वर्षाविना पनि हुर्कन सक्ने धुपीसल्लो, देवदार, भोजपत्र, सेतो गुराँस, खर्सु जस्ता रुखहरुको बाहुल्य रहेको छ । यस प्रकारको वनले १०१०९ हेक्टर अर्थात् वन क्षेत्रको (१२.९४%) भूभागमा आगटेको छ ।

### १.७.४ टुन्ड्रा वन

समुद्र सतहदेखि करिब ५००० मिटरदेखि माथिको उच्च हिमाली भू-भागमा पाइने वनस्पतिलाई टुन्ड्रा वन भनिन्छ । काँडादार अति होचा गुराँसका प्रजाति भोजपत्र जस्ता रुख विरुवाहरु पाईन्छन् । यस प्रकारको वनले २५१८ हेक्टर अर्थात् वन क्षेत्रको (३.२२%) भू-भाग आगटेको छ ।

### १.८ जलभण्डार

यस जिल्लाको प्रमुख जल भण्डारको रूपमा लोहरे खोला, कर्णाली नदी, तारघाट खोला, तामेढ्वारी, कट्टीखोला, पराजुलखोला, सानाखोला, नाविस्थान, पादुका, कानेगाड, चिनेखोला र रतीखोलाहरु रहेको छन् । वर्षात्मा उच्च पहाड तथा पहाडबाट बग्ने दर्जनौं खोला तथा खोल्साहरु साथै सतहमा रहने पानी यस जिल्लाको जलभण्डारको रुपमा अवस्थित छ ।

### १.९ जनसंख्याको आकार

१५०२ वर्गकिलोमिटर क्षेत्रफल भएको दैलेख जिल्लाको जनसंख्या सन् २०११ (वि.सं. २०६८) को जनगणना अनुसार २६१७७० रहेको थियो भने २०७८ को जनगणना अनुसार २५२३१३ रहेको छ, जसमध्ये पुरुष १२०७७४ अर्थात् ४७.९ प्रतिशत र महिला १३१५३९ अर्थात् ५२.१ प्रतिशत रहेको छ । सोही तथ्यांक अनुसार जिल्लाको जनघनत्व १६८ प्रति वर्गकिलोमिटर, जम्मा घरधुरी सख्या ५४६१० रहेको छ भने औषत परिवार सदस्य संख्या ४.६२ रहेको छ । यस जिल्लामा क्षेत्री ३५.३५%, विश्वकर्मा १९.६६%, ठकुरी १३.८०% ब्राम्हण ९.६५%, मगर ९.०९%, परियार ५.10%, मिजार ३.०४%, सन्यासी/दशनामी १.२१%, गुरुङ १.२०%, माझी ०.५५%, नेवारः ०.२८%, वादी ०.२१%, मुस्लिम ०.१९%, सुनुवारी ०.१७%, कुमाल ०.१२%, सोनार ०.१२% तामाङ ०.१२% थारु ०.०४% घर्ती/भुजेल ०.०३%, गाइने ०.०३%, काठबानियन ०.०२%, राई ०.०२% जस्ता समुदाय एवम् राउटे तथा अन्य लोपोन्मुख जातजातीहरुको बसोबास रहेको छ । यहाँ सबभन्दा बढी नेपाली भाषा (९८.९८ प्रतिशत) बोल्ने समुदाय रहेको छ भने मगर तथा गुरुङ्ग भाषा ०.४६ प्रतिशत तथा ०.४६ प्रतिशत अन्य भाषा बोलिने गरिन्छ ।

यस जिल्लाको ८६ प्रतिशत जनसंख्या कृषिमा आश्रित छन् र विपद्बाट उनीहरू नै बढी प्रभावित हुने गरेको पाइन्छ। यसैगरी ज्याला मजदुरी गर्ने संख्या कुल जनसंख्याको ६ प्रतिशत, व्यापार तथा नोकरी गर्ने २ प्रतिशत रहेका छन् भने कुल औषत वार्षिक आम्दानी रु. १३५२१ प्रतिव्यक्ति रहेको छ।

### १.१० शैक्षिक तथा स्वास्थ्यको अवस्था

दैलेख जिल्लामा ३५७ वटा बालविकास केन्द्रहरु, ३२२ वटा प्राथमिक विद्यालय, ८९ वटा माध्यमिक विद्यालय, २ वटा निजी माध्यमिक विद्यालय, ५ वटा क्याम्पस रहेका छन्। यस जिल्लाको साक्षरता प्रतिशत ७५.५ प्रतिशत रहेको छ। जसमा महिला साक्षरता ६८.७ र पुरुष साक्षरता ८३ प्रतिशत रहेको छ। जिल्लामा बढ्दो विद्यालय संख्या, शिक्षा प्रतिको समुदायको सकारात्मक सोचाइ र सरकारी प्राथमिकता समेतको कारणले गर्दा हाल साक्षरता दरमा वृद्धि भइरहेको तथ्यांकहरुले देखाइरहेका छन्। यद्यपी शिक्षाको गुणस्तरमा भने अपेक्षित सुधारको खाँचो टड्कारो रुपमा देखिन्छ।

त्यसैगरी स्वास्थ्य क्षेत्रको हिसाबले दैलेख जिल्लामा ५२ वटा शैया भएको जिल्ला अस्पताल र १५ शैया भएको दुल्लु अस्पताल, ५ शैया क्षमता भएको २ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ५६ वटा स्वास्थ्य चौकी, २ शहरी स्वास्थ्य केन्द्र, ५ सामुदायिक स्वास्थ्य इकाई, १ वटा आँखा उपचार केन्द्र तथा ४ वटा आयुर्वेद सेवा केन्द्र, ५४ वटा प्रसुती सेवा गृह संचालनमा रहेका छन्। ३४.३६ प्रतिहजार जन्मदर भएको दैलेखमा १० प्रतिहजार मृत्युदर, ४८ प्रतिहजार शिशु मृत्युदर र ४.१५ मातृ मृत्युदर रहेको तथ्यांकहरुले देखाउँछन्। दैलेखी जनताको औषत आयु ६३ वर्ष रहेको छ भने डाक्टर जनसंख्या अनुपात १ जना डाक्टर बराबर ७५५५९६ जना जनसंख्या रहेको छ। यसरी न्यून डाक्टर माथी उच्च जनसंख्याको चापले गर्दा पनि यहाँको स्वास्थ्य स्थिति त्यति सन्तोषजनक भने छैन। दैलेख जिल्लामा अति उच्च प्रभाव पार्ने रोगहरुमा निमोनिया, टाईफाइड, पाठेघर खस्ने समस्या, एचआईभी एड्स, झाडापखाला, लगायतका रहेका छन्। सापेक्षिक रुपमा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको निरन्तर पहल र प्रयासले समुदाय र सेवाप्रदायक निकायहरुबीचको सम्बन्ध विस्तार भएको छ।

# भाग -दुई

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य तथा रणनीतिहरु

## २.१ योजनाको आवश्यकता तथा महत्व

दैलेख जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्यमा काम गर्ने विभिन्न सरोकारवालाहरुबीच समन्वय गर्ने महत्वपूर्ण साधनको रुपमा यो योजना रहनेछ । विपद्को अवस्थामा प्रभावकारी मानवीय सहयोग गर्न, सम्भावित विपद्को जोखिम कम गर्न तथा विपद्को अवस्थामा आइपर्ने समस्याहरुलाई समाधान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना आवश्यक पर्दछ । विशेषगरी मानवीय सहयोगको प्रत्याभूति गराउन विपद् जोखिम न्यूनीकरणमा समुदायलाई सहयोग गर्न, प्रतिकार्यमा समान पहुँच पुऱ्याउन, सामाजिक, सांस्कृतिक मर्यादा कायम राख्न, खानेपानी तथा सरसफाइ एवं स्वास्थ्य पोषण प्रवर्द्धन गर्न यस योजनाले मार्ग निर्देशन गर्दछ । त्यसका साथै श्रोतको सही पहिचान तथा परिचालन गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्दछ । यसै आवश्यकतालाई महसुस गर्दै यस जिल्लामा विपद्बाट हुने क्षतिलाई कम गर्न तथा विपद्पछिको मानवीय सहयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउन पूर्वतयारी दस्तावेजका रुपमा यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१ लाई अद्यावधिक गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना चौधौं अद्यावधिक, २०८२ तयार पारिएको हो ।

## २.२ समष्टिगत उद्देश्य

विपद्बाट उत्पन्न मानवीय असरहरू न्यूनीकरण गर्नका लागि जिल्लाको प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै प्रभावितहरूका आधारभूत आवश्यकताहरूलाई समयमा नै प्रभावकारी एवं समन्वयात्मक रुपमा सम्बोधन गराउने कार्यको सुनिश्चितता गर्नु विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना चौधौं अद्यावधिक, २०८२ को समष्टिगत उद्देश्य रहेको छ ।

### २.२.१ निर्दिष्ट उद्देश्य

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तेहौं अद्यावधिक, २०८२ का निर्दिष्ट उद्देश्यहरु यस प्रकार रहेका छन् ।

- जिल्लास्थित जोखिममा रहेका गाउँपालिका तथा नगरपालिकाहरुको संकटाभिमुखता विश्लेषण गरी स्थानीय श्रोत साधन र क्षमताको पहिचान गर्नु ।
- जोखिममा रहेका समुदायको सुरक्षित भविष्यको प्रत्याभूतिको लागि विपद्को सामना गर्न जिल्लाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउनु ।
- विपद् व्यवस्थापनको लागि स्थानीय स्रोत, साधन, ज्ञान र सीपको अधिकतम उपयोग गर्दै प्रतिकार्य तथा पूर्वतयारी योजना अनुसार जिल्लास्थित सम्बन्धित निकाय तथा जोखिममा रहेका समुदायको क्षमता अभिवृद्धि गर्नु ।
- विपद् जोखिम न्यूनीकरण लगायत आपत्कालीन अवस्थामा प्रतिकार्यका गतिविधिहरुमा एकरुपता ल्याउन र उपलब्ध श्रोत तथा साधनको सदुपयोग गरी समन्वयात्मक तथा पारदर्शी तरिकाले समयमा नै विपद्मा परेका व्यक्ति तथा परिवारहरुलाई एकद्धार प्रणाली मार्फत उपलब्ध गराइने मानवीय सहयोगलाई अझ प्रभावकारी बनाउनु ।
- जोखिममा रहेका समुदायलाई तालिम र साधन श्रोत उपलब्ध गराई उत्थानशील समुदायमा रुपान्तरण गर्नु ।
- मानवीय सहयोगका लागि संभावित दुर्घटना हुनुपूर्व नै उपयुक्त तथा पर्याप्त पूर्वतयारी तथा सहयोग योजनाको तर्जुमा गर्नु ।
- प्राकृतिक वा गैरप्राकृतिक विपद्को जोखिमलाई न्यूनीकरण गर्दै विपद्को प्रभावकारी व्यवस्थापन गरी सर्वसाधारणको जीउधन, सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक सम्पदा तथा भौतिक संरचनाको संरक्षण र सम्वर्द्धन गर्नु ।

- जिल्लामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा काम गर्ने संघ संस्था तथा निकायका कार्यहरुलाई एकिकृत गरी पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई सहज र प्रभावकारी बनाउने तथा दोहोरोपना हटाउनु ।
- सबै स्थानीय तहहरुमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको क्षेत्रमा काम गर्न स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गर्नु ।

## २.३ **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा**

यस योजनाका अपेक्षित नतिजा निम्नानुसार छन् :

- विपद् पहिला गर्नुपर्ने आधारभूत जोखिम न्यूनीकरणका कार्य सुनिश्चित हुनेछन् ।
- विपद्का समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सकिनेछ ।
- विपद्का जोखिम कम गर्न सरोकारवाला निकाय, स्थानीय तह र समुदायबीच सहकार्यको अभिवृद्धि हुनेछ ।
- उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति हुनेछ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि भई विपद्को सामनामा एकजुट हुने वातावरण तयार हुनेछ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहिता र उत्तरदायित्वको भावनाको विकास हुनेछ ।
- सङ्कटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्सांकन तयार हुनेछ ।
- जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आकलन हुनेछ ।
- विषयगत क्षेत्रहरुको बाढी, भूकम्प र आगलागीको आकस्मिक योजना निर्माण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।
- विपद् प्रभावितहरुलाई तत्काल उद्धार तथा राहत सेवा पुर्‍याउन सरल उपायहरु अविलम्ब गर्न सजिलो पार्नेछ ।
- जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट समुदाय र केन्द्रबीच द्रुत सूचना स्थापित गरी प्रतिकार्यमा प्रभावकारी हुनेछ ।
- स्थानीय तहमा विपद् सूचना केन्द्र स्थापन भई कार्यान्वयनमा आउने र विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सहज हुनेछ ।
- विपद् जोखिम न्यूनीकरण गर्न सराकोरवालाहरुबीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात् तत्काल प्रतिकार्य गर्न सहज हुनेछ ।

## २.४. **योजनाको सीमा**

यो योजना तर्जुमा गर्दा सहभागितामूलक प्रकृयाबाट गरिएको छ । यस प्रक्रियामा जिल्ला विपद् व्यवस्थापन समितिका सम्पूर्ण सदस्यहरु (राजनीतिक दलका प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रतिनिधिहरु, जिल्लामा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधीहरु, अन्य स्थानीय सामाजिक संघसंस्थाका प्रतिनिधीहरु, अपाङ्गता भएका व्यक्ति तथा संस्थाका प्रतिनिधीहरुको सहभागिता रहेको थियो । तर योजना तर्जुमा गर्दा देखिएका केही सीमाहरु निम्न अनुसार छन् ।

- तथ्याङ्क संकलनको क्रममा विगतका वर्षहरुमा भएका विपद्का घटनाहरु तथा त्यसबाट भएको क्षतिको सम्पूर्ण यथार्थ विवरण प्राप्त गर्न कठिनाइ भएकोले दैलेख जिल्लाका नगरपालिका र गाउँपालिकाहरुको संकटासन्नताको स्तर निर्धारण, पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा, विपद् जोखिम न्यूनीकरणका गतिविधिहरु निर्धारण गर्दा केही लचकता अपनाइएको छ ।

- यस योजना अन्तर्गत निर्धारण गरिएका गतिविधिहरुको कार्यान्वयनका लागि बढी मात्रामा बाहिरी श्रोतको भर पर्नुपर्ने अवस्था देखिन्छ । जसले गर्दा बाह्य श्रोत प्राप्त नभएमा योजनाको कार्यान्वयनमा नकारात्मक असर पर्ने सम्भावना देखिन्छ ।
- योजना तर्जुमा गर्न गठित कार्यटोलीको व्यक्तिगत क्षमता, ज्ञान, उपलब्ध समय, स्रोत साधन, प्रविधि आदिका कारण विश्लेषण क्षमतामा रहेको सीमितताले योजनालाई सीमावद्ध गरेको छ ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्दा अपनाइएका केही प्रक्रियाहरु निम्न अनुसार छन् :

- जिल्लास्थित सबै सरोकारवालाको सहभागिता गराइएको छ ।
- विगत ३ वर्षमा घटेका विपद्का घटनाहरुको प्रभावको विश्लेषण र सबैभन्दा खराब परिस्थितिलाई आधारको रुपमा छनोट गरिएको छ ।
- जिल्लामा कार्यरत क्रियाशिल निकायको क्षेत्रगत रुपमा क्षमता विश्लेषण तथा समुदायको आवश्यकताको आधारमा पूर्वतयारी र प्रतिकार्य योजना निर्धारण गरिएको छ ।
- तर्जुमा भएको योजनाको प्रभावकारी कार्यान्वयनको लागि जिम्मेवारी बाँडफाँड गरिएको छ ।
- विभिन्न चरणमा गोष्ठी, बैठक, सामूहिक छलफलको आयोजना गरी योजनालाई अन्तिम रुप दिइएको छ ।

## २.५ रणनीति

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा यथासम्भव सहभागितामूलक र वास्तविकतामा आधारित रहेर बनाउने प्रयास गरिएको छ । जिल्लामा अवस्थित सम्पूर्ण सरोकारवालाहरूको संलग्नता र प्राप्त सूचना तथा सुझावलाई आधार मान्दै यो योजना विगत पाँच वर्षको अवधिमा जिल्लामा भए गएका बाढी, पहिरो, झाडापखाला लगायतको विपद्बाट परेका प्रभावहरूको विश्लेषणमा आधारित रहेर सबैभन्दा खराब परिस्थितिलाई समेत ध्यानमा राखिएको छ । जिल्लामा क्रियाशिल विभिन्न निकायहरूको क्षमताको विश्लेषणका आधारमा पूर्वतयारी तथा सहयोग कार्यक्रमका लागि भूमिका तथा जिम्मेवारी निर्धारण गरिएको छ । "पूर्वतयारी" तथा "सहयोग कार्यक्रम" सम्बन्धी दुवै योजना आकस्मिक योजनामा उल्लिखित प्रमुख गतिविधिका रुपमा रहेका छन् र योजना तर्जुमा गर्दा यसको कार्यान्वयनमा सहयोग उपलब्ध गराउने उपयुक्त निकायको पहिचान क्षेत्रगत आधारमा गरिएको छ । विगत वर्षको विपद्को अनुभवबाट सिकिएका पाठ तथा सिफारिसहरूलाई हरेक क्षेत्र (Cluster) का लागि आकस्मिक योजना तर्जुमा गर्दा ध्यानमा राखिएको छ ।

जिल्ला आकस्मिक योजना अन्तर्गत जिल्लाको पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी योजनाको व्यवस्थापन जिल्ला विपद् व्यवस्थापन समितिको समष्टिगत समन्वयमा गरिनेछ । हरेक क्षेत्र (Cluster) मा नेतृत्व गर्ने निकायहरुको अगुवाइमा क्षेत्रगत सदस्यहरु (Cluster Member) बीचमा समन्वय गरिएको छ । विपद्को परिस्थितिसँग सम्भावित उठ्न सक्ने सवालहरूलाई सम्बोधन गर्नका निमित्त आफ्नो क्षेत्रको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन समन्वयात्मक रूपमा गर्न ती निकायहरूका सबल पक्ष तथा विशेषज्ञता माथि यथेष्ट ध्यान दिने प्रयास गरिएको छ ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रूप दिइसकेपछि पूर्वतयारी सम्बन्धी कदमहरूमा भएको प्रगतिलाई सुनिश्चित गर्नका निमित्त सो योजनाको समीक्षा गरिनेछ । यसमा क्षेत्रगत सदस्यहरु (Cluster Members) र जिल्ला विपद् व्यवस्थापन समितिले प्रमुख भूमिकाको निर्वाह गर्ने र अन्य सदस्यहरूले यसमा सहयोगका लागि समयमा नै गतिविधिहरू सञ्चालन गर्न मार्गदर्शक दस्तावेजको रूपमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई प्रयोगमा ल्याइनेछ ।

## २.६ योजना कार्यान्वयन रणनीतिहरु

- सबै स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- योजनालाई जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुमोदन गरेर वैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ ।

- आपत्कालीन प्रतिकार्यको लागि गरिने पूर्वतयारी तथा प्रतिकार्यका क्रममा क्षेत्रगत रुपमा रहेका दक्षता, ज्ञान, सीप, विधिको प्रयोगका लागि समन्वयमा जोड दिइनेछ ।
- बिभिन्न कार्यदलका सदस्य तथा स्वयंसेवकहरुको क्षमता तथा दक्षता अभिवृद्धिका साथै आपत्कालीन प्रतिकार्यका लागि विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्यरत सरोकारवाला संघसंस्थाहरुको सहभागितामा जोड दिइनेछ ।
- विपद्को समयमा कार्यदलका तालिम प्राप्त सदस्य तथा स्वयंसेवकहरुलाई परिचालन गरिनेछ ।
- स्थानीय ज्ञान, सीप, विधि, प्रविधि र श्रोत तथा साधनको अधिकतम उपयोग गरी यस योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- आपत्कालीन अवस्थामा प्रतिकार्यका गतिविधिहरुमा एकरुपता ल्याई दोहोरोपना नहुने गरी उपलब्ध श्रोत तथा साधनको सदुपयोग गरेर समन्वयात्मक तथा पारदर्शी तरिकाले समयमा नै विपद्मा परेका व्यक्ति तथा परिवारहरुलाई एकद्धार प्रणाली मार्फत मानवीय सहयोग उपलब्ध गराइनेछ ।
- योजना तयार भई कार्यान्वयनमा आएपछि जिल्ला विपद् व्यवस्थापन समितिबाट कार्यान्वयनको प्रभावकारी अनुगमन तथा मूल्यांकनको व्यवस्था गरिनेछ ।
- योजनाको कार्यान्वयन भए नभएको जिल्ला विपद् व्यवस्थापन समितिबाट नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।
- जिल्लाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले संकटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन तथा समीक्षा गरी अद्यावधिक गरिनेछ ।

## २.७ व्यवस्थापन तथा समन्वयका लागि समष्टिगत व्यवस्था

नेपाल सरकार, संयुक्त राष्ट्रसङ्घीय निकाय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, सञ्चार माध्यमहरु तथा जिल्लाका अन्य साझेदारहरूका बीचमा योजनावद्ध व्यवस्थापन तथा समन्वयका लागि तपसिलका व्यवस्थाहरु गरिएका छन्:

- आपत्कालीन सहयोग कार्यक्रम अन्तर्गत सञ्चालन गरिने सबै गतिविधिहरूको समन्वय गर्ने, विपद्को रोकथाम, न्यूनीकरण, पूर्वतयारी, सहयोग तथा पुनर्लाभ (Recovery) का लागि अन्तिम निकायका रूपमा नेपाल सरकार जिम्मेवार रहनेछ । गृह मन्त्रालय र गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण आपत्कालीन सहयोगका लागि केन्द्रीयस्तरको सम्पर्क निकाय हो र यस कार्यमा गृह मन्त्रालय र प्राधिकरणलाई अन्य सम्बन्धित मन्त्रालयहरूले सहयोग उपलब्ध गराउँदछन् । प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लास्तरमा जिल्ला विपद् व्यवस्थापन समिति, जिल्लाका मानवीय सहयोगका क्षेत्रमा क्रियाशील अन्य निकायहरूको सहभागिताको माध्यमबाट आफ्नो जिल्लामा आपत्कालीन परिस्थितिमा सञ्चालन गरिने गतिविधिहरूका लागि जिम्मेवार रहन्छ ।
- संयुक्त राष्ट्रसङ्घको मानवीय सुधार (Humanitarian Reform) तथा अन्तरनिकाय स्थायी समिति (Inter-agency Standing Committee – IASC) को निर्देशन बमोजिम क्षेत्रगत रूपमा नेतृत्व प्रदान गर्ने निकायहरू (Cluster Lead agencies) ले आफ्ना सम्बन्धित क्षेत्रहरूमा साझेदारहरूका बीचमा गतिविधिहरु सञ्चालन कार्यलाई समन्वयात्मक रूपमा हुने कुरा सुनिश्चित गर्नेछन् । यस जिम्मेवारीको निर्वाह गर्नका निमित्त जिल्लाका सम्बन्धित निकायहरूद्वारा नेतृत्व गरिएको विषयगत क्षेत्र अगुवा तथा सदस्यहरु (Cluster Lead and Members) अन्य सरकारी निकाय, नेपाल रेडक्रस सोसाइटी, संयुक्त राष्ट्रसङ्घीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ तथा सङ्गठन र अन्य मानवीय निकायहरूले सहयोग उपलब्ध गराउनेछन् ।

# भाग -तीन

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रिया

नेपाल सरकार गृह मन्त्रालयबाट तयार गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ ( प्रथम संशोधन, २०७६) अनुसार जिल्ला विपद् व्यवस्थापन समिति दैलेखले यस जिल्लामा पनि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्न विगत वर्षदेखि नै अभ्यास गर्दै आएको छ । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा जिल्लाका सम्पूर्ण सरोकारवालाहरूको संलग्नतामा गरिएको छ । यो योजना तर्जुमा विगत पाँच वर्षको अवधिमा गएका विपद्बाट परेका प्रभावहरूको विश्लेषणमा आधारित छ र योजना तर्जुमाको प्रयोजनका लागि सबैभन्दा खराब परिस्थितिलाई ध्यानमा राखिएको छ । जिल्लामा क्रियाशिल विभिन्न निकायहरूको क्षमता विश्लेषणका आधारमा पूर्वतयारी तथा प्रतिकार्य कार्यक्रमका लागि भूमिका तथा जिम्मेवारी निर्धारण गरिएको छ । "पूर्वतयारी" तथा "प्रतिकार्य कार्यक्रम" सम्बन्धी दुवै योजना आपत्कालीन योजनामा उल्लेखित प्रमुख गतिविधि हुन्छन् र योजना तर्जुमा गर्दा यसको कार्यान्वयनमा सहयोग उपलब्ध गराउने उपयुक्त निकायको पहिचान पनि गरिएको छ । विगतका वर्षको विपद्को अनुभवबाट सिकिएका पाठ तथा सिफारिसहरूलाई हरेक क्षेत्र (Cluster) का लागि आपत्कालीन योजना तर्जुमा गर्दा ध्यानमा राखिएको छ । जिल्ला आपत्कालीन योजना अन्तर्गत जिल्लाको पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी योजनाको व्यवस्थापन जिल्ला विपद् व्यवस्थापन समितिको समष्टिगत समन्वयमा गरिएको छ ।

हरेक क्षेत्र (Cluster) मा नेतृत्व प्रदान गर्ने निकायको अगुवाइमा विषयगत क्षेत्र अगुवा (Cluster Lead) ले सो क्षेत्रमा संलग्न विभिन्न निकायहरूका बीचमा समन्वय गर्ने र जिल्लामा विद्यमान तथा हुनसक्ने प्रकोपको परिस्थितिसँग सम्बन्धित उठ्न सक्ने सवालहरूलाई सम्बोधन गर्नका निमित्त आफ्नो क्षेत्रको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन समन्वयात्मक रूपमा गर्नका लागि ती निकायहरूका सबल पक्ष तथा विशेषज्ञ ज्ञानमाथि ध्यान दिईएको छ । आपत्कालीन योजनालाई अन्तिम रूप दिइसकेपछि पूर्वतयारी सम्बन्धी कदमहरूमा भएको प्रगतिलाई सुनिश्चित गर्नका निमित्त सो योजनाको समिक्षा जिल्ला दैवीप्रकोप उद्दार समितिमा गरी भई लागु गरिएको छ । यसका लागि जिल्लामा विपद् पूर्व तयारी तथा प्रतिकार्यको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी निकाय तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु र संयुक्त राष्ट्रसंघीय निकायहरुसंग विभिन्न चरणहरुमा अघिल्लो बर्षको विपद्को तथ्यांक तथा सम्बन्धित कागजात र नीति नियमावलीहरुमा छलफल गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा अद्यावधिक प्रकृया अपनाईएको थियो ।

# भाग –चार

## प्रकोप, संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण

### ४.१ प्रकोपको पहिचान तथा स्तरीकरण

दैलेख जिल्लामा देखा परिरहने प्रकोपहरुमा पहिरो, बाढी, हुरीबतास, असिना पानी, आगलागी, महामारी, खडेरी, चट्याङ्ग, सडक दुर्घटनाहरु रहेका छन् । यस्ता प्रकोपहरुले गरेको मानवीय र भौतिक क्षतिलाई हेर्दा पहिरोबाट बढी मानवीय क्षति, भौतिक क्षति र जीविकोपार्जनका श्रोतको अत्यधिक क्षति भएको देखिन्छ । हाम्रा अव्यवस्थित विकास निर्माण कार्यले ल्याउन सक्ने विपद्लाई पूर्वबोध गर्न नसक्नाले पनि क्षतिको मात्रालाई बढाई रहेको छ । प्राकतिक श्रोतको अत्यधिक विनास तथा संरक्षण हुन नसक्दा तथा जलवायुमा आएको परिवर्तनले गर्दा खडेरी पनि एउटा मुख्य प्रकोपको रुपमा रहेको अनुभव जिल्लासँग छ । असिनाबाट हरेक वर्ष अन्नबालीको नास हुने गरेको छ भने चट्याङ्गका कारण घाइते तथा ज्यान गुमाउनेहरुको संख्या पनि पछिल्ला वर्षहरुमा बढ्न थालेको छ ।

**(प्रकोप स्तरीकरण)**

| प्रकोपहरु | पहिरो | बाढी | महामारी | आगलागि | खडेरी | हावाहरी | चट्याङ्ग | असिना पानी | सडक दुर्घटना |
|---|---|---|---|---|---|---|---|---|---|
| **पहिरो** | × | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| **बाढी** | × | × | झाडापखाला | आगलागी | खडेरी | बाढी | बाढी | बाढी | बाढी |
| **महामारी** | × | × | × | आगलागी | झाडापखाला | झाडापखाला | झाडापखाला | असिनापानी | झाडापखाला |
| **आगलागी** | × | × | × | × | खडेरी | हावाहुरी | आगलागी | असिनापानी | आगलागी |
| **खडेरी** | × | × | × | × | × | खडेरी | खडेरी | असिनापानी | खडेरी |
| **हावाहरी** | × | × | × | × | × | × | हावाहुरी | असिनापानी | हावाहुरी |
| **चट्याङ्ग** | × | × | × | × | × | × | × | असिनापानी | सडक दुर्घटना |
| **असिनापानी** | × | × | × | × | × | × | × | × | सडक दुर्घटना |
| **सडक दुर्घटना** | × | × | × | × | × | × | × | × | × |
| **जम्मा अंक** | **८** | **२** | **५** | **२** | **४** | **२** | **०** | **५** | **२** |
| **जोखिमस्तर** | **१** | **२** | **३** | **५** | **४** | **५** | **६** | **३** | **५** |

*नोटः १. सबैभन्दा ठूलो असर गर्ने अनुमानको आधारमा भूकम्पलाई मुख्य प्रकोपको रुपमा लिईएको छ । त्यसकारण अन्य प्रकोपसँग भूकम्पको तुलनना गरिएको छैन ।*

*२. जम्मा अंकमा जोडा स्तरीकरणका क्रममा आएको प्रकोपको संख्या तथा स्तरमा प्रकोपले गरेको प्राप्तांकको आधारमा प्राथमिकीकरण गरिएको छ ।*

### ४.२ संकटासन्नता विश्लेषण

दैलेख जिल्लास्थित ४ वटा नगरपालिका र ७ वटा गाउँपालिकाको संकटासन्नता स्तरीकरण तालिका निम्नानुसार छ । विगत वर्षमा घटेका घटनाहरु, त्यसबाट भएको मानवीय तथा भौतिक क्षति तथा प्रकोपको सम्भाव्यता र सम्भावित जोखिममा रहेको जनसंख्यालाई स्तरीकरणको आधार मानिएको छ । अघिल्लो वर्षको योजनामा नसमेटिएका र हरेक वर्ष क्षति पुऱ्याउँदै आएका दुई वटा प्रकोपहरु असिना र चट्याङ्गलाई पनि यो स्तरीकरण तालिकामा जोडिएको छ । दैलेख जिल्लाको विपद्को समग्र रुपमा पछिल्लो ५ वर्षको इतिहास (श्रोत जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिसस, जिशिसईका, डिवका आदि) हेर्दा बाढी पहिरोबाट १५ जनाको मृत्यु तथा हजारौं रोपनी जमिन बगाएको, हजारौ मानिस प्रभावित र सयौ चौपायाहरुको क्षति भएको छ र ६५ जना घाइते, आगलागीबाट ९ जनाको मृत्यु र हुरीबतासबाट १ जनाको मृत्यु भएको

देखिन्छ भने चट्याङका कारण १८ जनाको मृत्यु र बाढी, पहिरो, आगलागी, हुरीबतासका कारण सयौं घर क्षति र झाडापखाला तथा पानीजन्य महामारी रोगबाट ६५ को मृत्यु तथा कोभिड-१९ का कारण ४५ जनाको मृत्यु भएको देखिन्छ। जिल्लाको आकलन अनुसार करिब ४० देखि ६० हजार मानिसहरु भारत लगायत विभिन्न देशहरुमा ज्याला मजदुरी, अध्ययनको शिलशिलामा गएको देखिन्छ। यस आर्थिक वर्षमा करिब १५० मानवीय क्षति हुनसक्ने आकलन गरिएको छ।

| वडाको नाम | गापा/नपा | सम्भावित प्रकोपको प्रकार (निम्न १, मध्यम २, उच्च ३ र अति उच्च ४) | | | | | | | | | | अङ्क भार | संकटासन्नताको स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिरो | बाढी | महामारी | आगलागी | खडेरी | हावाहुरी | चट्याङ्ग | असिना पानी | सडक दुर्घटना | तुषारो | | |
| पगनाथ | भगवतीमाई गाउँपालिका | २ | २ | ० | २ | २ | १ | १ | २ | २ | १ | १.५ | १.६ |
| रुम | | २ | ३ | १ | २ | २ | १ | १ | २ | २ | १ | १.७ | |
| मेहेलतोली | | २ | २ | १ | २ | २ | १ | १ | २ | २ | १ | १.६ | |
| जगनाथ | | २ | २ | १ | २ | २ | १ | १ | २ | २ | १ | १.६ | |
| कट्टी | | ३ | २ | ० | २ | २ | १ | १ | २ | २ | १ | १.६ | |
| कट्टी | | ३ | २ | ० | २ | २ | १ | १ | २ | २ | १ | १.६ | |
| बडाभैरव | | ३ | २ | ० | २ | २ | १ | १ | २ | २ | १ | १.६ | |
| खड्कबाडा | गुराँस गाउँपालिका | ३ | ३ | १ | १ | ० | १ | १ | १ | ३ | १ | १.५ | १.४ |
| खड्कबाडा | | ४ | ३ | १ | १ | १ | १ | १ | १ | ३ | ० | १.६ | |
| सेरी | | १ | ० | १ | १ | ० | १ | १ | २ | १ | १ | ०.९ | |
| बराह | | २ | २ | १ | १ | ० | १ | १ | २ | ४ | १ | १.५ | |
| गोगनपानी | | २ | २ | १ | १ | १ | १ | १ | २ | ३ | २ | १.६ | |
| पिलाडी | | २ | २ | १ | १ | ० | १ | १ | २ | २ | १ | १.३ | |
| लालिकाँडा | | ३ | २ | १ | २ | १ | १ | १ | २ | १ | १ | १.५ | |
| लालिकाँडा | | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | १.३ | |
| बेलपाटा | डुंगेश्वर गाउँपालिका | १ | ३ | १ | १ | १ | १ | १ | २ | ३ | १ | १.५ | १.४५ |
| लांकुरी | | २ | १ | १ | १ | २ | १ | १ | २ | १ | १ | १.३ | |
| अवलपराजुल | | ३ | १ | १ | १ | २ | १ | १ | २ | १ | १ | १.४ | |
| अवलपराजुल | | ३ | २ | १ | १ | २ | १ | १ | २ | १ | १ | १.५ | |
| डाँडापराजुल | | ३ | १ | १ | १ | २ | १ | १ | २ | १ | १ | १.४ | |
| डाँडापराजुल | | १ | ३ | १ | १ | २ | १ | १ | २ | ३ | १ | १.६ | |
| सातला | आठबीस नगरपालिका | २ | ३ | १ | २ | ३ | १ | १ | २ | ३ | १ | १.९ | १.८६ |
| सिंगौडी | | २ | ३ | २ | २ | ३ | १ | १ | १ | २ | १ | १.८ | |
| सिंगौडी | | २ | ३ | २ | १ | ३ | १ | २ | २ | ३ | १ | २ | |
| राकमकर्णाली | | २ | ३ | २ | २ | ३ | २ | १ | २ | ४ | १ | २.२ | |
| पिपलकोट | | ३ | ० | १ | १ | ३ | २ | १ | २ | ४ | २ | १.९ | |
| सिंहासैन | | ३ | ० | २ | २ | २ | २ | १ | २ | १ | १ | १.६ | |
| सिंहासैन | | ३ | ० | ३ | १ | १ | १ | १ | ४ | १ | १ | १.६ | |
| तिलेपाटा | | ४ | २ | १ | ४ | १ | १ | १ | ४ | १ | १ | २ | |
| तिलेपाटा | | ४ | ० | १ | २ | १ | १ | १ | ४ | १ | २ | १.७ | |
| तोली | नौमूले गाउँपालिका | २ | १ | १ | २ | २ | २ | १ | २ | १ | १ | १.५ | १.६३ |
| बालुवाटार | | १ | ३ | ३ | १ | २ | १ | १ | २ | १ | १ | १.६ | |
| द्वारी | | २ | ३ | १ | १ | १ | २ | १ | ३ | १ | १ | १.६ | |
| कालिका | | २ | ३ | २ | १ | १ | १ | २ | ३ | १ | १ | १.७ | |
| नौमूले | | ३ | २ | १ | १ | १ | १ | १ | ३ | १ | १ | १.५ | |
| सल्लेरी | | ३ | ३ | १ | १ | २ | ३ | १ | ३ | १ | १ | १.९ | |
| चौराठा | | १ | १ | १ | २ | ३ | ३ | १ | २ | १ | १ | १.६ | |
| | दुल्लु नगरपालिका | २ | २ | २ | २ | २ | १ | १ | २ | ३ | १ | १.८ | १.४९ |
| | | २ | ० | २ | २ | २ | १ | १ | २ | २ | १ | १.५ | |
| | | २ | २ | २ | २ | २ | १ | १ | २ | ३ | १ | १.८ | |
| | | २ | ० | २ | २ | २ | १ | १ | २ | १ | १ | १.४ | |
| | | २ | ० | २ | २ | २ | १ | १ | २ | १ | १ | १.४ | |
| मालिका | | २ | ० | २ | २ | २ | १ | १ | २ | १ | १ | १.४ | |

| वडाको नाम | गापा/नपा | सम्भावित प्रकोपको प्रकार (निम्न १, मध्यम २, उच्च ३ र अति उच्च ४) | | | | | | | | | | अङ्क भार | संकटासन्नताको स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिरो | बाढी | महामारी | आगलागी | खडेरी | हावाहुरी | चट्याङ्ग | असिना पानी | सडक दुर्घटना | तुषारो | | |
| गौरी | | २ | ० | २ | २ | २ | १ | १ | २ | १ | १ | १.४ | |
| | | २ | ० | २ | २ | २ | १ | १ | २ | १ | १ | १.४ | |
| | | २ | ० | २ | २ | २ | १ | १ | २ | १ | १ | १.४ | |
| | | २ | ० | २ | २ | २ | १ | १ | २ | १ | १ | १.४ | |
| दुल्लू नपा | | २ | २ | २ | २ | २ | १ | १ | २ | १ | १ | १.६ | |
| गमौडी | | २ | ० | २ | २ | २ | १ | १ | २ | १ | १ | १.४ | |
| कालभैरव | | २ | १ | २ | २ | २ | १ | १ | २ | १ | १ | १.५ | |
| नारायण | नारायण नगरपालिका | २ | ० | १ | १ | २ | १ | २ | २ | ३ | १ | १.५ | १.५३ |
| जाहरकोट | | २ | १ | १ | १ | २ | १ | १ | २ | १ | १ | १.३ | |
| भुर्ती | | १ | ० | २ | १ | १ | १ | २ | १ | २ | १ | १.२ | |
| सोत | | २ | ० | १ | १ | २ | २ | २ | २ | १ | १ | १.४ | |
| छातिकोट | | २ | १ | १ | २ | २ | १ | १ | २ | १ | १ | १.४ | |
| नयांगाउ | | २ | ० | २ | २ | २ | १ | २ | २ | १ | १ | १.५ | |
| विजौरा | | २ | २ | १ | ३ | १ | १ | ३ | १ | १ | १ | १.६ | |
| सिमडा | | २ | २ | १ | ३ | २ | २ | १ | २ | १ | १ | १.७ | |
| सांडु | | २ | १ | १ | ३ | २ | १ | १ | २ | २ | १ | १.६ | |
| भवानी | | २ | २ | १ | ३ | ३ | १ | १ | ३ | १ | २ | १.९ | |
| विन्ध्यवासिनी | | २ | ० | १ | १ | २ | २ | ३ | ३ | १ | २ | १.७ | |
| खरिगैरा | महावु गाउँपालिका | ३ | ३ | १ | १ | ३ | १ | २ | ४ | २ | १ | २.१ | १.८५ |
| बडाखोला | | २ | ३ | १ | १ | २ | १ | २ | ४ | १ | १ | १.८ | |
| बाँसी | | १ | १ | १ | १ | १ | १ | २ | ४ | १ | १ | १.४ | |
| काशीकाँध | | २ | १ | १ | १ | १ | ३ | ४ | ४ | २ | ३ | २.२ | |
| | | २ | १ | १ | १ | १ | १ | २ | ४ | १ | ३ | १.७ | |
| रानीवन | | २ | १ | १ | १ | १ | १ | ४ | ४ | १ | ३ | १.९ | |
| रावतकोट | भैरवी गाउँपालिका | २ | २ | २ | १ | १ | १ | १ | २ | २ | १ | १.५ | १.५७ |
| रावतकोट | | १ | १ | २ | १ | २ | १ | १ | २ | २ | १ | १.४ | |
| | | २ | २ | १ | १ | १ | १ | १ | २ | १ | १ | १.३ | |
| भैरी | | २ | २ | २ | १ | २ | १ | २ | २ | २ | १ | १.७ | |
| भैरी | | २ | १ | २ | २ | २ | १ | २ | २ | २ | १ | १.७ | |
| कुशापानी | | १ | १ | १ | २ | १ | १ | १ | ३ | १ | २ | १.४ | |
| कुशापानी | | २ | २ | २ | २ | २ | १ | २ | ३ | २ | २ | २ | |
| | चामुण्डाविन्द्रासैनी नपा | २ | २ | १ | १ | १ | १ | १ | २ | २ | १ | १.४ | १.३३ |
| | | २ | ० | १ | १ | १ | १ | १ | २ | २ | १ | १.२ | |
| | | २ | ० | १ | १ | १ | १ | १ | २ | २ | १ | १.२ | |
| | | २ | २ | १ | १ | २ | १ | १ | २ | २ | १ | १.५ | |
| | | २ | ० | १ | १ | २ | १ | १ | २ | २ | १ | १.३ | |
| | | २ | २ | १ | १ | २ | १ | १ | २ | २ | १ | १.५ | |
| जम्बुकाँध | | २ | ० | १ | १ | २ | १ | १ | २ | २ | १ | १.३ | |
| चामुण्डा | | २ | ० | १ | १ | २ | १ | १ | २ | २ | १ | १.३ | |
| लयाटी विन्द्रयासिनी | | २ | ० | १ | १ | २ | १ | १ | २ | २ | १ | १.३ | |
| | ठाटीकाँध गाउँपालिका | २ | २ | १ | १ | १ | ३ | १ | २ | १ | ० | १.४ | १.५५ |
| लकान्द्र | | ३ | २ | १ | १ | १ | ३ | १ | २ | १ | २ | १.७ | |
| | | ३ | २ | १ | १ | १ | २ | १ | २ | १ | २ | १.६ | |
| बिसाला | | ३ | २ | १ | १ | १ | २ | १ | २ | १ | २ | १.६ | |
| | | ३ | १ | १ | १ | १ | २ | १ | २ | १ | १ | १.४ | |
| तोलीजैसी | | २ | २ | १ | १ | १ | ३ | १ | २ | १ | २ | १.६ | |

विगतमा जस्तै यस वर्ष पनि जिल्ला विपद् व्यवस्थापन समितिको अगुवाईमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरिएको छ । विगतका वर्षहरुमा विपद्हरुबाट भएको मानवीय क्षति, प्रभावित परिवारको सङ्ख्या, घरको क्षति, बालीनाली तथा पशुधनमा पुगेको आर्थिक क्षति र नदी कटानबाट भएका क्षति, मानवीय क्षति तथा हुन सक्ने सम्भाव्य क्षतिलाई आंकलन गरी जिल्लाका नगरपालिका र गाउँपालिकाहरूको सङ्कटासन्नता वर्गीकरण गरिएको छ र यसै वर्गीकरणको नतिजालाई आधार मानी यो योजना तयार गरिएको छ ।

## ४.३ क्षमता विश्लेषण

दैलेख जिल्लामा जोखिमको तह र मात्रा बढी देखिएको भए तापनि विगत वर्षहरुमा खासै उल्लेखनीय प्रयासहरु नभएको कारण समुदाय र जिल्लाको क्षमतामा उल्लेख्य वृद्धि नभएको अनुभव गरिएको छ । श्रोत साधनको भण्डारण तथा पूर्वतयारीमा खासै प्रगति नभएको तथा विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धिमा सरोकारवालाहरु लगायत स्थानीय समुदायहरुको विपद्सँग सामना गर्ने क्षमताको विकास भएको छैन । विपद्को समयमा मानव जीवनको बचाउका लागि चाहिने आश्यक ज्ञान तथा सीप समुदायका स्वयंसेवकहरुलाई दिइनुका साथै अत्यावश्यक उपकरण, औजार, सामग्रीहरु जिल्ला तहमा भएको तर सबैभन्दा बढी जोखिम भएका क्षेत्रहरुमा पर्याप्त मात्रामा नभएको अवस्था छ । दैलेख जिल्लाको स्थानीय तहदेखि जिल्लासम्म भएका क्षमता तथा अभावलाई तलको तालिकामा देखाइएको छ ।

**(जिल्लास्तरिय क्षमता विश्लेषण)**

| क्र.सं. | विषयगत क्षेत्र (Cluster) | विवरण | स्थान | अभाव |
|---|---|---|---|---|
| १ | समन्वय तथा सूचना व्यवस्थापन (Coordination and Information Management) | जिल्लामा एक वटा आपत्कालीन कार्यसंचालन केन्द्र (DEOC) स्थापना भएको | जिल्ला प्रशासन कार्यालय | DEOC स्थापना भैसकेको तर पर्याप्त स्रोत साधनका अभावमा Stadard operating Procedures (SOP) कार्य संचालन विधि बमोजिम DEOC प्रभावकारी हुन नसकेको । स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रहरुलाई सुदृढ बनाउनु आवश्यक छ । |
| | | क्षतिको विवरण संकलन तथा सुरक्षा व्यवस्थापनका लागि संचारका साधनसहित जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र प्रहरी चौकीहरु रहेका | जिल्ला सदरमुकाम तथा विभिन्न नगरपालिका तथा गाउँपालिकाहरुमा रहेका इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीहरु | |
| | | आपत्कालीन अवस्थामा क्षति तथा आवश्यकता पहिचान र राहत वितरणका लागि १४ वटा रेडक्रस उपशाखाहरु, २ वटा सामुदायमा आधारित विपद् व्यवस्थापन समितिहरुको सञ्जाल तथा ९ वटा स्थानीय समितिहरु रहेका । | जिल्लाका सदरमुकाम, लगायत सल्लेरी, गोगनपानी, पिलाडी, अवलपराजुल, बेलपाटा, गौरी, दुल्लु, सिंहासैन, सिंगौडी, बांसी, रावतकोट, बडाखोला, नारायण नपा र जिल्ला समन्वय समितिमा | उद्धार तथा राहत सामग्रीहरुको अभाव |
| | | स्थानीय पत्रपत्रिकाहरु | जिल्ला, सबै स्थानीय तहहरु | सबै नपा तथा गापा सम्म पुऱ्याउन नसकिएको |
| | | टेलिफोन लाइनहरु, मोबाइलहरु भएको | जिल्ला, सबै स्थानीय तहहरु | आपत्कालीन अवस्थामा टेलिफोन लाइनहरुमा दूर |

| क्र.सं. | विषयगत क्षेत्र (Cluster) | विवरण | स्थान | अभाव |
|---|---|---|---|---|
| | | | | संचार प्रणालीमा हुने गडबढीका कारण मोबाइलहरुले काम नगर्दा समस्या पर्ने गरेको वैकल्पिक साधन तथा उपकरण पर्याप्त नभएको |
| २ | खोज तथा उद्धार (Search and Rescue) | खोज तथा उद्धारका लागि तालिम प्राप्त जनशक्ति नेपाली सेना, स.प्र.बल, नेपाल र नेपाल प्रहरी र स्वयंसेवकहरु नेरेसो २० जना, सोसेक नेपालमा १० जना, राष्ट्रिय सेवा दल १०० जना | सुरक्षा निकायहरु, नेरेसो, पहल कार्यक्रम तथा गाउँपालिका र नगरपालिकाका समुदायहरु, स्थानीय विपद् व्यवस्थापन समितिहरु, समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरु | प्रकोप प्रभावित स्थानको अवस्थिति र प्रकोपको किसिमको आधारमा खोज तथा उद्धार कार्यमा समुदाय र सुरक्षा निकायबीच प्रभावकारी समन्वयको आवश्यकता देखिएको । |
| | | प्राथमिक उपचारको सामग्रीहरु | स्वास्थ्य केन्द्रहरु, नेरेसो तथा स्थानीय तहहरुका विभिन्न समुदायहरु, | खर्च भएर गएका सामग्रीहरुको पूर्ति गर्न समुदायहरुसँग छुट्टै कोषको व्यवस्था नहुनु । |
| | | खोज तथा उद्धार सामग्री | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, सुरक्षा निकायहरु, नेरेसो तथा र जोखिमयुक्त नपा/गा.पा.का विभिन्न समुदायहरु | खोज तथा उद्धार सामग्रीहरुको व्यवस्थापन योजना (Management Plan) तथा शवबाहन पर्याप्त नभएको |
| | | एम्बुलेन्सहरु (१३ वटा) | स्थानीय तहहरु, जिल्ला अस्पताल, स्वास्थ्य चौकी, सोसेक नेपाल, शुभलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था गरी जम्मा १३ वटा | आपत्कालीन अवस्थामा निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न कोषको व्यवस्था नभएको |
| ३ | खाद्य तथा गोदाम व्यवस्थापन (Food & Store) | आपत्कालीन अवस्थाका लागि आवश्यक खाद्य सामग्रीहरु स्थानीय बजारमा उपलब्ध हुन सक्ने | जिल्लास्तरमा, पालिकास्तरमा | सहज रुपमा यातायात संचालन हुने स्थानहरुमा खाद्य सामाग्रीहरु भण्डारण गर्न सकिने । अन्यत्र स्थानमा नसकिने |
| | | जीविकोपार्जनका विभिन्न गतिविधिहरु नियमित रुपमा सरकारी तथा गैरसरकारी निकायहरु मार्फत संचालन हुन सक्ने क्षमता भएको | जिल्ला तथा स्थानीय तह स्तरमा, विभिन्न गैरसरकारी संस्थाहरु | आवश्यकता अनुसार दिगो रुपमा संचालन हुन नसकेको |
| ४ | आवास तथा गैर खाद्य सामग्री (Shelter/ Non Food Items) | नियमित कार्यक्रमतर्फ खाद्य सामग्री भण्डारणका लागि १ वटा Rub Hall भएको | जिल्ला समन्वय समिति नेरेसो | आपत्कालीन अवस्थामा खाद्य सामग्री भण्डारणका लागि भण्डारण गृह पर्याप्त नभएको |
| | | जिल्ला विपद् व्यवस्थापन समितिमा २५ परिवारका लागि | जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस | ठूलो खालको विपद्को अवस्थामा प्रभावित |

<table>
<tr><th>क्र.सं.</th><th>विषयगत क्षेत्र (Cluster)</th><th>विवरण</th><th>स्थान</th><th>अभाव</th></tr>
<tr><td rowspan="3"></td><td rowspan="3"></td><td>खाद्य तथा गैर खाद्य राहत सामग्री तथा जिल्लामा २५ परिवारका लागि खाद्य तथा गैर खाद्य राहत भण्डारण २५ सेट सामग्री</td><td>सोसाइटी</td><td>परिवारको आवश्यकता अनुसार सामग्रीको अभाव</td></tr>
<tr><td>प्रायजसो सबै सुरक्षित स्थानमा रहेका विद्यालयहरु, आपत्कालीन आश्रय तथा क्वारेन्टाइन र आइसोलेसन स्थलका रुपमा प्रयोग गर्न सकिने साथै हेलिप्याडको रुपमा पनि प्रयोग गर्न सकिनेछ ।</td><td>नेपाली सेना (नारायण र दुल्लु) को ब्यारेक क्षेत्र, मावि त्रिभुवन, मावि बसन्तमाला, मावि भगवती, विजया मावि, द्रोणाचल क्याम्पस, नारायण क्याम्पस, आठबीस शिक्षा क्याम्पस, चामुण्डा कलेज, कोटदेवल शिक्षा क्याम्पस, जनज्योति मावि, दिप मावि, गणेश मावि, कालिका मावि, कालिका मावि तिलेपाटा, कृष्ण मावि लकान्द्र, सरस्वती मावि सिंगौडी, भैरव मावि, गिर्खानी मावि, नेपाली सेनाको हेलिप्याडलाई प्रयोग गर्न सकिने ।</td><td>आपत्कालीन आवासका लागि सीमित मात्रामा त्रिपालहरुको व्यवस्था भएको, खुला स्थानहरु तोकिएको</td></tr>
<tr><td>स्थानीय विपद् व्यवस्थापन कोषको व्यवस्था</td><td>सबै स्थानीय तह तथा केही समुदायहरु</td><td></td></tr>
<tr><td rowspan="4">५</td><td rowspan="4">खानेपानी तथा सरसफाइ (WASH)</td><td>जिल्लाको District Sanitation Strategic Plan भएको</td><td>जिल्लामा</td><td>प्रभावकारी कार्यान्वयनको कमी</td></tr>
<tr><td>सबै वडाहरुमा खानेपानी, सरसफाइ र स्वच्छता समन्वय समिति गठन भएको</td><td>गाउँपालिका तथा नगरपालिकाहरु</td><td>RM/M-WASH-CC लाई स्थानीय तहमा गठन गर्नुपर्ने</td></tr>
<tr><td>Quick Response Team (QRT) गठन भएको</td><td>जिल्लामा</td><td>आवश्यक तालिम संचालन गर्नुपर्ने, सबै स्थानीय तहमा पनि गठन गर्नुपर्ने</td></tr>
<tr><td>खानेपानी, सरसफाइ र स्वच्छताका लागि सामग्रीहरुको भण्डारण</td><td>जिल्लामा</td><td>स्थानीय तहमा पनि भण्डारण गर्नुपर्ने</td></tr>
<tr><td rowspan="2">६</td><td rowspan="2">आपत्कालीन शिक्षा (Emergency Education)</td><td>सबै समुदायमा विद्यालय र सबै स्थानीय तहहरु शिक्षा शाखा भएकोले श्रोत व्यक्ति तथा शिक्षकहरुलाई आपत्कालीन अवस्थामा परिचालन गर्न सकिने</td><td>स्थानीय तहहरु</td><td>शिक्षकहरुलाई विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि तालिमको आवश्यकता</td></tr>
<tr><td>शिक्षकहरुद्धारा आपत्कालीन शिक्षाका लागि तालिम प्रदान गरी संचालन गर्न सकिने</td><td>स्थानीय तहहरु</td><td></td></tr>
</table>

| क्र.सं. | विषयगत क्षेत्र (Cluster) | विवरण | स्थान | अभाव |
|---|---|---|---|---|
| | | विद्यालयहरुमा विपद् व्यवस्थापन सम्बन्धी कक्षा संचालनमा रहेका | विभिन्न स्थानीय तहहरु | सबै स्थानीय तहहरु र निजी तथा सामुदायिक विद्यालयहरुमा समेत विपद् व्यवस्थापन सम्बन्धी कक्षा संचालनमा ल्याउनुपर्ने |
| | | केही विद्यालयहरुमा विपद् व्यवस्थापनका लागि कार्ययोजना तयार पारिएको | जिल्लाका ७९ वटा विद्यालयहरु | बाँकी निजी तथा सामुदायिक विद्यालयहरुमा समेत विपद् व्यवस्थापनका लागि कार्ययोजना बनाउन पहल गर्नुपर्ने |
| ७ | स्वास्थ्य तथा पोषण (Health and Nutrition) | स्वास्थ्य  क्षेत्रको आपत्कालीन योजना तयार भएको | जिल्ला तथा सबै स्थानीय तहहरु | सबै स्थानीय तहहरुको योजना आवश्यक भएको |
| | | आपत्कालीन अवस्थाका लागि औषधी तयारी अवस्थामा राखिएका | जिल्ला अस्पताल, स्वास्थ्य चौकी, स्थानीय तह | |
| | | जिल्ला अस्पताल, जिल्ला आयुर्वेद अस्पताल, स्वास्थ्य चौकीहहरु, आयुर्वेद केन्द्रहरु भएको । | जिल्ला सदरमुकाम तथा सबै स्थानीय तहहरु | |
| | | QRT/RRT गठन | जिल्ला सदरमुकाम तथा सबै स्थानीय तहहरु | जिल्लामा RRT र  स्थानीय तहस्तरिय QRT आवश्यक भएको |
| | | महिला स्वास्थ्य स्वयंसेविकाहरुको सञ्जाल भएको | स्थानीय तहहरु | विपद् प्रतिकार्यमा परिचालन गर्न तालिममा आवश्यकता |
| | | आपत्कालीन कोषको व्यवस्था भएको | जिल्ला स्वास्थ्य कार्यालय | स्थानीय तहमा पनि हुनुपर्ने |
| ८ | संरक्षण (Protection) | पाठ्यपुस्तक, शैक्षिक सामग्रीहरु, शिक्षा क्षेत्रका सदस्यहरुसँग समन्वय गरी पोषण खाजा आदि आवश्यक सामग्री व्यवस्थापन तथा भण्डारण भएको | शिक्षा विकास तथा समन्वय इकाई | |
| | | जिल्लामा अल्पकालीन आवास गृह संचालनमा रहेको तर लैंगिकतामा आधारित हिंसा (Gender Based Violence-GBV) बाट प्रभावित हुन सक्ने व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा तालिम प्राप्त जनशक्ति पर्याप्त नरहेको । परामर्शकर्ता उपलब्ध गराउन सकिने | स्थानीय तहको महिला तथा बालबालिका शाखा, महिला मानव अधिकार रक्षक सञ्जाल, सोसेक, सेभ द चिल्ड्रेन, एभरेष्ट क्लब | मनोसामाजिक परामर्श सेवा तालिम प्राप्त व्यक्ति थप संख्यामा बढाउनु पर्ने । |
| | | जिल्ला लैंगिकतामा आधारित रणनीतिक योजना तयार भएको र सोमा समेत आपत्कालीन | सबै स्थानीय तहका महिला तथा बालबालिका शाखा | |

| क्र.सं. | विषयगत क्षेत्र (Cluster) | विवरण | स्थान | अभाव |
|---|---|---|---|---|
| | | अवस्थामा यौन तथा लैंगिकतामा आधारित हिंसाको लागि योजना तथा कार्यक्रम समावेश भएको | | |
| | | परामर्शकर्ता उपलब्ध गराउन सकिने | सोसेक नेपाल, महिला सञ्जाल, ओसीएमसी | |
| | | यौन तथा लैगिकतामा आधारित हिंसाबाट प्रभावितलाई सिप तथा आयआर्जन तालिमको व्यवस्था | सबै स्थानीय तहका महिला तथा बालबालिका शाखा | |
| | | लैङ्गिक हिंसा निवारण कोषबाट राहत वितरण | सबै स्थानीय तहका महिला तथा बालबालिका शाखा | |
| ९ | सर्वेक्षण तथा अभिलेख (Assessment & Documentation) | विभिन्न विषयगत निकायहरुबाट अभिलेखीकरण गर्ने गरिएको | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय तह, वन डिभिजन कार्यालय, कृषि कार्यालय, पशु स्वास्थ्य अस्पताल | अभिलेखीकरणहरु पर्याप्त नभएकाले सो सम्बन्धी क्षमता अभिवृद्धि गर्नुपर्ने । सम्बन्धित निकायहरुबाट आएका तथ्यांकहरुलाई एकै ठाउँमा अभिलेखीकरण गर्नुपर्ने |
| | | आपत्कालीन अवस्थामा मानवीय सहयोगको लागि वास्तविक प्रभावितहरु तथा क्षतिको सर्वेक्षण गर्न सकिने | स्थानीय तह, जि.प्र.का. | सर्वेक्षण तथा अभिलेखमा एकरुपता ल्याउनु पर्ने । |
| १० | पुन:स्थापना तथा पुन:निर्माण (Rehabilitation & Reconstruction) | आपत्कालीन अवस्थामा प्रभावित परिवारहरुलाई मानवीय सहयोग गर्न स्थानीय तहहरुमा कोषको व्यवस्था भएको | स्थानीय तहहरु | |
| | | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने यातायातका साधनहरु विभिन्न कार्यालयहरुमा रहेको | जिल्लामा | आपत्कालीन अवस्थामा राहत सामग्री ढुवानीको लागि साधन आवश्यक भएपनि हाल कुनै निकायमा नभएको |
| | | जिल्लामा आपत्कालीन अवस्थाको लागि हेभी इक्युपमेन्टहरु विभिन्न निर्माण व्यवसायीसँग रहेको जसमा ८ स्क्याभेटर र २ वटा भ्याकुलोडर रहेका | नारायण नगरपालिका, गुराँस गापा, भगवतीमाई गापा तथा दुल्लु, आठबिस नपामा गरी ६ वटा जेसिवी मेशिन र १ वटा दमकल रहेको | |
| | | स्थानीय, कांक्रेविहार, ज्वाला यातायातसँग भएका यातायातका साधनहरु प्रयोग गर्न सकिने अवस्था भएको | | अन्य यातायात व्यवसायीसँग समन्वय गरी जिल्लामा आपत्कालीन अवस्थामा परिचालन गर्ने व्यवस्था सिर्जना गर्ने । |
| | | विपद् प्रतिकार्यका लागि खटिने स्वयंसेवकहरुका लागि आवश्यक | | पर्याप्त मात्रामा साधन श्रोतको अभाव रहेको |

| क्र.सं. | विषयगत क्षेत्र (Cluster) | विवरण | स्थान | अभाव |
|---|---|---|---|---|
| | | पर्ने केही व्यवस्थापकीय सामग्रीहरु भएका | | |
| | | जिल्लामा रहेका विपद् प्रतिकार्यका लागि खटिने स्वयंसेवकहरुका लागि आवश्यक पर्ने केही व्यवस्थापकीय सामग्रीहरु भएको | | पर्याप्त मात्रामा साधन श्रोतको अभाव रहेको |

दैलेख जिल्लाका ११ पालिकामध्ये समग्र प्रकोपका आधारमा ३ पालिकाहरु (आठबिस नगरपालिका १.८६, महाबु १.८५ र नौमूले गाउँपालिका १.६३) अंकभारका आधारमा उच्च जोखिममा रहेका छन् भने अन्य ८ पालिकाहरु निम्न र मध्यम जोखिम क्षेत्रका रुपमा रहेका छन् ।

**पालिकाहरुको प्रकोप जोखिम विश्लेषणको अवस्थाः**

| सि.नं. | गाउँ/नगरपालिका | संकटासन्नताको स्तर | जोखिमको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | भगवतीमाई गाउँपालिका | १.६० | मध्यम | |
| २ | गुराँस गाउँपालिका | १.४० | न्यून | |
| ३ | डुंगेश्वर गाउँपालिका | १.४५ | मध्यम | |
| ४ | आठबीस नगरपालिका | १.८६ | उच्च | |
| ५ | नौमूले गाउँपालिका | १.६३ | मध्यम | |
| ६ | दुल्लु नगरपालिका | १.४९ | मध्यम | |
| ७ | नारायण नगरपालिका | १.५३ | मध्यम | |
| ८ | महावु गाउँपालिका | १.८५ | उच्च | |
| ९ | भैरवी गाउँपालिका | १.५७ | मध्यम | |
| १० | चामुण्डाविन्द्रासैनी नपा | १.३३ | न्यून | |
| ११ | ठाटीकाँध गाउँपालिका | १.५५ | मध्यम | |

## ४.४ अघिल्लो वर्षमा दैलेख जिल्लामा भएको क्षतिको विवरण

| सि.नं. | गाउँ/नगरपालिका | गत वर्ष विपद्बाट भएको क्षति विवरण | कैफियत |
|---|---|---|---|
| १ | नारायण नगरपालिका | पहिरोले ३ घर भत्किएको र करिब रु. २० लाख बराबरको क्षति, आगलागीबाट ४ घर जलेको करिब रु. ७ लाख ५१ हजार बराबरको क्षति, हावाहुरीबाट १२ विद्यालयको छाना उडाएको करिब रु. १३ लाख बराबरको क्षति भएको । | |
| २ | दुल्लु नगरपालिका | पहिरोले ७ वटा घर भत्किएको रु. ८ लाख ६१ हजार बराबरको क्षति, आगलागीले ४ घर जलेको रु. २ लाख १५ हजार बराबरको क्षति, हावाहुरीले ९ वटा विद्यालयको छाना उडाएको रु. ४५ लाख बराबरको क्षति, असिनापानीले तरकारी, फलफूल र अन्नबाली गरी रु. १६ लाख ५२ हजार बराबरको क्षति भएको । | |
| ३ | चामुण्डाबिन्द्रासैनी नगरपालिका | पहिरोले १ जनाको मृत्यु र रु. ५० लाख बराबरको भौतिक सम्पत्ति क्षति, बाढीका कारण ५५ घर जोखिम तथा रु. ८ करोड बराबरको क्षती, खडेरीबाट करिब रु. ३ करोड बराबरको खेतिबालीमा क्षति भएको छ । | |
| ४ | आठबिस नगरपालिका | पहिरोबाट ११ घर भत्किएको ३ पशुचौपाय मरेका र अन्दाजी रु. १२ लाख बराबरको क्षति भएको, असिनापानीले अन्नबाली, | |

| | | | |
|---|---|---|---|
| | | फलफूल र तरकारी गरी कुल रु. १५ लाख ८१ हजार बराबर क्षति भएको, सडक दुर्घटनामा ५ जनाको मृत्यु भएको । | |
| ५ | नौमूले गाउँपालिका | भुकम्पका कारण ७५ घरमा क्षति, असिनापानी तथा हावाहुरीले वडा नं. ५, ६ र ७ मा अन्नबाली, फलफूल र तरकारीमा करिब रु. १ करोड बराबरको क्षति, पहिरोका कारण २६ घरधुरी विस्थापित हुने सम्भावना रहेको, वडा नं. १ देखि ७ सम्मका अधिकांश बस्तीहरुमा खाद्यान्न संकट देखापरेको । | |
| ६ | भगवतीमाई गाउँपालिका | भूकम्पका कारण ४५ घरमा क्षति, पहिरोले १७ घर क्षति करिब रु. १ करोड १० लाख बराबरको क्षति भएको, २५ पशुचौपायको मृत्यु, आगलागीबाट करिब रु. ५० हजार बराबरको क्षति, हावाहुरी तथा चट्याङ्गबाट करिब रु. १ लाख बराबरको क्षति, असिना पानीबाट करिब रु. ५ लाख बराबर तरकारी तथा अन्नबालिमा क्षति भएको । | |
| ७ | डुंगेश्वर गाउँपालिका | वर्षा तथा पहिरोले २ वटा सरकारी भवन, ३६ वटा निजी भवनमा क्षति र २ वटा पशुचौपायको मृत्यु भएको । | |
| ८ | गुराँस गाउँपालिका | भूकम्पका कारण ४ वटा घर पूर्ण क्षति, २२ विद्यालय चर्केको, करेण्ट लागेर २ जना घाईते भएको । | |
| ९ | महाबु गाउँपालिका | बाढीबाट करिब रु. ३ करोड, खडेरीका कारण करिब रु. १ करोड, हावाहुरी तथा असिना पानीको प्रकोपका कारण करिब रु. ३ करोड ५० लाख बराबरको भौतिक सम्पत्तिसहित अन्नबाली नष्ट भएको छ । | |
| १० | भैरवी गाउँपालिका | विपद्का कारण मृत्यु ३ जना, घाइते ४ जना, प्रभावित घर ५२, हावाहुरीका कारण २९ घर, ३ वटा विद्यालय र १ वटा स्वास्थ्य चौकीको छानो उडाएको, १३ वटा पशुचौपाय मरेको । | |
| ११ | ठाटिकाँध गाउँपालिका | हावाहुरी र वर्षाका कारण ६१ विद्यालय भवनमा क्षति, २२० निजी घरमा क्षति, भूकम्पका कारण १४५ निजी घर चर्केको, आगलागीका कारण ५ वटा घरमा क्षति, २ वटा भैंसी र ६ वटा बाख्रा मरेको । | |

## ४.५ जोखिम विश्लेषण

दैलेख जिल्लामा विगतका ५ वर्षमा विपद्बाट भएको जनधनको क्षति, खेतीपाती, घरबार, धनसम्पत्ति र अन्य भौतिक संरचनाको विनाश, पशुचौपायाको क्षति, बाढीबाट प्रभावित क्षेत्र तथा जनसङ्ख्या, उपलब्ध स्रोत साधन र क्षमताको विश्लेषणको आधारमा तपसिलको नतिजा निकालिएको छ, जसले आपत्कालीन योजना तयारी गर्न आवश्यक पर्ने परिस्थितिको निर्धारण गर्न सहयोग गरेको छ ।

(१) उच्च जोखिममा रहेका नगरपालिका तथा गाउँपालिकाका साथै अन्य नगरपालिका र गाउँपालिकामा प्रतिवर्ष २७३१५ परिवार (१५०२३२ जनसंख्या) प्रभावित हुने गरेको, १०५ परिवार (५९० जनसंख्या) विस्थापित हुने गरेको, प्रकोपबाट सरदरमा हरेक वर्ष १३ जना र रोगको महामारीबाट ४९ जनाको मृत्यु हुने गरेको अवस्था छ ।

(२) घरपालुवा जनावर, बालीनाली तथा अन्य सम्पत्ति गरी प्रति गाउँपालिका वर्षेनी रु. १३ करोड ६५ लाख मूल्य बराबरको क्षति हुने गरेको छ ।

(३) विपद् प्रभावित क्षेत्रमा वर्षेनि प्रति गाउँपालिका/नगरपालिका २ देखि १० भवनहरु पूर्ण रुपमा क्षति हुने गरेको, ७७ भवनहरु मर्मत संभार हुन सक्ने गरी आशिंक रुपमा भत्केको अवस्था छ ।

(४) ३०५ वटा जति पानीका मूल तथा संरचनाहरु पूर्णरुपमा र आशिंकरुपमा क्षति भएकाले खानेपानी लगभग १ हप्तासम्मको लागि प्रभावित हुने गरेको ।

(५) यस वर्षको असिना वर्षाले जिल्लाका ३ गाउँपालिकाको जम्मा १५४५१ घरधुरीको ३००७ हेक्टर जमिनको रु. १११६०६५० बराबरको क्षति गरेको छ ।

(६) विभिन्न स्थानहरुमा पहिरोका कारण सडक अवरुद्ध भई पारिवारिक रुपमा खाना पकाउनका लागि इन्धनको अभाव हुने गरेको छ ।

(७) विस्थापित करिब १००० जना (२०० परिवार) लाई स्थानीय विद्यालय तथा सामुदायिक भवनहरुमा व्यवस्थापन गर्न सकिने (Sphere Standard) अनुसार ३.५ वर्गमिटर अवस्था छ ।

(८) सदरदर वार्षिक हावाहुरीका कारण ३५ देखि ५० विद्यालयका छानाहरु उडाउने गरेको र विद्यालयहरुका फर्निचर तथा पठनपाठनका सामग्रीहरु आशिंक रुपमा क्षति भएको, पठनपाठन कार्य बढीमा महिना दिनसम्म अवरुद्ध हुने गरेको छ ।

(९) विपद्को समयमा बालबालिका, महिला, जेष्ठ नागरिक, असक्त तथा अपाङ्ग उपर संरक्षणका सवालहरुमा समस्या हुने गरेको छ ।

(१०) विपद्को समयमा स्थानीय बजारमा मानिसहरुको पहुँच आशिंक रुपमा मात्र हुने गरेको छ ।

यसै सन्दर्भमा वितेका ५ वर्षमा विपद्बाट भएको जनधनको क्षति, खेतीपाती, घरबार, धनसम्पत्ति र अन्य भौतिक संरचनाको विनाश, पशुचौपायाको क्षति, बाढीबाट प्रभावित क्षेत्र तथा जनसङ्ख्या, उपलब्ध स्रोत साधन र क्षमताको विश्लेषणको आधारमा तपशिलको नतिजा निकालिएको छ, जसले आपत्कालीन योजना तयारी गर्न आवश्यक पर्ने परिस्थितिको निर्धारण गर्न सहयोग गरेको छ ।

| न्यूनतम पूर्वतयारीका लागि अन्दाजी जनसंख्या | जनसंख्याको प्रतिशत | प्रभावित कुल जनसंख्या | | | विस्थापित कुल जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रभावित कुल जनसंख्या | | ७३६५९ | ७६६६४ | १५०३२३ | १५६० | २१३० | ३६९० |
| परिवार संख्या (५४५९४ घर परिवार) | सरदर ४.६१ जना | | | | | | |
| प्रजननयोग्य उमेरका संख्या | ४२ प्रतिशत | ५०८५ | ११२२९ | १६३१४ | ८३३ | १३१३ | २१४६ |
| जेष्ठ नागरिक (६० वर्षभन्दा बढी उमेरको जनसंख्या) | १७ प्रतिशत | २८८६ | ३८२८ | ६७१४ | ४७३ | ४८० | ९५३ |
| १९ वर्षसम्मका बालबालिकाको संख्या | १९ प्रतिशत | २३३७ | ४५९४ | ६९३१ | ३८३ | ५१० | ८९३ |
| १० देखि १९ वर्षका किशोरकिशोरीको संख्या | २२ प्रतिशत | ३४३६ | ५८७० | ९३०६ | ५६३ | ६८० | १२४३ |
| गर्भवती अपांग महिलाको संख्या | ३ प्रतिशत | | ३७९ | ३७९ | | १३२ | १३२ |
| तीव्र सामाजिक तिरस्कारको अनुभव गरिरहेका व्यक्ति (दलित) को संख्या | १० प्रतिशत | ११५५ | १४७० | २६२५ | ४६२ | ५८८ | १०५० |
| एकदमै गरिब व्यक्तिको संख्या | ४० प्रतिशत | ५४९७ | १०२०८ | १५७०५ | ७२ | ४८ | १२० |
| असन्तुलन भएका व्यक्तिको संख्या | ३ प्रतिशत | ४१२ | ७६५ | ११७७ | ५४ | ३६ | ९० |
| दीर्घकालिन बिरामी व्यक्तिको संख्या | ३ प्रतिशत | ४१२ | ७६५ | ११७७ | ५४ | ३६ | ९० |
| एच.आई.भी. एड्सबाट संक्रमित संख्या | | ३५ | ४१ | ७६ | १२ | १५ | २७ |
| गर्भवती तथा दूध खुवाउने आमाको संख्या | ५ प्रतिशत | | १२७६ | १२७६ | | ६० | ६० |
| गर्भवती महिलाको संख्या | २.३ प्रतिशत | | ५७८ | ५७८ | | २८ | २८ |
| प्रतिमहिना प्रसुतिको अन्दाजी संख्या | ०.२५ प्रतिशत | | ६४ | ६४ | | ३ | ३ |
| प्रतिमहिना शिशुको अन्दाजी संख्या | ०.२५ प्रतिशत | | ६४ | ६४ | | ३ | ३ |
| प्रतिमहिना आपत्कालीन प्रसुति सेवा चाहिने महिलाको अपेक्षित संख्या | ०.००८ प्रतिशत | | २०४ | २०४ | | १ | १ |
| प्रतिमहिना जटिलता हुने शिशुको अपेक्षित संख्या | ०.००३ प्रतिशत | | १ | १ | | १ | १ |
| ६ देखि ९ वर्षसम्मका बालबालिकाको संख्या | ११ प्रतिशत | १९८० | २११० | ४०९० | १९८ | १३२ | ३३० |

| न्यूनतम पूर्वतयारीका लागि अन्दाजी जनसंख्या | जनसंख्याको प्रतिशत | प्रभावित कुल जनसंख्या | | | विस्थापित कुल जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ५ वर्ष मुनिका बालबालिकाको संख्या | १३ प्रतिशत | १३८० | १५६० | २९४० | २७७ | १५६ | ४३३ |
| ६ देखि ११ महिनासम्मका बालबालिकाको संख्या | १ प्रतिशत | १८० | १२० | ३०० | १८ | १२ | ३० |
| १२ देखि २३ महिनासम्मका बालबालिकाको संख्या | ३ प्रतिशत | ५४० | ५६० | ११०० | ५४ | ३६ | ९० |
| २४ देखि ५९ महिनासम्मका बालबालिकाको संख्या | ८ प्रतिशत | ११४० | ९५१ | २०९१ | १४४ | ९६ | २४० |
| ६ देखि ५९ महिनासम्मका बालबालिकाको संख्या | १२ प्रतिशत | २१६० | १४४० | ३६०० | २१६ | १४४ | ३६० |
| ६ देखि ५९ महिनासम्मका कुपोषित बालबालिका (GAM) | १३ प्रतिशत | २८१ | १८७ | ४६८ | २८ | १९ | ४७ |
| ६ देखि ५९ महिनासम्मका मध्यम रुपमा कुपोषित बालबालिका | १० प्रतिशत | २१६ | १४४ | ३६० | २२ | १५ | ३७ |
| ६ देखि ५९ महिनासम्मका तीव्र रुपमा कुपोषित बालबालिका | ३ प्रतिशत | ६५ | ४३ | १०८ | ७ | ४ | ११ |

# भाग -पाँच

# सामान्य पूर्वतयारी योजना

### ५.१ मानवीय सहायतामा संलग्न साझेदार निकायको सूची

यस जिल्लामा स्थानीय तहहरु, सरकारी निकायहरु, विपद्मा सहयोग गर्ने नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, सामुदायिक वन उपभोक्ता महासंघ, सुआहारा दोश्रो, सामाजिक सेवा केन्द्र ( सोसेक) नेपाल, महिला सशक्तिकरण मञ्च, सेवक दैलेख, एभरेष्ट क्लब दैलेख, नेपाल पत्रकार महासंघ, दैलेख उद्योग वाणिज्य संघ, खानेपानी उपभोक्ता महासंघ, संयुक्त राष्ट्रसंघीय नियकायहरु लगायतका विभिन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय संघसंस्थाहरुको उपस्थिति रहेको छ । यसका साथै जिल्ला तथा स्थानीय तहहरुमा निर्माण व्यवसायी संघ, औषधी व्यवसायी संघ, निजी अस्पतालहरु, यातायात व्यवसायी समिति, समुदायमा आधारित गैरसरकारी संस्थाहरु कार्यरत छन् ।

| क्र.सं. | निकायको नाम | सम्पर्क व्यक्ति | सम्पर्क फोन | मोबाइल |
|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ, श्री बद्रीनाथ गैहे | ०८९ ४१००११ | ९८५८०१७७७७ |
| २. | जिल्ला समन्वय समितिको कार्यालय | जि.स.अ, श्री टेक बहादुर ओली | ०८९ ४१०११४ | ९८४१०५१२७६ |
| ३. | कालीदत्त गुल्म | सेनानी, श्री सुमन कार्की | ०८९ ४१०१६६ | ९८५७०७११४१ |
| ४. | जिल्ला प्रहरी कार्यालय | प्र.ना.उ, श्री गणेश बहादुर बराल | ०८९ ४२०११३ | ९८५८०१५५५५ |
| ५. | सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, दैलेख | स.प्र.ना.उ, श्री चन्द्र बहादुर खत्री | ०८९ ४१०२५५ | ९८५१२७११४० |
| | स.प्र. बल ज.वि. आयोजना सुरक्षा वेश डाब | | | ९८५८०३७४७७ |
| ६. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | प्र.अ. अ, श्री पारस मणी पोख्रेल | ०८९ ४१००६३ | ९८५८०६५७५१ |
| ७. | जिल्ला स्वास्थ्य कार्यालय | डा. मनोज विक | ०८९ ४१०१२७ | ९८५८०४४९९० |
| ८. | शिक्षा विकास तथा समन्वय इकाई | इकाइ प्रमुख, श्री रमेश बहादुर मल्ल | ०८९ ४१०१५० | ९८४८१७१२८९ |
| ९. | जिल्ला कृषि विकास कार्यालय | का.प्र, श्री दशरथ पाण्डे | ०८९ ४२०१४५ | ९८५८०८१५५५ |
| १०. | खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय | का.प्र, श्री टोपेन्द्र सुन्दर मल्ल | ०८९ ४१०२१९ | ९८५८०२७०२६ |
| ११. | पूर्वाधार विकास कार्यालय | का.प्र, श्री प्रविण कार्की | | ९८४८०४१०५१ |
| १२. | डिभिजन वन कार्यालय, दैलेख | का.प्र, श्री राधाकृष्ण दास | ०८९ ४२०१३२ | ९८५८०५०१३२ |
| | नेपाल टेलिकम दैलेख | का.प्र, शिवराज आचार्य | ०८९ ४२०१२२ | ९८५८०५३३३३ |
| १३. | पशु अस्पताल तथा पशु सेवा कार्यालय | वरिष्ठ पशु चिकित्सक डा. ऋषभ गुँरागाई | ०८९ ४१००८५ | ९८४८०५४६०१ |
| १४. | नेपाल विद्युत प्राधिकरण दैलेख शाखा | वितरण केन्द्र प्रमुख, श्री नरेशदत्त रावल | ०८९ ४१०१३० | ९८५८०२९५०० |
| | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | भिमबहादुर सिंह | ०८९ ४१०२३३ | ९८४१८३४००८ |

| क्र.सं. | निकायको नाम | सम्पर्क व्यक्ति | सम्पर्क फोन | मोबाइल |
|---|---|---|---|---|
| १५. | नेपाल रेडक्रस सोसाइटी | निर्जन कुमार खत्री | ०८९ ४२०१७९ | ९८५८०६३६७२ |
| १६. | दैलेख उद्योग वाणिज्य संघ | नरेन्द्र थापा | ०८९ ४२०१७० | ९८५८०५१३१० |
| १७. | नेपाल खाद्य संस्थान खाद्य व्यवस्था र व्यापार कम्पनी लिमिटेड | का.प्र. रामप्रसाद पौडेल | ०८९ ४२०१९१ | ९८४१००४३७३ |
| १८. | सोसेक नेपाल | बसन्त श्रेष्ठ | ०८९ ४१०१८७, ०८९ ४१००९६ | ९८५८०५०५९४ |
| १९. | नेपाल परिवार नियोजन संघ | कुसुम श्रेष्ठ | ०८९४१००७७ | ९८४४८७१३६४ |
| २०. | एभरेष्ट क्लब, दैलेख | दिपककुमार शाही | ०८९ ४२०२४७ | ९८४८०६९८३२ |
| २१. | गैरसरकारी संस्था महासंघ | डिलकुमारी चन्द |  | ९८४४८६२२५ |
| २२. | नेपाल पत्रकार महासंघ | अमर सुनार |  | ९८५८०५०४५५ |
| २३. | सेवक, दैलेख | महारुप खत्री | ०८९ ४१०१४३ | ९८५८०५०१४३ |
| २४. | सामुदायिक वन उपभोक्ता महासंघ दैलेख शाखा | पद्मा योगी |  | ९८४८०४२००९ |
| २५. | डिसिए | सम्झना बिष्ट | ०१ ५०१३५०५ | ९८५१२४८०३७ |
| २६. | महिला शसक्तिकरण मञ्च | सविना वि.क. | ०८९ ४२०२३१ | ९८४८०६४३१९ |
| २७. | सेभ द चिल्ड्रेन | रत्न ओझा |  | ९८५८४२०८११ |
| २८. | युनिसेफ | कुंगासन्दुप लामा |  | ९८५८०८५५०६ |
| २९. | युएनएफपिए | आत्माराम न्यौपाने |  | ९८५१३१७४२६ |
| ३०. | सि एम सि नेपाल | कल्पना नेपाल |  |  |
| ३१. | सेतो गुराँस बालविकास सेवा दैलेख | राधा मल्ल |  | ९८४८००११४९ |
| ३२. | सम्बन्ध नेपाल | लोकेश गिरी |  | ९८६८९३४५२७ |
| ३३. | पञ्चकोशी अपांग मञ्च | जितबहादुर जि.सी. |  | ९८५८०४२३११ |
| ३४. | न्यू ज्वाला क्लब | बिशाल सुनार |  | ९८४८०६३७२६ |
| ३५. | आवाज संस्था |  |  | ९८४४८६०३३६ |
| ३६. | हेल्भेटास नेपाल | मदन भट्ट | ०८३ ५२१०९२ | ९८५८०५१९०२ |

### ५.२ विषयगत क्षेत्रहरु (Clusters), त्यसका नेतृत्वकर्ता (Lead) तथा सदस्यहरु (Members) को विवरणः

जिल्ला तहमा विषयगत रूपमा नेतृत्व प्रदान गर्ने सम्बन्धित निकायहरू (Cluster Leads) सँग मिलि मानवीय गतिविधि सञ्चालन गर्नका लागि निम्नलिखित क्षेत्रहरू (Clusters) गठन गरिएका छन् र ती क्षेत्रसँग सम्बन्धित सहयोगी निकायहरुको विवरण निम्न अनुसार रहेको छ ।

| क्र.सं. | विषयगत क्षेत्र (Cluster) | क्षेत्रगत अगुवा (cluster Lead) | सम्पर्क व्यक्ति | सम्पर्क फोन नं. | क्षेत्र सदस्यहरु (Cluster Member) |
|---|---|---|---|---|---|
| १ | समन्वय तथा सूचना व्यवस्थापन (Coordination and Information Management) | जिल्ला प्रशासन कार्याल (जिल्ला विपद् व्यवस्थापन समिति) | प्रमुख जिल्ला अधिकारी श्री बद्रीनाथ गैह्रे ………………… | ९८५८०१७७७ | नेपाल प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाईटी नेपाल पत्रकार महासंघ, एफ.एम. रेडियोहरु, नारायण नगरपालिका, दुल्लु न.पा., गाउँपालिकाहरु र जिसस । |
| २ | खोज तथा उद्धार (Search and Rescue) | जिल्ला प्रशासन कार्यालय, गाउँपालिका तथा नगरपालिकाहरु | प्रमुख जिल्ला अधिकारी श्री बद्रीनाथ गैह्रे ………………… | ९८५८०१७७७ | नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल, एफ. एम. रेडियोहरु, नेपाल रेडक्रस सोसाइटी, नगरपालिका, गाउँपालिका, स्वयम्सेवकहरु |

| क्र.सं. | विषयगत क्षेत्र (Cluster) | क्षेत्रगत अगुवा (cluster Lead) | सम्पर्क व्यक्ति | सम्पर्क फोन नं. | क्षेत्र सदस्यहरु (Cluster Member) |
|---|---|---|---|---|---|
| ३ | खाद्य तथा गोदाम व्यवस्थापन (Food& Store) | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय तहका कृषि शाखाहरु | जिल्ला समन्वय अधिकारी श्री टेक बहादुर वली | ०८९ ४१०११४ ९८४१०५१२७६ | जि.स.स., पशु अस्पताल तथा पशु सेवा कार्यालय, डिभिजन वन कार्यालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि., उद्योग वाणिज्य संघ |
| ४ | आवास तथा गैर खाद्य सामग्री (Shelter/ Non Food Items) | नेपाल रेडक्रस सोसाइटी | सभापती, नेपाल रेडक्रस सोसाईटी निर्जन कुमार खत्री | ०८९ ४२०१७९ ९८५८०६३६७२ | जि.स.स, नेपाल प्रहरी, नेपाली सेना,सोसेक, एभरेष्ट क्लब, महिला सशक्तिकरण मञ्च, उ.वा.सं., सामुदायिक वनहरु, र सम्बन्धित गाउँपालिका तथा नगरपालिका |
| ५ | खानेपानी तथा सरसफाई (WASH) | सम्बन्धित गाउँपालिका तथा नगरपालिका | जिल्ला समन्वय अधिकारी श्री टेक बहादुर वली | ०८९ ४१०११४ ९८४१०५१२७६ | जि.स.स, नगरपालिका तथा गाउँपालिका, खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, सोसेक, महिला सशक्तिकरण मञ्च र एभरेष्ट क्लब |
| ६ | आपत्कालीन शिक्षा (Emergency Education) | शिक्षा विकास तथा समन्वय इकाई | इकाइ प्रमुख श्री रमेश बहादुर मल्ल | ०८९ ४१०१५० ९८४८१७१२८९ | गाउँपालिका तथा नगरपालिका, शिक्षा विकास तथा समन्वय इकाई, सेभ द चिल्ड्रेन, सोसेक, एभरेष्ट क्लब, प्याब्सन, एन प्याब्सन |
| ७ | स्वास्थ्य र पोषण (Health and Nutrition) | स्वास्थ्य सेवा कार्यालय | डा. मनोज वि.क. | ०८९ ४१०१२७ ९८५८०४४९९० | परिवार नियोजन संघ, जि.स.स, सोसेक नेपाल |
| ८ | संरक्षण (Protection) | स्थानीय विपद् व्यवस्थापन समिति (महिला तथा बालबालिका शाखा) | प्रमुख जिल्ला अधिकारी श्री बद्रीनाथ गैह्रे ...................... | ०८९४१००११ ९८५८०१७७७७ | जि.स.स, जिल्ला प्रहरी कार्यालय, जिल्ला बाल कल्याण समिति, महिला सशक्तिकरण मञ्च, पञ्चकोशी अपांग विकास मञ्च, सोसेक नेपाल, |
| ९ | सर्वेक्षण तथा अभिलेख (Assessment & Documentation) | स्थानीय विपद् व्यवस्थापन समिति | स.प्र.जि.अ., राम बहादुर के.सी. | ०८९४१०१२६ ९८५८०४०१२६ | जिल्ला प्रशासन कार्यालय, अनुसन्धान, जिल्ला प्रहरी कार्यालय, नेपाल रेडक्रस सोसाइटी दैलेख शाखा, जिल्ला समन्वय समिति, वन डिभिजन कार्यालय, |
| १० | पुनर्स्थापना तथा पुनर्निर्माण (Rabilitation & Reconstruction) | जिल्ला समन्वय समिति, सबै गाउँपालिका तथा नगरपालिका | जिल्ला समन्वय अधिकारी, श्री टेक बहादुर ओली | ०८९ ४१०११४ ९८४१०५१२७६ | जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, एभरेष्ट क्लब, महिला सशक्तिकरण मञ्च, दैलेख जिल्ला अन्तर्गत स्थानीय |

| क्र.सं. | विषयगत क्षेत्र (Cluster) | क्षेत्रगत अगुवा (cluster Lead) | सम्पर्क व्यक्ति | सम्पर्क फोन नं. | क्षेत्र सदस्यहरु (Cluster Member) |
|---|---|---|---|---|---|
| | | | | | तहहरु, सडक डिभिजन, सिंचाइ डिभिजन, वन डिभिजन, नेपाल टेलिकम, सा.व.उ.स.हरु |

## ५.३ सन्दर्भ सामग्रीहरुको पुनरावलोकनको नतिजा :

दैलेख जिल्लामा आइपर्न सक्ने विपद्हरुलाई प्रभावकारी ढंगले सामना गर्न सक्ने क्षमताको विकास तथा पूवर्तयारीको आवश्यकतालाई महशुस गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) निर्देशिकामा भएको प्रावधान अनुसार जिल्ला विपद् व्यवस्थापन समिति दैलेखको अग्रसरतामा यस जिल्लामा वि.सं.२०६९ सालदेखि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी वार्षिक रुपमा नियमित आवश्यक परिमार्जन गर्ने गरिएको छ । वि.स.२०६४ देखि गृह मन्त्रालयले विपद् जोखिम न्यूनीकरणमा सलंग्न निकायहरुको प्रतिकार्य क्षमतालाई सुधार गर्ने कार्यको प्रारम्भ गरको देखिन्छ । विपद्सम्बन्धी साझा धारणा निर्माण तथा उद्धारकर्ताको संगठनात्मक भूमिका, प्रकृया र पद्धतिमा सुधारका लागि गृह मन्त्रालयले विभिन्न तह र क्षेत्रमा राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी, रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ तथा सरकारी अधिकारीहरुको सलंग्नतामा विभिन्न गोष्ठी तथा छलफल गर्ने गरेको छ । यी छलफलबाट प्राप्त सुझाव तथा निचोडलाई मध्येनजर गर्दै जिल्लास्थित सरोकारवाला निकायहरुबीच विपद्सम्बन्धी साझा धारणा र बझुाइ कायम गरी योजना तर्जुमाका लागि विभिन्न चरणमा बैठक, कार्यशाला गोष्ठी सम्पन्न गरी जिल्लास्तरिय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ । हाल दैलेख जिल्लामा आपत्कालीन अवस्थामा प्रतिकार्य तथा सूचना र समन्वयका लागि जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा सञ्चालन हुने गरी जिल्ला प्रशासन कायार्लयमा जिल्ला आपत्कालिन कार्यसंचालन केन्द्र (DEOC) स्थापना भई कार्यान्वयनमा रहेको छ । केही महत्वपूर्ण सामग्रीहरु र त्यसबाट प्राप्त असल अभ्यासहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं. | प्रतिवेदन/प्रकाशनको नाम | सिकाइ/असल अभ्यास | कुनै सुझाव भए |
|---|---|---|---|
| १ | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ | सहभागितामूलक योजना तर्जुमा गर्दा जोखिम स्तरीकरण र विषयगत प्रयासहरुमा सहजता भएको | नियमित रुपमा पुनरावलोकन गर्दै लैजानु पर्ने । |
| २ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | ऐनले व्यवस्था गरेको मापदण्ड र विपद् व्यवस्थापन संरचना तय गर्न सहज भएको । | प्रत्येक वर्ष जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन गर्दा ऐनमा भएका प्रावधानहरु समावेश गर्नुपर्ने । |
| ३ | विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ | नीति कार्यान्वयन, समन्वय अनुगमन प्रणालीलाई सहजता ल्याउन सहयोग । | |
| ४ | कर्णाली प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५ | राहत तथा कोष सञ्चालन सम्बन्धी सहज हुने । | |
| ५ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | विपद् जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकाबारे स्पष्टता ल्याउन सहज । | |

| सि.नं. | प्रतिवेदन/प्रकाशनको नाम | सिकाइ/असल अभ्यास | कुनै सुझाव भए |
|---|---|---|---|
| ६ | विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८ देखि २०३०) | विपद् बारेको बुझाइमा स्पष्टता, अझ बलियो र राम्रो निर्माण, विपद् जोखिम न्यूनीकरणमा लगानी र विपद् उत्थानशील शासन प्रणालीको सुदृढीकरणमा टेवा पुग्ने। | |
| ७ | सेन्डाई फ्रेमवर्क (सन् २०१५ देखि २०३०) | विपद्लाई प्राथमिकता क्षेत्र अन्तर्गत समावेश गर्नको लागि जानकारी उपलब्धता | |
| ८ | विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ | उद्धार तथा राहत सम्बन्धी मापदण्ड निर्धारण गर्न सहज | |
| ९ | विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ | विपद्बाट क्षतिग्रस्त निजी आवासको पुनर्निर्माण तथा पुनर्स्थापनामा सहज हुने । | |
| १० | जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९ | जिल्लाको विपद् व्यवस्थापन योजना तर्जुमा गर्न सहज | |
| ११ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि, २०८१ | विभिन्न सहयोगी निकायहरुको पहिचान र सहयोग सम्बन्धी व्यवस्थापन गर्न सहज | |
| १२ | आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि, २०८१ | खोज, उद्धार तथा राहत सामग्रीको प्राप्ति, भण्डारण, प्याकेजिङ, ढुवानीका साथै उद्धार तथा राहत सामग्री र उपकरणहरुको आपूर्ति प्रणालीलाई सहज, सरल र सुदृढ तुल्याउन सहज हुने। | |
| १३ | जिल्ला विपद् व्यवस्थापन समितिका वार्षिक प्रतिवेदनहरु | जिल्लामा हुने गरेका विपद्का घटनाहरु र समाधानका उपायहरुको बारेमा जानकारी संकलन गर्न सहज | |
| १४ | विभिन्न गैससको सहयोगमा समुदायस्तरमा तयार गरिएका समुदायमा आधारित विपद् व्यवस्थापन योजना र अनुभवहरु | स्थानीय निकाय तथा समुदायले गरेको प्रयास, समुदायको प्राथमिकता तथा परम्परागत असल अभ्यासहरुको बारेमा जानकारी संकलन | |
| १५ | नेपाल सरकारद्धारा जारी गरिने निर्देशन तथा परिपत्रहरु | प्रतिकार्य तथा सूचना संकलनमा सहज | |
| १६ | जिल्ला आपत्कालीन कार्यसञ्चालन | तथ्यांक एकीकृत तथा प्रतिकार्यमा सहज | |

| सि.नं. | प्रतिवेदन/प्रकाशनको नाम | सिकाइ/असल अभ्यास | कुनै सुझाव भए |
|---|---|---|---|
| | केन्द्रबाट प्राप्त सूचना | | |
| १७ | दीगो विकास लक्ष्यहरु (सन् २०१६ देखि २०३०) | दीगो विकासका लक्षका उद्देश्य नं. १३ को परिपूर्तिमा प्रत्यक्ष योगदान गर्न सहयोग पुग्ने | |

### ५.४ योजना तयारीका क्रममा बसेका विभिन्न बैठक तथा त्यसका महत्वपूर्ण निर्णयहरु :

विपद् पूर्वजानकारी बिना आउने साथै यसले ठूलो मानवीय, भौतिक तथा आर्थिक क्षति निम्त्याउने गर्दछ । यसले ल्याउने प्रलयलाई पूर्णरुपमा निर्मूल नै पार्न त सकिंदैन तर न्यूनीकरण गर्न भने अवश्य नै सकिन्छ । यसै तथ्यलाई मध्यनजर गरी राष्ट्रिय अभियानको रुपमा देशका ७७ वटै जिल्लाहरुमा जिल्ला विपद् व्यवस्थापन समितिको अगुवाईमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने काम भइरहेको छ । यसै अनुरुप यस जिल्लामा पनि जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाइएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्व तथा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको समन्वय तथा सहयोगमा तयार पारिएको यो योजना निर्माण गर्ने क्रममा विभिन्न बैठकहरु आयोजना गरिएका छन् । जसमा भएका महत्वपूर्ण निर्णयहरुले यस योजना तर्जुमा, श्रोत खोजी प्रकृयामा सहयोग पुऱ्याएको छ भने कार्यान्वयन प्रकृयामा समेत सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

# भाग –छ

# निकायगत भूमिका तथा जिम्मेवारी

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको एकमात्र ध्येय भनेको विपद्बाट उत्पन्न हुन सक्ने मानवीय तथा भौतिक क्षतिहरुलाई सकेसम्म कम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु हो । यस महत्वपूर्ण अभिभारालाई पूरा गर्न सामान्य रुपमा सजिलो अवश्य छैन । यस कामलाई सहजतापूर्वक सम्पन्न गर्नलाई विभिन्न निकायहरुलाई विभिन्न जिम्मेवारीहरु दिइएको छ, जसलाई यसरी प्रस्तुत गरिएको छ :

## ६.१ जिल्ला विपद् व्यवस्थापन समितिको कार्य क्षेत्रगत शर्त (ToR)

जिल्लामा विपद् अल्पीकरण तथा न्यूनीकरणका क्षेत्रका काम गर्न तथा विपद्बाट प्रभावित व्यक्तिहरुलाई तत्काल राहत उद्धारको व्यवस्था गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सरकारी/गैरसरकारी निकायहरु, राजनैतिक दल तथा नागरिक समाज सम्मिलित जिल्लास्तरमा गठन भएको समितिलाई जिल्ला विपद् व्यवस्थापन समिति भनिन्छ । यस समितिको सचिवालयको रुपमा काम गर्ने जिल्ला प्रशासन कार्यालयले प्रमुख जिल्ला अधिकारीसँगको समन्वयमा रहेर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका शिलशिलामा बैठक तथा कार्यशालाहरुको आयोजना गर्दछ ।

**(क) जिल्ला विपद् व्यवस्थापन समितिको सामान्य कार्य क्षेत्रगत शर्त :**

१. विपद् व्यवस्थापन उद्धारको कार्यमा स्थानीय विपद् व्यवस्थापन समितिहरुसँग समन्वय गर्ने ।
२. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने ।
३. स्थानीय विपद् व्यवस्थापन समितिबाट संचालित राहत तथा उद्धारको कार्यको अनुगमन गर्ने र संचालित कार्यमा आवश्यक सहयोग गर्ने ।
४. समय समयमा विपद् खोज, उद्धार तथा राहत कार्यमा भइरहेको प्रगतिको बारेमा प्रदेश तथा केन्द्रलाई जानकारी दिने ।
५. केन्द्र र प्रदेशबाट प्राप्त निर्देशनका आधारमा कार्य संचालन गर्ने ।
६. बाह्य सहयोगका लागि सरकारी र गैरसरकारी निकायका बीचमा समन्वय बैठकको आयोजना गर्ने ।
७. सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, रेडक्रस अभियानका सदस्य लगायतका निकायहरुबीच प्रतिकार्यको समीक्षा गर्न बैठक संचालन गर्ने ।

## ६.२ जिल्ला विषयगत अगुवा संस्था (District Cluster Lead Agency) को कार्य क्षेत्रगत शर्त

कुनै क्षेत्रमा परेको समस्या समाधानमा समन्वय गर्न जिल्लामा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकारप्राप्त व्यक्ति संस्था वा निकायलाई जिल्ला विषयगत अगुवा संस्था भनिन्छ ।

**(क) विषयगत अगुवा संस्थाको काम, कर्तव्य :**

(१) विषयगत सदस्य संस्था (राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, सरकारी निकाय, राष्ट्रसंघीय निकाय, रेडक्रस अभियानका सदस्य आदि) का बीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्ने ।
(२) राष्ट्रिय/स्थानीय तह, सरकारी निकाय, स्थानीय नागरिक समाज तथा अन्य सरोकारवाला निकायबीच समन्वय गर्ने ।
(३) प्रत्येक विषयगत क्षेत्रमा अगुवा संस्थाले सबै विषयगत सदस्य संस्थासँग समन्वय गरी आफ्नो विषयक्षेत्रमा विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना (Scenario Based Response Plan) तर्जुमा गर्ने । यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता, प्राथमिकता प्राप्त आपत्कालीन कार्य तयारी, आपत्कालीन कार्य सम्बोधन गर्न प्राथमिकताप्राप्त पूर्वतयारी कार्य तयारी, प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान खाडल पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन् ।
(४) नयाँ आपत्कालीन अवस्थाका लागि पर्याप्त आकस्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने ।

(५) विषयगत क्षेत्रका सहभागीहरु सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका बारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउने ।

(६) विषयगत क्षेत्रका कार्यसमूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्ने ।

(७) जिल्ला व्यवस्थापन समिति र प्रमुख जिल्ला अधिकारीको अधिवाचन (संवेगात्मक तथा भावनात्मक रुपमा सहयोगका लागि आग्रह गर्ने) कार्यबाट मुख्य सूचनामा योगदान गर्न स्रोत साधनको आवश्यकता समेत मुख्य सरोकार पहिचान गर्ने ।

(८) विषयगत क्षेत्रका प्राथमिकता प्राप्त कार्य संचालन गर्न दातृ समुदायलाई मानवीय सहायताकर्मीमा लगानी गर्न अधिवाचन गर्ने । साथै विषयगत क्षेत्रका सहभागीहरुलाई सामान्य माध्यमबाट उनीहरुको स्रोत साधन परिचालन गर्न प्रोत्साहित गर्ने ।

(९) मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालन गर्न सहयोग गर्ने ।

(१०) पूर्वनिर्धारित प्राथमिकता प्राप्त आवश्यकता पूर्तिका लागि विषयगत अगुवा संस्थाहरु अन्तिम सेवा प्रदायकका रुपमा जिम्मेवार हुन्छन् । जुनकुरा पहुँच, सुरक्षा र प्राप्त कोषमा भरपर्दछ । उनीहरुको स्रोत परिचालन कार्यमा प्रमुख जिल्ला अधिकारी तथा विपद् व्यवस्थापन समितिले सहयोग गर्नेछ ।

(११) उनीहरुको कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयगत क्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने ।

## ६.३ जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को कार्य क्षेत्रगत शर्त

जिल्ला अगुवा सहयोगी संस्थाको मुख्य भूमिका जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्रियाकलाप गर्न जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने सिलसिलामा जिल्लामा कार्यरत सबै निकायका बीच छलफल गर्न साझा मञ्च प्रदान गरी आवश्यक सहजकर्ताको कार्य गरी यस कार्यमा जिल्ला विपद् व्यवस्थापन समितिलाई सहयोग प्रदान गर्नु हो ।

### (क) जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को मुख्य भूमिका यसप्रकार हुनेछ :

१. सबै निकायहरुको सहकार्यमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा सहयोग गर्ने ।

२. जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी अन्तिम कार्यशाला गर्नु अघि बैठकहरु संचालन गर्ने ।

३. प्राविधिक तथा वित्तिय, द्वितीय स्रोतबाट विपद्सम्बन्धी तथ्याङ्क संकलन, विपद् जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने वा सहयोग प्रदान गर्ने ।

४. प्रभावकारी प्रतिकार्य पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका बारेमा समन्वय गर्ने ।

५. गत विगत वर्षका अनुभवको आधारमा सफलता, चुनौती तथा खाडल पहिचान गर्ने ।

६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा सबै विषयगत क्षेत्रका अगुवा तथा सदस्य संस्थाहरु लगायत अन्य सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने ।

७. अन्तिम कार्यशालाको नतिजा तयार गर्ने र जिल्लामा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरुमाझ प्रवाह गर्ने । प्रदेश तथा संघीय तहमा प्रतिवेदन दिने । साथै नपा/गाउँपालिकास्तरसम्म जानकारी गराउने आदि ।

## ६.४ निकायगत भूमिका तथा जिम्मेवारी

विपद् पूवर्तयारी तथा प्रतिकार्य योजनाको ध्येय विपद्बाट उत्पन्न हुन सक्ने मानवीय तथा भौतिक क्षतिलाई सकेसम्म कम गर्नुको साथसाथै विपद्का घटना भइहालेमा विपद् प्रभावितलाई तत्काल उद्धार तथा राहत सहयोग उपलब्ध गराउनु हो । दैलेख जिल्लामा विपद्को अवस्थामा हुनसक्ने मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्न तथा प्रतिकार्यलाई छिटो, छरितो, व्यवस्थित तथा जवाफदेही बनाउन मानवीय सहायताको क्षेत्रमा कार्यरत निकायहरुको पहिचान, पहुँच आकलन र त्यस्तो महत्वपूर्ण समयमा कसरी सहयोग गर्न सकिन्छ भन्नेकुरा यकिन गर्न अति

आवश्यक हुन्छ । त्यसलै, ती निकायहरुको जिल्लामा पहुँच तथा कार्यक्रमको प्रकृतिलाई तलको तालिकामा उल्लेख गरिएको छः-

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, दैलेख | प्रमुख जिल्ला अधिकारी | (क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ गरेको व्यवस्था बमोजिम गठित जिल्ला विपद् व्यवस्थापन समितिको सामान्य कार्य क्षेत्रगत शर्तहरु<br>● विपद् जोखिम व्यवस्थापन र उद्धारको कार्यमा स्थानीय विपद् व्यवस्थापन समितिहरुसँग समन्वय गर्ने ।<br>● जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण मार्फत संघीय कार्यकारी समितिमा पेश गर्ने ।<br>● स्थानीय तहहरुमा रहेका स्थानीय विपद् व्यवस्थापन समितिबाट सञ्चालित राहत तथा उद्धारको कार्यको अनुगमन गर्ने र सञ्चालित कार्यमा आवश्यक सहयोग गर्ने ।<br>● समय समयमा विपद् राहत उद्धार कार्यमा भैरहेको प्रगतिको बारेमा प्रदेश तथा संघीय तहमा जानकारी दिने ।<br>● संघीय कार्यकारी समिति, गृह मन्त्रालय तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट प्राप्त निर्देशनका आधारमा कार्य सञ्चालन गर्ने ।<br>● बाह्य सहयोगका लागि सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अर्न्तराष्ट्रिय गैरसरकारी संस्था, डिएलएसए, रेडक्रस अभियानका सदस्य लगायतका निकायहरुबीच प्रतिकार्यको समीक्षा गर्न बैठक संचालन गर्ने ।<br>● स्थानीय तह मार्फत क्षतिको विवरण संकलन गर्ने ।<br>● प्रारम्भिक द्रुत लेखाजोखा, बहुविषयगत प्रारम्भिक द्रुत लेखाजोखा, आवश्यकता अनुसार थप लेखाजोखा गर्न स्थानीय तहलाई आवश्यक सहजीकरण गर्ने । |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | ● विपद् सम्बन्धी कार्यमा समन्वयात्मक रुपमा सहयोग गर्ने ।<br>● आवास तथा पुनःस्थापना सम्बन्धी कार्यमा सहजीकरण गर्ने ।<br>● स्रोत (आर्थिक, भौतिक, मानविय स्रोत) परिचालनमा समन्वय गर्ने । |
| ३ | स्थानीय तहहरु ( स्थानीय विपद् व्यवस्थापन समिति) | प्रमुख/अध्यक्ष वा विपद् व्यवस्थापन सम्पर्क व्यक्ति | ● विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उद्धारको कार्यमा सुरक्षा निकाय, वडा विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् जोखिम व्यवस्थापन समितिसँग समन्वय गरी सोही अनुसार परिचालन गर्ने ।<br>● जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समितिसँग समन्वय गरी सोही अनुसार परिचालन गर्ने ।<br>● स्थानीय विपद् जोखिम व्यवस्थापन योजना अनुसारका विषयगत क्षेत्र र सहयोगी निकायहरु समन्वय गरी तत्काल उद्धार तथा राहत कार्यक्रम सञ्चालन गर्ने ।<br>● जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र प्रदेशस्तरिय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा विपद्का घटना र सोको |

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | | | प्रभावबारे जानकारी गराउने ।<br>● विपद् लेखाजोखा मार्गदर्शनले तोकेको ढाँचामा फारम तयारी अवस्थामा राख्ने ।<br>● लेखाजोखाका लागि आवश्यक जनशक्ति तयारी अवस्थामा राख्ने ।<br>● तत्काल प्रारम्भिक द्रुत लेखाजोखा गर्न लगाउने । |
| ४ | सुरक्षा निकाय ( नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी) | प्रमुख तथा प्रतिनिधि | ● प्रमुख जिल्ला अधिकारी मातहतमा रही खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धार कार्य गर्ने ।<br>● विशेष सुरक्षा व्यवस्था मिलाउने ।<br>● विषयगत समितिमा रही सहयोग गर्ने । |
| ५ | राजनैतिक दलहरु | दलका प्रमुखहरु | ● समन्वय तथा स्रोत संकलनमा सहयोग गर्ने ।<br>● जनपरिचालन गर्ने । |
| ६ | जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद् व्यवस्थापन सम्पर्क व्यक्ति | ● प्रमुख जिल्ला अधिकारीको मातहतमा रही सूचना संकलन, समन्वय र संप्रेषण गर्ने ।<br>● विषयगत क्षेत्रसँग समन्वय गर्ने ।<br>● तथ्यांक व्यवस्थापन गर्ने । |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय DLSA (SOSEC Nepal) | कार्यकारी निर्देशक | ● विषयगत सदस्य संस्था (राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, सरकारी निकाय, राष्ट्रसंघीय निकाय, रेडक्रस अभियानका सदस्य आदि) का बीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्ने ।<br>● जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, विषयगत अगुवा निकाय, सरकारी निकाय, नागरिक समाज तथा अन्य सरोकारवाल निकायबीच समन्वय गर्ने ।<br>● विषयगत क्षेत्रका सहभागीहरु सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका बारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभुति गराउने ।<br>● विषयगत क्षेत्रका कार्य समूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्ने ।<br>● मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालन गर्न सहयोग गर्ने । |
| ८ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ● खाद्य, गैरखाद्य सामग्री तथा अस्थायी आवास व्यवस्थापनमा सहयोग गर्ने ।<br>● आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने । |
| ९ | जिल्लास्थित विषयगत सरकारी कार्यालय र स्थानीय तहमा रहेका विषयगत शाखाहरु | विषयगत सरकारी कार्यालय तथा शाखा प्रमुखहरु | ● विषयगत समितिमा रही क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने ।<br>● सम्बन्धित कार्यालयको आपत्कालीन योजना निर्माण गर्ने । |
| १० | उद्योग वाणिज्य संघ | अध्यक्ष | ● सुख्खा तथा तयारी खाना RTE जस्तैः चिउरा, भुजा, बिस्कुट आदि |

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | | | खाद्य सामग्री संकलन, वितरण र व्यवस्थापनमा सघाउने । |
| ११ | यातायात व्यवसायीहरु | अध्यक्ष | • राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जनशक्ति उपलब्ध गराउने । |
| १२ | नेपाल पत्रकार महासंघ/सञ्चार माध्यम | अध्यक्ष, सञ्चारकर्मीहरु | • सही सूचना संकलन, विश्लेषण तथा सम्प्रेषण गर्ने ।<br>• सञ्चार माध्यमसँग समन्वय गरी परिचालन गर्ने । |
| १३ | पेशागत व्यवसायी समितिहरु | अध्यक्ष | • राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग गर्ने । |
| १४ | गै.स.स. महासंघ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | • मानव स्रोत परिचालन गर्ने ।<br>• स्रोत संकलनमा सहयोग गर्ने ।<br>• गै.स.स. बीच समन्वय ।<br>• क्षमता विकास तथा सहजीकरण कार्य गर्ने । |

## ६.५ जिल्लामा विपद् जोखिम न्यूनीकरणका लागि भण्डारणमा रहेका बन्दोबस्तीका सामानहरुको विवरण :

जिल्ला विपद् व्यवस्थापन समिति, दैलेखले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी गर्ने क्रममा यस विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुसँग भण्डारणमा रहेको सामग्री तथा नगद कोषको विवरण तयार गरेको छ । यसले गर्दा पूर्वतयारी तथा परी आएमा प्रतिकार्य गर्न निकै सहजता ल्याउने अपेक्षा गरिएको छ । संस्थागत रुपमा ती संस्थाहरुसँग रहेको बन्दोबस्ती सामग्रीहरुको विवरण यसप्रकार छ :

| क्र.सं. | संस्थाको नाम | मुख्य विषयगत क्षेत्र | कार्यालय ठेगाना | भण्डारण भएको बन्दोबस्ती सामग्री | उपलब्ध नगदकोष (ऐच्छिक) |
|---|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | खोज तलास तथा उद्धार | नारायण नगरपालिका १, दैलेख | डोरी (मोटो) : ४०० मिटर<br>गैंटी : ७ थान<br>लाईफ जाकेट : ९ वटा<br>कोदालो : ५ थान<br>बेल्चा : १२ थान<br>सब्बल : ६ थान<br>स्टेचर : ७ थान<br>माईक्रो फोन :२ वटा<br>ट्युब : १ वटा<br>मानवीय जनशक्ति :<br>फायर इस्टिंगुइसरः २ थान<br>हेल्मेटः १० थान | रु.९,००,००० जिल्ला प्रशासनको मौज्दात रकम |
| २. | जिल्ला प्रहरी कार्यालय | खोज तलास तथा उद्धार | नारायण नगरपालिका १, दैलेख | डोरी (मोटो) : ४०० मिटर<br>गैंटी : ७ थान<br>हेल्मेटः १० थान<br>लाईफ जाकेट : १७ वटा<br>कोदालो : १६ थान फरुवा<br>बेल्चा : ३३ थान<br>सब्बल : ५ थान<br>स्टेचर : ४ थान<br>माईक्रो फोन :२ वटा<br>माइकः १ थान<br>ट्युब : १ वटा<br>मानवीय जनशक्तिः<br>फायर इस्टिंगुइसरः २ थान | |

| क्र.सं. | संस्थाको नाम | मुख्य विषयगत क्षेत्र | कार्यालय ठेगाना | भण्डारण भएको बन्दोबस्ती सामग्री | उपलब्ध नगदकोष (ऐच्छिक) |
|---|---|---|---|---|---|
| ३. | सशस्त्र प्रहरी बल नेपाल, आश्रीत गुल्म, दैलेख | खोज तलास तथा उद्धार | नारायण नगरपालिका १, दैलेख | डोरी (मोटो) : ५० मिटर<br>गैंटी : १ थान<br>हेल्मेटः १० थान<br>कोदालो : ६ थान फरुवा<br>सब्बल : ८ थान<br>स्टेचर : १ थान<br>फायर इस्टिंगुइसरः १ थान | |
| ४. | कालीदत्त गुल्म | खोज तलास तथा उद्धार | नारायण नगरपालिका ६ दैलेख | डोरी (मोटो) : १२० मिटर<br>लाइफ ज्याकेटः ६ थान<br>गैंटी : १५ वटा<br>कोदालो : ५<br>बेल्चा : १५<br>सब्बल : १९<br>हेल्मेटः १० थान<br>स्टेचर : ३ वटा<br>मानवीय जनशक्ति : ५० जना. | |
| ५. | नेपाल रेडक्रस सोसाइटी | आवास तथा गैरखाद्य | नारायण नगरपालिका १ दैलेख | उद्धार सामग्रीः ७ सेट (सेफ्टी हेल्मेट, स्लिपिंग व्याग, तुम्लेट, हेडलाईट, प्राथमिक उपचार किट बक्स, डोरी नाइलनको १० मिटर, टिसर्ट)<br>त्रिपाल : ४३ थान<br>कम्मल : ४३ वटा<br>बन्दोबस्ती सामग्रीः ४३ सेट | |
| ६. | कृषि विकास कार्यालय | खाद्य | नारायण नगरपालिका ६ दैलेख | जीप : १ वटा, मोटरसाईकल : ३ र बिउविजन वितरण गर्ने | |
| ७. | स्वास्थ्य सेवा कार्यालय | स्वास्थ्य तथा पोषण | नगरपालिका ८ दैलेख | ५००० जनालाई पुग्ने औषधी<br>स्लिपिङ ब्याग : १<br>बाल्टिन : ५ थान<br>मग : ५ थान, जीप : १ वटा<br>एम्बुलेन्स : ३ वटा<br>मोटरसाईकल : ४ | |
| ८. | खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय | खानेपानी तथा सरसफाइ | नारायण नगरपालिका ६ दैलेख | ब्लीचिङ पाउडर : ५० किलोग्राम<br>मोटरसाईकल :२ थान पाइप, फिटिंस, प्लाष्टिक ट्यांक -: १५०० मिटर, केही मात्रामा पानी परीक्षण<br>जनशक्ति प्राविधिक २ जना.<br>सावेल : ४, गैटी :४,गल :४ वटा<br>मोटरसाईकल : ४ वटा, जीप : १ वटा | |
| ९. | वन डिभिजन कार्यालय | | नारायण नगरपालिका ६ दैलेख | फायर फाइटिङ टुल्स २ सेट | |
| १०. | जिल्ला समन्वय समिति | आवश्यकता अनुसार उपयोग गर्न सकिने | नारायण नगरपालिका १ दैलेख | जीप : १ थान | रु.२,५०,००० |
| ११. | उद्योग वाणिज्य संघ | खाद्य | नारायण नगरपालिका १ दैलेख | चामल : १० क्विन.<br>दाल : १ क्विन., नुन : १ क्विन.<br>चाउचाउः ५० कार्टुन<br>चिउराः २ क्वीन्टल , तेल ३ कटुन | |

| क्र.सं. | संस्थाको नाम | मुख्य विषयगत क्षेत्र | कार्यालय ठेगाना | भण्डारण भएको बन्दोबस्ती सामग्री | उपलब्ध नगदकोष (ऐच्छिक) |
|---|---|---|---|---|---|
| १२. | एभरेष्ट क्लब | खाद्य | नारायण नगरपालिका १ दैलेख | मोटरसाईकल : २ थान | रु.१०,००० |
| १३. | सोसेक | आवास तथा गैरखाद्य | नारायण नगरपालिका १ दैलेख | माईक : ५ थान, लाइफ ज्याकेटः ४ थान, सब्बल, ३ थान, गैंटीः ५ थान, सावेलः ५ थान, डोरीः २०० मि., प्राथमिक उपचार किटः ४ सेट, हेल्मेटः १५ थान, रेस्क्यू ज्याकेटः ४० थान, मानवीय स्रोतः १५ जना, स्टेचर : ५ थान, मोटरसाइकलः २ थान | रु.२०,००० |
| १४. | महिला सशक्तिकरण मञ्च | आवास तथा गैरखाद्य | नारायण नगरपालिका १ दैलेख | मैट्रेस : २० थान<br>कम्बल : २० थान<br>पाल : ३ थान<br>स्टेचर : ३ थान | रु.१०,००० |
| १५. | दलित महिला संघ | आवास तथा गैरखाद्य | नारायण नगरपालिका १ दैलेख | कम्बल : ७ थान<br>पाल : २ थान | |
| १६. | लुथरन विश्व फेडेरेशन नेपाल | विपद्को प्रकृतिको आधारमा सहयोग गर्न सकिने | धनगढी, कैलाली | ठूलो विपद् भई राज्यले अपिल गरेमा सहयोग गरिने । | |
| १७ | डिसिए नेपाल | विपद्को प्रकृतिको आधारमा सहयोग गर्न सकिने | काठमाडौं | ठूलो विपद् भई जिल्ला विपद् व्यवस्थापन समिति तथा राज्यले अपिल गरेमा सहयोग गरिने । | |
| १८. | अक्सफाम नेपाल | विपद्को प्रकृतिको आधारमा सहयोग गर्न सकिने | नारायण नगरपालिका १ दैलेख | ठूलो विपद् भई राज्यले अपिल गरेमा सहयोग गरिने । | अमेरिकी डलर १०,००० सम्म |
| १९. | नेपाल खाद्य संस्थान | खाद्य | नारायण नगरपालिका ६ दैलेख | चामल : ४०० क्विन्टल | |
| २० | सेभ द चिल्ड्रेन | विपद्को प्रकृतिको आधारमा सहयोग गर्न सकिने | नारायण नगरपालिका १ दैलेख | ठूलो विपद् भई राज्यले अपिल गरेमा सहयोग गरिने । | |
| २१ | विश्व खाद्य कार्यक्रम | विपद्को प्रकृतिको आधारमा सहयोग गर्न सकिने | नारायण नगरपालिका ६ दैलेख | ठूलो विपद् भई राज्यले अपिल गरेमा सहयोग गरिने । | |

### ६.६ पालिकास्तरमा विपद् जोखिम न्यूनीकरणका लागि भण्डारणमा रहेका बन्दोबस्तीका सामानहरुको विवरण :

| क्र.सं. | संस्थाको नाम | कार्यालय ठेगाना | तयारी अवस्थामा रहेको बन्दोबस्ती सामग्री | उपलब्ध नगद कोष रु. |
|---|---|---|---|---|
| १ | नारायण नगरपालिका, दैलेख | नारायण नगरपालिका १, दैलेख | दमकल १, जिप २ र जेसिभी १, मोटरसाइकल ११, टिप्पर १, १७ मोटरसाईकल, गैटी, बेल्चा र सब्बल | नगद मौज्दात १०,४२,०००।- |
| २. | दुल्लु नगरपालिका, दैलेख | दुल्लु नगरपालिका ..., दैलेख | १ ब्याकहोलोडर, १ एम्बुलेन्स, १ ट्रिपर, जिप १, बेल्चा, गैंटी, डोरी | नगद मौज्दात १६,५०,०००।- |
| ३. | चामुण्डाबिन्द्रसैनी नगरपालिका | चामुण्डाबिन्द्रासैनी नगरपालिका १, दैलेख | साना ठूला सवारी साधन २ वटा, १० मोटरसाईकल, गैंटी, बेल्चा | नगद मौज्दात १,५०,०००।- |
| ४. | आठबिस नगरपालिका, | आठबिस नगरपालिका ४, दैलेख | साना ठूला सवारी साधन ३ वटा, १० मोटरसाईकल, गैंटी, बेल्चा | नगद मौज्दात ८,५०,०००।- |

| क्र.सं. | संस्थाको नाम | कार्यालय ठेगाना | तयारी अवस्थामा रहेको बन्दोबस्ती सामग्री | उपलब्ध नगद कोष रु. |
|---|---|---|---|---|
| | दैलेख | | | |
| १४ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनीका बालबालिका, बृद्धबृद्धा, गर्भवती र सुत्केरी महिलालाई पौष्टिक आहार वितरण गर्ने | कृषि विकास कार्यालय र सबै स्थानीय तहका महिला तथा बालबालिका शाखा | आवश्यकता अनुसार, नियमित |
| १५ | अनुगमन तथा मुल्याङ्कन चेक लिस्ट तयार गर्ने, अनुगमन गरी प्रतिवदेन तयार गर्ने | स्थानीय तह, कृषि विकास कार्यालय | हप्तामा १ पटक |
| १६ | जानकारीका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा प्रतिवेदन पेश गर्ने | स्थानीय तह, कृषि विकास कार्यालय | प्रत्येक हप्ता |

## ८.३.६ आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि :

(विपद्/सङ्कटकालीन परिस्थितिभन्दा पहिले)

| क्र.स. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १ | खाद्य क्षेत्रको समन्वय बैठक :<br>❖ जिल्ला खाद्य सुरक्षा समितिको बैठकलाई नियमित गर्ने<br>❖ उपसमिति गठन गरी कार्य जिम्मेवारी बाडँफाडँ गर्ने | खाद्य क्षेत्र प्रमुख | वैशाख महिनाबाट |
| २ | अन्य क्षेत्रसँग मिली बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) सञ्चालनका लागि खाद्य क्षेत्रगत समितिका सदस्यहरूलाई MIRA तालिम आयोजनाको लागि आवश्यक व्यवस्था मिलाउने | जिल्ला विपद् व्यवस्थापन समिति | वैशाख महिनाबाट |
| ३ | तयारी तथा खाद्य सामग्रीको उपलब्धता सम्बन्धी सबै संस्थासँग भएको मौज्दात विवरण सङ्कलन गर्ने | स्थानीय तह, खाद्य क्षेत्र प्रमुख | जेष्ठ मसान्तसम्म |
| ४ | तयारी तथा खाद्य सामग्रीको उपलब्ध गराउन सक्ने व्यक्ति तथा व्यवसायीसँग इच्छापत्र साथै दरभाउपत्रको माग गर्ने | स्थानीय तह, कृषि विकास कार्यालय | जेष्ठ मसान्तसम्म |
| ५ | खाद्य सामग्रीको गुणस्तर सुनिश्चितताका लागि गुणस्तर तथा नापतौल विभाग र खाद्य प्राविधिकसँग समन्वय गर्ने | स्थानीय तह, कृषि विकास कार्यालय | जेष्ठ मसान्तसम्म |
| ६ | खाद्य सामग्री भण्डारणका लागि स्थान तथा गोदामको छनौट, साथै ढुवानीका लागि गाडीको व्यवस्थापन गर्ने | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, खाद्य क्षेत्र प्रमुख | जेष्ठ मसान्तसम्म |
| ७ | खाद्य सामग्री वितरणका लागि विभिन्न संस्थासँग समन्वय गरी स्वयम्सेवकहरूको छनौट गर्ने | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, खाद्य क्षेत्र प्रमुख | असार मसान्तसम्म |
| ८ | मानवीय सहयोगका लागि आवश्यक पर्ने तयारी खानाको व्यवस्था गरी भण्डारण गर्ने (चाउचाउ, चिउरा, भूजा, बिस्कुट, चिनी) | स्थानीय तह, खाद्य क्षेत्र | असार मसान्तसम्म |
| ९ | मानवीय सहयोगका लागि आवश्यक पर्ने खाद्य सामग्रीको व्यवस्थापन गरी भण्डारण गर्ने (चामल, दाल, तेल, नुन, मसला) | स्थानीय तह, खाद्य क्षेत्र | असार मसान्तसम्म |
| १० | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनीका बालबालिका, बृद्धबृद्धा, गर्भवती र सुत्केरी महिलालाई पौष्टिक आहारको व्यवस्था गर्न भण्डारणको लागि व्यवस्था गर्ने | स्थानीय तह, खाद्य क्षेत्र, स्वास्थ्य तथा पोषण क्षेत्र | असार मसान्तसम्म |
| ११ | विपद्बाट विस्थापितहरूको लागि अस्थायी परिचयपत्र तयार गर्ने | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, खाद्य क्षेत्र | असार मसान्तसम्म |
| १२ | अनुगमन टोली निर्माण गरी अनुगमन फाराम तयार गर्ने | खाद्य क्षेत्र | जेष्ठको दोस्रो हप्ता |
| १३ | अनुगमन टोलीलाई अभिमुखीकरण गर्ने | खाद्य क्षेत्र | जेष्ठको दोस्रो हप्ता |

## ८.३.७ खाद्य क्षेत्रका लागि अनुमानित बजेट :

| क्र.सं | गतिविधि | इकाई | परिमाण | दर (रु) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| १ | समन्वय बैठकको आयोजना | वटा | ३ | १००० | ३,००० | कृ.वि.का., सोसेक नेपाल |
| २ | कोटेशन संकलन | पटक | १ | ५०० | ५०० | कृ.वि.का., सोसेक नेपाल |

| क.सं | गतिविधि | इकाई | परिमाण | दर (रु) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| ३ | भण्डारका लागि गोदामको व्यवस्था | | एकमुष्ट | | २०,००० | कृ.वि.का., एभरेष्ट क्लब |
| ४ | गाडीको लागि भाडाको व्यवस्था | पटक | ४ | १२००० | ४८,००० | कृ.वि.का., स्थानीय तहहरु, सोसेक नेपाल र एभरेष्ट क्लब दैलेख |
| ५ | खाद्यान्न सामग्री | १ महिना | १५५० जना | | | |
| ५.१ | चामल | के.जी. | २३,२५० | ५० | ११६२५०० | उद्योग वाणिज्य संघ, अन्य विकास साझेदार |
| ५.२ | दाल | के.जी. | १,५५० | १२० | १८६००० | |
| ५.३ | नुन | केजी | १,५५० | २० | ३१००० | |
| ५.४ | तेल | लि. | १,५५० | १८० | २७९००० | |
| ५.५ | विविध | | | | १५०००० | |
| **जम्मा** | | | | | **१८०९५००** | |

**(क) विविध खर्च :**

- लजिष्टीक व्यवस्था (बन्दोबस्तिका साधन)
- प्राथमिक उपचार बाकस
- झोला, टोपी, टर्च, तुम्लेट उद्धार समितिका लागि त्रिपाल आदि ।
- श्रव्यदृश्य सामग्री ।

**(ख) तथ्यांकीय अवस्था :**

- ❖ सबैले आफ्नो आफ्नो क्षेत्रमा विपद्का लागि खाद्यान्नको व्यवस्था गर्न सकेमा राम्रो हुने कुराको धारणा सबैबाट व्यक्त ।
- ❖ जिल्ला कृषि विकास कार्यालयबाट यसबारे जानकारी सम्बन्धित निकायमा खबर गर्न सकिने विचार व्यक्त ।
- ❖ विस्थापित हुनेहरुका लागि सबैले आ-आफ्ना क्षेत्रमा कोषको व्यवस्था गर्दा राम्रो हुने र सबै क्षेत्रबाट मानवीय सहयोगको व्यवस्था ।

## ८.४ आवास तथा गैरखाद्य सामग्री (Shelter and Non Food Items) क्षेत्र :

**विषयगत क्षेत्र अगुवा निकाय : नेपाल रेडक्रस सोसाईटी, दैलेख**

### ८.४.१ आवास तथा गैरखाद्य क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :

| क.सं | सम्पर्क व्यक्ति | संस्था | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १ | निर्जनकुमारी खत्री | नेपाल रेडक्रस सोसाईटी | ०८९४२०१७९, ९८५८०६३६७२ |
| २ | टेक बहादुर ओली | जिल्ला समन्वय समिति | ०८९४१०११४, ९८४१०५१२७६ |
| ३ | सुनिल दाहाल | जिल्ला प्रहरी कार्यालय | ०८९४२०११३, ९८५८०१५५५५ |
| ४ | यामराज खड्का | नेपाल रेडक्रस सोसाईटी | ०८९४२०१७९, ९८५११०७७३६ |
| ७ | दिपककुमार शाही | Everest Club | ०८९४२०२४७, ९८१५५१८२९३ |
| ८ | कुलबहादुर वि.क. | उद्योग वाणिज्य संघ | ०८९४२०१७०, ९८५८०५१२६१ |
| ९ | बसन्त श्रेष्ठ | सोसेक नेपाल, दैलेख | ०८९४१०१८७, ९८५८०५०५९४ |
| १० | सुनिता चन्द | महिला सशक्तिकरण मञ्च | ०८९४२०२३१, ९८४८०६४३१९ |

**(क) विपद् सम्बन्धी परिस्थिति (विपद्बाट हुनसक्ने सम्भावित मानवीय असर) :**

**संभावित प्रभावित विवरण**

| | |
|---|---|
| जम्मा उच्च प्रभावित गाउँपालिका : | ३ वटा |
| कुल प्रभावित परिवार : | १५५० |
| विस्थापित जनसङ्ख्या : | २१०० |

(१) विस्थापित परिवारलाई कम्तिमा १ महिनाको लागि अवास तथा गैरखाद्य सामग्रीको व्यवस्था गर्नुपर्ने ।

(२) २१०० विस्थापितमध्ये १२०० लाई आवासको व्यवस्था स्थानीय विद्यालय, मन्दिर आदिमा हुन सक्ने भएकोले उनीहरूलाई गैरखाद्य सामग्रीको व्यवस्था गर्नुपर्ने । बाँकी ९०० जनालाई आवासको व्यवस्था गर्नुपर्ने ।

(३) सार्वजनिक पूर्वाधारको क्षति (सडक, पुल, विद्युत आपूर्ति, सञ्चार) ।

(४) आवासको अस्थायी क्षति तथा मुख्य रूपमा केटाकेटी, महिला, जेष्ठ नागरिक र विभिन्न किसिमले असहाय मानिस (अपाङ्ग) हरूको विस्थापनसहित व्यक्तिगत सामानहरूको क्षति ।

(५) विद्यालयका कक्षाकोठा, प्रहरी चौकी तथा स्वास्थ्य केन्द्रहरू जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना ।

(६) सामुदायिक संस्थागत स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्य सम्बन्धी व्यवहारमा देखिने चुनौतीहरू ।

**(ख) विशेष ध्यान दिनुपर्ने समूह :**

| | | |
|---|---|---|
| (१) | गर्भवती तथा स्तनपान गराइरहेका महिला (विस्थापित) : | १०० जना |
| (२) | ५ वर्षमुनीका बालबालिका (विस्थापित) : | ३०० जना |
| (३) | जेष्ठ नागरिक तथा विभिन्न किसिमले अपाङ्गता भएका विस्थापित व्यक्ति : | ४०० जना |
| (४) | गैरखाद्य सामग्री : | १५५० परिवार |
| (५) | आवासका लागि जम्मा : | १८० परिवार |
| (६) | सङ्कटासन्न समूह (जेष्ठ नागरिक, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, दीर्घ रोगी) सरुवा रोगीलाई छुट्टै अवासको व्यवस्था | ११०० जना |

## ८.४.२ समष्टिगत उद्देश्य :

(१) आवास सुरक्षित तथा न्यूनतम मानवीयस्तरको बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने । यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्मनिर्भरता तथा स्वः व्यवस्थापन (Self-management) प्रक्रिया अपनाउन जोड दिइनेछ ।

(२) शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM): प्राकृतिक विपद्का कारणले घरवारविहिन बनेका मानिसहरूका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवनस्तर उठाई शिविरहरूमा जीवनस्तरमा सुधार ल्याउने किसिमका क्रियाकलापहरु सञ्चालन गर्ने ।

## ८.४.३ विशिष्ट उद्देश्य :

(१) जलवायुका प्रतिकूल असरहरूबाट संरक्षण प्रदान गर्नका लागि मानिसहरूसँग छाना भएका पर्याप्त ठाउँ हुनेछन् ।

(२) जलवायुबाट संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्बल एवं लुगा हुनेछन् ।

(३) घरायसी भाँडाकुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि आवश्यक सामग्रीहरु जस्तैः साबुन आदिको व्यवस्था गरी मानवीय मर्यादा तथा कल्याणका लागि न्यूनतम औजारहरूमा पीडित परिवारहरूको पहुँच पुग्नेछ ।

## ८.४.४ मानवीय सहयोगसम्बन्धी मापदण्ड :

यससम्बन्धी विवरण देहाय बमोजिम हुनेछन् :

(१) स्फेयर मापदण्ड अनुसार औषतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्गमिटरको छाना भएको क्षेत्र उपलब्ध छ, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तिमा पनि ४, ५ मिटरको डोरीसहितको प्लाष्टिक सिट र सहायता सामग्री,

(२) कम्बलमा मानिसहरूको पर्याप्त पहुँच,

(३) दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा ।

(४) महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाइसम्बन्धी सामग्रीको आपूर्ति भएको हुने,

(५) मानिसहरूसँग उपयुक्त घरायसी सामग्री हुने (एक सेट भाँडा),

(६) शिविर बन्द गर्ने र वहिर्गमन रणनीति,

(७) शिविर स्थापना गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ, जुन जमिन सुरक्षित तथा स्फे्यरको मापदण्ड अनुसार हुनु पर्नेछ,

(८) विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा नै समझदारी पत्र (MOU) मा दस्तखत गर्ने,

(९) शिविरका लागि योजना तर्जुमा गर्दा नै साँस्कृतिक तथा सामाजिक मूल्यहरु एवं परिस्थितिलाई ध्यानमा राख्ने,

(१०) शिविर स्थापना गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरुको अभिलेख हेर्ने वा अभ्यास बुझ्ने र

(११) सरकारी निकाय, नागरिक समाज, स्थानीय तह तथा क्षेत्रगत निकाय र समूहसँगको परामर्शमा शिविरको स्थापना गर्ने ।

### ८.४.५ आपत्कालीन प्रतिकार्य सम्बन्धी गतिविधि :

(विपद्/आपत्कालीन परिस्थितिको अवधिमा)

| क्र.स. | प्रतिकार्य सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १ | आपत्कालीन विषयगत समितिको समन्वय बैठक<br>❖ जानकारीको सङ्कलन<br>❖ परिस्थितिको विश्लेषण | स्थानीय तह, नेपाल प्ररहरी, नेपाल रेडक्रस सोसाइटी | तत्काल विपद् आएको २ घण्टाभित्र, पहिलो ७ दिनसम्म १ दिन बिराएर, दोस्रो हप्ताबाट हप्तामा १ पटक |
| २ | कार्यदललाई परिस्थिति विश्लेषणका लागि प्रभावित क्षेत्रमा पठाउने । | स्थानीय तह, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी | ४ घण्टाभित्र |
| २.१ | अवस्था विश्लेषण गरी ल्याएको प्रतिवेदन अनुसार तत्काल बैठक बस्ने र कार्ययोजना बनाउने । | स्थानीय तह, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी | १२ घण्टाभित्र |
| ३ | विस्थापितहरूलाई पूर्वनिर्धारित स्थानमा बासको व्यवस्था मिलाउने, आश्रयस्थल (Shelter) निर्माणको लागि सामग्रीको व्यवस्था गर्ने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | १२ घण्टाभित्र |
| ४ | बाँकी विस्थापितहरूलाई सुरक्षित स्थानमा त्रिपालको व्यवस्था गरी अस्थायी बसोबास गराउने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | १२ घण्टाभित्र |
| ५ | गैरखाद्य सामग्री तत्काल विपद् प्रभावित क्षेत्रमा पठाउने र वितरण गर्ने (वितरण गर्दा परिवार सङ्ख्या, लिङ्ग र उमेरका आधारमा आवश्यकता पहिचान गरी लक्षित वर्गलाई विशेष ध्यान दिइने) | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | १२ घण्टाभित्र |
| ६ | अन्य विषयगत समिति (खानेपानी, स्वास्थ्य, शिक्षा, सुरक्षा निकाय, सम्बन्धित (INGOs, NGOs) सँग समन्वय गरी मानवीय सेवा प्रदान गर्ने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | २४ घण्टाभित्र |
| ७ | अन्य क्षेत्रका टोलीहरूसँग मिली बहुक्षेत्रगत प्रारम्भिक द्रुत | स्थानीय तह, नेपाल प्ररहरी, | ३ देखि ५ दिनभित्र |

| क.स. | प्रतिकार्य सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | लेखाजोखा (MIRA) सञ्चालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी | |
| ७.१ | बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखाबाट आएको सूचनाको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने । | स्थानीय तह, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी | ७ दिनभित्र |
| ७.२ | प्रतिवेदनलाई जिल्ला विपद् व्यवस्थापन समिति र अन्य क्षेत्रका प्रमुखहरूलाई उपलब्ध गराउने । | स्थानीय तह, नेपाल प्रहरी नेपाल रेडक्रस सोसाइटी | ७ दिनभित्र |
| ८ | उद्धार गरिएका पीडितहरूलाई आवास स्थलमा बुझ्ने र दर्ता गर्ने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | आवश्यकता अनुसार, नियमित |
| ९ | परिस्थिति समीक्षा/मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने । | स्थानीय तह, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी | प्रत्येक हप्ता |
| १० | आवासको निरीक्षण र अनुगमन । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | प्रत्येक हप्ता |
| ११ | विस्थापितहरूलाई पुनर्स्थापना/पुनर्निर्माण कार्यका लागि आवश्यक सहयोग गर्ने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | १ महिनामा |
| १२ | प्रतिवेदन तयार गरी छलफलका लागि पेश गर्ने । | नेपाल रेडक्रस सोसाइटी | १ महिनामा |

### ८.४.६ आपतत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि :

(विपद्/सङ्कटकालीन परिस्थितिभन्दा पहिले)

| क.स. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १ | क्षेत्रगत निकायहरुसँग समन्वयात्मक बैठकलाई नियमित गर्ने | नेपाल रेडक्रस सोसाइटी | वैशाख |
| २ | पूर्वतयारीका लागि कार्यदल गठन (नाम, ठेगाना, सम्पर्क नं. समेत) | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | वैशाख दोस्रो हप्तासम्म |
| ३ | जिल्ला तथा स्थानीय क्षेत्रगत निकायहरुको क्षमता तथा श्रोत नक्सांकन गर्ने | नेपाल रेडक्रस सोसाइटी | वैशाख तेस्रो हप्तासम्म |
| ४ | स्थानीयवासीको प्रतिकार्यमा गठित कार्यदलले सुरक्षित स्थान तथा आश्रयस्थलको पहिचान गर्ने | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | वैशाख तेस्रो हप्तासम्म |
| ५ | स्रोतको कमी मापन गरी सोको परिपूर्तिका लागि क्षेत्रगत निकायहरुसँग समन्वय गरी व्यवस्थापन गर्ने | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | जेष्ठको पहिलो हप्ता |
| ६ | राष्ट्रिय क्षेत्रगत निकायहरुसँग परिस्थिति विश्लेषण र स्रोत उपलब्धताबारे बैठक बसी छलफल गर्ने । | नेपाल रेडक्रस सोसाइटी | जेष्ठको पहिलो हप्ता |
| ७ | सुरक्षित गोदामको पहिचान गरी व्यवस्थापन गर्ने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | जेष्ठको दोस्रो हप्ता |
| ८ | गोदामको सुरक्षा व्यवस्था मिलाउन सुरक्षा निकायसँग समन्वय गर्ने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | समान भण्डारण गर्नु १ हप्ता अघि |
| ९ | विपद् प्रभावित गाउँपालिकामा सामुदायिक आश्रयस्थलको निर्माण गर्ने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | चैत्र, वैशाख |
| १० | विस्थापित परिवारका लागि गैरखाद्य सामग्री सङ्कलन गरी भण्डारण गर्ने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | जेष्ठको तेस्रो हप्तासम्म |
| ११ | विस्थापित परिवारलाई अस्थायी आवासको व्यवस्थापन गर्न १००० थान त्रिपालको जगेर्ना गरी भण्डारण गर्ने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | जेष्ठको तेस्रो हप्तासम्म |
| १२ | आवासका सामग्री तथा गैरखाद्य सामग्री वितरणका लागि आवश्यक यातायातको पहिचान तथा व्यवस्थापनका साथै स्वयंसेवकको पहिचान गरी तालिम दिने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | जेष्ठको तेस्रो हप्तासम्म |
| १३ | परिचालित स्वयंसेवकको दुर्घटना बीमा तथा जीवन बीमाका | नेपाल रेडक्रस सोसाइटी | समितिमा अनुरोध |

| क.स. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | लागि जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध गर्ने । | | गर्ने |
| १४ | गोदामघरको नियमित अनुगमन, निरीक्षण रेखदेख गर्ने । | नेपाल रेडक्रस सोसाइटी | नियमित |
| १५ | कार्यदलले DDRC मा नियमित प्रतिवेदन दिने । | नेपाल रेडक्रस सोसाइटी | प्रत्येक महिनामा |

## ८.४.७ आवास तथा गैरखाद्य सामग्री क्षेत्रको लागि अनुमानित बजेट :

| क.सं. | गतिविधि | ईकाई | परिमाण | दर (रु) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| १ | समन्वय बैठक | पटक | ६ | २००० | १२,००० | ने.रे.सो. |
| २ | सामग्री भण्डारणका लागि गोदामघर भाडामा लिने | महिना | ३ | १५०० | ४,५०० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| ३ | गोदामघरको संरक्षण र व्यवस्थापनका लागि कर्मचारी व्यवस्था | महिना | ३ | ४५०० | १३,५०० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| ४ | विस्थापित परिवारका लागि आश्रयस्थलको निर्माणका लागि पारिश्रमिक | बटा | ६० | ३५० | २१,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| ५ | आश्रयस्थलको निर्माणका लागि बाँस, डोरी खरिद | वटा | | | १०,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| ६ | विस्थापित परिवारका लागि किचन सामग्री (बाल्टिन, जग, थाल, कचौरा, डाँडु, पनियो, बाटा, डेक्ची, कराई, गिलास, चूलो, दाउरा) । | सेट | २३० | २००० | ४,६०,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका |
| ७ | विस्थापित परिवारलाई अस्थायी आवासको व्यवस्थापन गर्न त्रिपाल खरिद । | थान | २३० | ८०० | १,८४,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका |
| ८ | विस्थापित परिवारलाई अस्थायी आवासको व्यवस्थापन गर्न ओढ्ने ओछ्याउने कपडा (कम्बल १, मेटिक्स २) खरिद । | सेट | २३० | १००० | २,३०,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| ९ | दुई वर्षसम्मका केटाकेटीहरूका लागि कपडा (भोटो, भेष्ट, सुरुवाल, ब्लान्केट, टोपी, पेन्टी) | सेट | २३० | ६५० | १४९५०० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| १० | दुईदेखि पाँच वर्षसम्मका बालबालिकाका लागि कपडा ( सुट, ब्लान्केट, टोपी, पेन्टी) | सेट | २३० | ६५० | १,४९,५०० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| ११ | गर्भवती तथा स्तनपान गराई रहेकी महिला (पेटीकोट, ब्लाउज, पछ्यौरी, सारी, पेन्टी) | सेट | १३५ | १२०० | १,६२,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| १२ | गर्भवती महिला (सुत्केरी सामग्री) | सेट | ५४ | २५० | १३,५०० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल, विश्व खाद्य कार्यक्रम |
| १३ | जेष्ठ नागरिक तथा विभिन्न किसिमले अपाङ्गता भएका विस्थापित महिलालाई १ सेट | सेट | ६० | १२०० | ७२,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |

| क्र.सं. | गतिविधि | ईकाई | परिमाण | दर (रु) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| | कपडा (पेटीकोट, ब्लाउज, पछ्यौरा, सारी, चप्पल) | | | | | |
| १४ | जेष्ठ नागरिक तथा विभिन्न किसिमले अपाङ्गता भएका विस्थापित पुरुषलाई १ सेट कपडा (दौरा, सुरुवाल, टोपी, कच्छा, चप्पल) | सेट | ६० | १२०० | ७२,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| १५ | ढुवानीको व्यवस्थापन | | | | २०,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| १६ | स्वयंसेवकहरूलाई खाजा खर्च | जना | १०० | १०० | १०,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| १७ | स्वयंसेवकहरूलाई तालिम | जना | २० | | १०,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| १८ | स्वयंसेवकको दुर्घटना बीमा | जना | २० | ६२५ | १२,५०० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| १९ | अनुगमन, मूल्यांकन तथा प्रतिवेदन तयारी | | ३ | २००० | ६,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| २० | यातायात खर्च स्वयंसेवक | | ३ | ६००० | १८,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| २१ | एम्बुलेन्स मर्मत सम्भार | | | | ५०,००० | ने.र.सो., जिसस, गाउँपालिका, नगरपालिका, तयार नेपाल |
| **जम्मा** | | | | | **१,६८०,०००** | |

**नेपाल रेडक्रस सोसाइटीले प्रभावित भएका परिवारलाई दिने राहत विवरण :**

१. भाँडा १ सेट
२. सारी १ थान
३. त्रिपाल १
४. कम्मल २
५. सुटिङ्ग कपडा ३.५ मिटर
६. प्रिन्टेड कपडा ७ मिटर
७. सादा कपडा २ मिटर
८. टेरिकटन कपडा ४ मिटर
९. पलास्टिक बाल्टी १ वटा
१०. नाईलन डोरी १० मिटर

***(नेपाल रेडक्रस सोसाइटीमा ५० परिवारलाई पुग्ने गरी सामान स्टक राख्ने गरिएको)***

### ८.५ खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन (WASH) क्षेत्र :

**विषयगत क्षेत्र अगुवा निकाय : खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**

#### ८.५.१ खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :

| क्र.सं. | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|

| क्र.सं. | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १. | टेक बहादुर ओली | जिल्ला समन्वय समिति, दैलेख | ०८९४१०११४, ९८४१०५१२७६ |
| २. | बसन्त श्रेष्ठ | सोसेक नेपाल, दैलेख | ०८९४१०१८७, ९८५८०५०५९४ |
| ३. | दिपक शाही | एभरेष्ट क्लब | ०८९४१०२४७, ९८१५५१८२९३ |
| ४. | सुनिता चन्द | महिला सशक्तिकरण मञ्च | ०८९४१०२३१, ९८४८०६४३१९ |
| ५. | थिरप्रसाद रेग्मी | स्वास्थ्य सेवा कार्यालय, दैलेख | ०८९ ४१०१२७, ९८५८०२८११७ |
| ६. | शन्देश कुमार श्रेष्ठ | नारायण नगर खानेपानी तथा स.स.उ.स. | ९८४८०५०३७५ |
| ७. | डिलकुमारी चन्द | गै.स.स.महासंघ | ९८४४८६२२५ |

**(क) विपद् सम्बन्धी परिस्थिति (विपद्बाट हुनसक्ने सम्भावित मानवीय असर) :**

विपद्बाट प्रभावित हुनसक्ने गाविस : ५ गाउँपालिका र ३ नपा

कुल जनसंख्या : २२,०००

घरधुरी : १५५० घरधुरी

विस्थापित हुनसक्ने कुल जनसंख्या : ११०० जना

विस्थापित हुन सक्ने जम्मा घरधुरी : २५० घरधुरी

(१) विपद्को कारणबाट सुरक्षित खानेपानीको मुहान अवरुद्ध हुने साथै खानेपानीका मुहान समेत नष्ट हुने ।

(२) विपद्ले गर्दा शौचालय भत्किएर वातावरणमा प्रतिकुल असर पुऱ्याउने ।

(३) सुरक्षित पानीको अभाव तथा ढलबाट दूषित वातावरणले गर्दा झाडापखाला तथा हैजा फैलिने जोखिम बढ्ने ।

(४) स्वच्छ खानेपानी तथा सरसफाइका सुविधाहरुमा पहुँच आवश्यक हुने विस्थापित परिवारहरुको कुल संख्या २५० ।

### ८.५.२ समष्टिगत उद्देश्य :

प्रभावित परिवारहरुको जीवनयापन सुचारु गर्न अत्यावश्यक खानेपानी, स्वास्थ्य तथा सरसफाइसँग सम्बन्धित न्यूनतम सेवाहरु सुनिश्चित गर्ने र यिनीहरुसँग सम्बन्धित रोगब्याधीहरू फैलन नदिन उपयुक्त रोकथामका उपाय समेत अपनाउने । साथै समाजमा रहेका जातीय समूहहरुबीच सद्भाव कायम हुने गरी आश्रयस्थलमा उपयुक्त व्यवस्थापन पर्ने ।

### ८.५.३ विशिष्ट उद्देश्य :

(१) विस्थापित समुदायका लागि, खासगरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी,

(२) स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।

(३) विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्यसम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित व्यवहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

(४) सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सफासुग्घर (Cleanliness) कायम गर्न सचेतना बढाइएको र तिनको सशक्तिकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

### ८.५.४ खानेपानी तथा सरसफाइका क्षेत्रमा मानवीय सहयोगका न्यूनतम मापदण्ड :

(१) पहाडी क्षेत्रहरूमा विपद्पछि पहिलो हप्तासम्म पाइपद्वारा अथवा जिल्ला सदरमुकामको खानेपानी योजनासँग सम्बन्ध कायम गरी खानेपानी भण्डारण गरिने र ट्याङ्कीद्वारा प्रतिदिन प्रतिव्यक्ति न्यूनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुऱ्याउने ।

(२) शिविरमा बस्ने विस्थापित मानिसहरू तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तिहरूका लागि पानी सङ्कलन गर्नका लागि बाल्टीन र पानी शुद्ध गर्नका लागि ३० दिनसम्म खानेपानी शुद्ध गर्ने Aqua Tab अथवा वाटर गार्ड (Water guard), प्यूष उपलब्ध गराउने ।

(३) शिविरमा बसोबास गर्ने विस्थापित मानिसहरूका लागि उपयुक्त सरसफाइ एवं महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी हरेक २० व्यक्तिका लागि एक चर्पी र पहिलो हप्ताभित्र हरेक १० व्यक्तिका लागि एक चर्पीको दरले सो संख्यालाई बढाउने ।

(४) शिविरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई जिल्ला स्वास्थ्य तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैरसरकारी संघसंस्था, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयम्सेवकहरुसँग मिली स्वास्थ्य सम्बन्धी किट (kits) वितरण गर्ने र स्वास्थ्य प्रवर्द्धन सम्बन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हात धुने) सञ्चालन गर्ने ।

(५) एकरूपताका लागि जिल्ला आपत्कालीन योजनालाई राष्ट्रिय आपत्कालीन योजनासँग मेल खाने गरी तयार पार्ने ।

### ८.५.५ आपत्कालीन प्रतिकार्य सम्बन्धी गतिविधि :

(विपद्/आपत्कालीन परिस्थितिको अवधिमा)

| क.स. | प्रतिकार्य सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १ | WASH क्षेत्रको समन्वय बैठकः<br>➢ सूचना सङ्कलन तथा परिस्थिति विश्लेषण<br>➢ कार्य तथा जिम्मेवारी बाँडफाँड<br>➢ सहयोगी संस्थाको पहिचान<br>➢ Cluster सदस्यहरूबीच सम्झौता गर्ने<br>➢ Gap विश्लेषण गर्ने | सम्बन्धित गाउँपालिका तथा नगरपालिका | पहिलोः विपद् आएको २४ घण्टाभित्र<br>दोस्रोः पहिलो साता १ दिन बिराएर<br>तेस्रोः दोस्रो हप्तामा १ पटक |
| २ | विपद्बाट भएको क्षतिबारे सूचना सङ्कलन गरी आवश्यकताको विश्लषेण गर्ने । | जिल्ला समन्वय समिति, स्थानीय तह | ३ दिनभित्र |
| ३ | WASH Cluster सदस्यहरूले आ–आफ्नो माथिल्लो निकायमा Gap को जानकारी गराई प्रतिकार्यको लागि अनुरोध गर्ने । | जिल्ला समन्वय समिति, स्थानीय तह | ३ दिनभित्र |
| ४ | अन्य क्षेत्रका टोलीहरूसँग मिली बहुक्षेत्रगत द्रुत लेखाजोखा (MIRA) सञ्चालन गर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह | ३ दिनभित्र |
| ५ | MIRA विश्लेषण गरी प्रतिवेदन तयार गर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह | ५ दिनभित्र |
| ६ | खानेपानी शुद्धिकरणका सामान वितरण गर्ने<br>➢ १० लिटरका बाल्टीन १ र १ वटा<br>➢ १ लिटरको जग १<br>➢ पिउस (पहिलो १ हप्ता)<br>➢ वाटर गार्ड (१ हप्ता पछि) | जिल्ला समन्वय समिति, स्थानीय तह | १ हप्ताभित्र |
| ७ | पानी शुद्धिकरण गर्ने तरिका सम्बन्धी अभिमुखीकरण गर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह | १ हप्ताभित्र |
| ८ | विस्थापितहरूलाई प्रति परिवार एक सेट हाईजिन किट (हर्पिक, ब्रस, फिनेल, बाल्टिन, मग) उपलब्ध गराउने र अभिमुखिकरण | जिल्ला समन्वय समिति | १० दिन भित्र |

| क्र.स. | प्रतिकार्य सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | गर्ने । | | |
| ९ | विस्थापितहरूको लागि WASH का सुविधाको निर्माण तथा मर्मत कार्य ।<br>➢ २० महिलाको लागि १ नयाँ शौचालय निर्माण<br>➢ ५० पुरुषको लागि १ नयाँ शौचालय निर्माण<br>➢ महिला बालबालिका विस्थापितलाई स्नानगृह निर्माण<br>➢ पूराना चर्पी तथा धारा निर्माण गर्ने (पूर्वाधार स्थापना गर्दा अपाङ्ग, महिला, बालबालिका, पुरुष सबैलाई पायक र सहज हुने गरी प्रतिकार्य व्यवस्था मिलाउने) | जिल्ला समन्वय समिति, स्थानीय तह | १ हप्ताभित्र |
| १० | सरसफाइ प्रवर्द्धन कार्यक्रम सञ्चालन<br>➢ विस्थापित शिविर क्षेत्रको निर्मलीकरण<br>➢ फोहरमैला व्यवस्थापन<br>➢ सरसफाइ समिति गठन<br>➢ सूचना, शिक्षा तथा संचारसम्बद्ध सामग्री वितरण<br>➢ स्वयम्सेवक परिचालन<br>➢ सरसफाइ सम्बन्धी जनचेतना (माईकिङ्ग, सडक नाटक) | जिल्ला समन्वय समिति, स्थानीय तह | १ हप्तादेखि नियमित |
| ११ | व्यक्तिगत तथा सामूहिक सरसफाइ र सरुवा रोगको महामारी ( जस्तैः झाडापखाला) सम्बन्धी स्वास्थ्य क्षेत्रसँग समन्वय गरी स्वास्थ्य र सरसफाइ सचेतना कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला समन्वय समिति, स्थानीय तह | दोस्रो हप्तादेखि |
| १२ | प्रभावित विद्यालय, मदरसा, स्वास्थ्य केन्द्रमा चर्पि र पानीका कलहरूको मर्मत गरी सञ्चालनमा ल्याउने । | जिल्ला समन्वय समिति, स्थानीय तह | तेस्रो हप्ताबाट |
| १३ | अन्य क्षेत्र र समुदायसँग छलफल र समन्वय गरी पृष्ठपोषण लिई सुधार गर्ने । | जिल्ला समन्वय समिति | दोस्रो हप्ता वा नियमित |
| १४ | वास क्षेत्रको नियमित बैठकको प्रतिवेदन तयार गरी वितरण गर्ने । | जिल्ला समन्वय समिति | प्रत्येक हप्ता |
| १५ | अनुगमन तथा मूल्यांकन गर्ने । | जिल्ला समन्वय समिति | नियमित |

### ८.५.६ आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि :

(विपद्/सङ्कटकालीन परिस्थितिभन्दा पहिले)

| क्र.स. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १ | WASH क्लस्टरको नियमित बैठक :<br>➢ बैठकको निरन्तरताको लागि निर्णय<br>➢ वास क्लस्टरको संस्था र सदस्य पहिचान<br>➢ हरेक संस्थाको सम्पर्क व्यक्ति पहिचान गर्ने<br>➢ हरेक संस्थाको स्रोत साधनको नक्सांकन गर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह | वैशाखदेखि आश्विनसम्म र आवश्यकता अनुसार |
| २ | खानेपानी तथा सरसफाइका पूर्वाधारसम्बन्धी उच्च जोखिममा पर्ने गाउँपालिकामा रहेका समुदाय, विद्यालय, स्वास्थ्य चौकी र सम्भावित स्थानान्तरण गर्ने क्षेत्रको अवस्था अध्ययन गरी कार्य योजना तयार गर्ने । | जिल्ला समन्वय समिति, स्थानीय तह | मंसिरदेखि फाल्गुन सम्म |
| ३ | विभिन्न संस्थासँग भएको खानेपानी तथा सरसफाइ सामग्रीको मौज्दात विवरण सङ्कलन गर्ने | जिल्ला समन्वय समिति | असार |

| क्र.स. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| ४ | WASH सम्बन्धी विभिन्न तहमा दक्षता भएका व्यक्ति र संस्थाहरुको रोष्टर तयार गर्ने | जिल्ला समन्वय समिति | फाल्गुण र चैत्र |
| ५ | मिरासम्बन्धी तालिम र कार्य सञ्चालनः<br>➢ मिराको फाराम नेपालीमा तयार गर्ने<br>➢ WASH कलस्टरका सबैलाई र विपद्बाट उच्च प्रभावित गाउँपालिकाका स्वयम्सेवक कर्मचारीलाई मिरासम्बन्धी तालिम दिने | जिल्ला समन्वय समिति, स्थानीय तह | वैशाख |
| ६ | खानेपानी तथा सरसफाइ सम्बन्धी पूर्वाधार निमार्णका लागि ईस्टिमेट गर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह | माघ र फाल्गुण |
| ७ | खानेपानी तथा सरसफाइ सम्बन्धी स्थानीय स्रोत साधन तथा सीप परिचालन गर्न महिला, बालबालिका तथा अपाङ्ग सबैको लागि योजना बनाउने । | जिल्ला समन्वय समिति, स्थानीय तह | माघ र फाल्गुण |
| ८ | विपद् प्रभावित गाउँपालिकामा नालाहरूको निर्माण तथा ममर्त गर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह | चैत्र |
| ९ | अति आवश्यक खानेपानी तथा स्वास्थ्य सरसफाइ सम्बन्धी सामग्रीहरूको जर्गेना गरी भण्डारण गर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह | जेष्ठ र आषाढ |
| १० | WASH cluster का सदस्य तथा ग्रामीण महिला स्वास्थ्य कार्यकर्तालाई खानेपानी तथा सरसफाइ सम्बन्धी तालिम दिने | जिल्ला समन्वय समिति, स्थानीय तह | जेष्ठ |
| ११ | व्यक्तिगत तथा सामुदायिक सरसफाइ र पानी शुद्धिकरण, हाईजिन किट सम्बन्धी समुदायलाई अभिमुखीकरण गर्न ग्रामिण महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई परिचालन गर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह | जेष्ठदेखि आश्विन |
| १२ | स्थानीय भाषामा खानेपानी तथा सरसफाइ सम्बन्धी प्रचार प्रसार समग्री तयार गरी प्रचारप्रसार गर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह | जेष्ठदेखि भाद्रसम्म |
| १३ | केन्द्रीयस्तरमा WASH Cluster ले तयार पारेको अनुगमन सूचक तथा फारमहरू स्थानीयस्तरमा उपयोगी बनाई WASH Cluster सदस्यहरूलाई अभिमुखीकरण गर्ने | जिल्ला समन्वय समिति | चैत्र |
| १४ | जिल्ला तथा गाउँस्तरका बाल समूह र नाट्य समूहलाई WASH सम्बन्धी तालिम सञ्चालन गर्ने | जिल्ला समन्वय समिति | चैत्र र वैशाख |

### ८.५.७ खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन क्षेत्रको लागि अनुमानित बजेट :

| क्र.सं. | गतिविधि | इकाई | परिमाण | दर (रु) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| १ | WASH क्षेत्रको समन्वय बैठक | वटा | ३ | १००० | ३,००० | जिल्ला समन्वय समिति |
| २ | खानेपानी शुद्धिकरणका सामान खरिद, ढुवानी र वितरण | | | | | |
| २.२ | पिउस (पहिलो १ हप्ताको लागि ५ वटा प्रति परिवार) | वटा | १००० | २० | २०,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| २.३ | वाटर गार्ड (१ हप्तापछिको लागि १ वटा प्रतिपरिवार) ३ महिनाको लागि) | संख्या | १००० | ४० | ४०,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| ३ | खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धनका लागि स्वास्थ्य स्वयंसेवीकाको परिचालन | जना | ५० | १५०० | ७५,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| ४ | विस्थापितहरूलाई प्रतिपरिवार एक सेट हाईजिनकिट (ब्रस, फिनेल, बाल्टिन, मग) | परिवार | २०० | ५०० | १,००,००० | जिसस, गाउँपालिका, नगरपालिका |

| क.सं. | गतिविधि | इकाई | परिमाण | दर (रु) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| ५ | विस्थापितहरूको लागि WASH का सुविधाको निर्माण तथा मर्मत कार्य | | | | | |
| ५.१ | शिविरमा विस्थापितहरूको लागि खानेपानीको धारा निर्माण | वटा | १५ | १०००० | १,५०,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| ५.२ | २० महिलाको लागि १ नयाँ शौचालय निर्माण | वटा | १० | २००० | २०,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| ५.३ | ५० पुरुषको लागि १ नयाँ शौचालय निर्माण | वटा | १० | २००० | २०,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| ७ | प्रभावित विद्यालय, स्वास्थ्य केन्द्रमा चर्पी र पानीका कलहरूको मर्मत | वटा | १० | १०००० | १,००,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| ८ | सूचना, शिक्षा तथा संचारसम्बन्धी सामग्रीको तयारी | | | ४०००० | ४०,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| ९ | WASH cluster का सदस्य तथा ग्रामीण महिला स्वास्थ्य कार्यकर्तालाई खानेपानी तथा सरसफाइ सम्बन्धी १ दिने तालिम | जना | १५० | २०० | ३०,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| १० | अनुगमन मूल्यांकन | पटक | २ | २०००० | ४०,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| ११ | Aqua Tab | वटा | १०००० | ५ | ५०,००० | जिसस, गाउँपालिका, नगरपालिका |
| **जम्मा** | | | | | **६,८८,०००** | |

**८.५.८ तथ्याङ्कीय अवस्था :**

(१) सरसफाइको क्षेत्रमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र तत्कालीन जिल्ला विकास समिति दैलेखको अगुवाईमा दैलेख जिल्लालाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिसकिएको ।

(२) स्वच्छ पिउने पानीको व्यवस्था पाईपबाट गरिए तापनि जनचेतनाको अभावका कारणले गर्दा उनीहरुले परम्परागत रुपमा प्रयोग गर्दै आइरहेका मुहानहरुको पानीको प्रयोग गर्ने गरेकोले झाडापखाला फैलिने सम्भावना बढी मात्रामा रहेकोले सो सम्बन्धी जानकारी दिनको लागि उनीहरुलाई प्रचारप्रसारका सामग्री तथा सडक नाटक प्रस्तुतीबाट उनीहरुलाई जनचेतना गराउनु पर्ने आवश्यकता ।

## ८.६ स्वास्थ्य तथा पोषण (Health and Nutrition) क्षेत्र :

**विषयगत क्षेत्र अगुवा निकाय : जिल्ला स्वास्थ्य कार्यालय**

### ८.६.१ स्वास्थ्य तथा पोषण क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :

| क.सं. | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १. | धर्मराज रेग्मी | स्वास्थ्य सेवा कार्यालय, दैलेख | ०८९४१०१२७, ९८५८०४४९९० |
| २. | थिरप्रसाद रेग्मी | स्वास्थ्य सेवा कार्यालय, दैलेख | ०८९४१०१२७, ९८५८०४५१२७ |
| ३. | टेक बहादुर ओली | जिसस, जि.स.अ. | ०८९४१०११४, ९८४१०५१२७६ |
| ४. | कुसुम श्रेष्ठ | नेपाल परिवार नियोजन संघ | ०८९४१००७७, ९८४४८७१३६४ |
| ५. | बसन्त श्रेष्ठ | सोसेक नेपाल दैलेख | ०८९४१०१८७, ९८५८०५०५९४ |
| ६. | दिपक कुमार शाही | एभरेष्ट क्लब दैलेख | ०८९४१०२४७, ९८१५५१८२९३ |

**(क) विपद्सम्बन्धी परिस्थिति (बाढीबाट हुनसक्ने सम्भावित मानवीय असर) :**

१. **महामारीजन्य रोगहरू (खाद्यपदार्थ तथा पानीजन्य रोगहरू) :**
कोरोना भाईरस, झाडापखाला, आउँ/रगतमासी, हैजा, टाईफाईड, एच.आई.भि. एड्स, खाद्यजन्य विषाक्तता ( संक्रमित खाद्य पदार्थ, मासु, च्याउ) हेपटाइटिस "ए", "ई" आदि ।

**२. हावाको माध्यमबाट :**
स्वाईन फ्ल्यु, आपत्कालीन तल्लो श्वासप्रश्वास प्रणाली संक्रमण, निमोनिया, आदि ।

**३. कीटजन्य रोग :**
रेविज आदि ।

**४. प्रत्यक्ष सम्पर्कबाट :**
हेपटाईटिस "बी", ATI, आँखाको संक्रमण, छालाको संक्रमण, HIV/AIDS,आदि

५. चोटपटक, घाईते आदि,

६. **सेवा अवरुद्ध** :
मातृसेवा, खोप, पोषण, क्षयरोग, कुष्ठरोग, परिवार नियोजन सेवा आदि ।

७. **भौतिक अवस्था** :
कर्मचारीको अभाव, औषधी उपकरण नष्ट हुने, उपचार केन्द्र क्षतिग्रस्त हुनु आदि ।

**(ख) लक्षित जनसङ्ख्या :**

- ❖ प्रभावित कुल जनसङ्ख्या : २२,००० जना
- ❖ प्रजनन उमेरका महिला (विस्थापित) : १३०० जना महिला
- ❖ १० देखि १९ किशोर किशोरी (विस्थापित) : ४३० जना
- ❖ ५ वर्ष सम्मका बच्चा (विस्थापित) : २८० जना
- ❖ ६० वर्षभन्दा बढी उमेरका बुढाबुढी (विस्थापित) ४५० जना
- ❖ गर्भवती महिलाको सङ्ख्या (विस्थापित) : १२० जना
- ❖ प्रतिमहिना प्रसुति हुनेको सङ्ख्या (विस्थापित) : ३० जना
- ❖ ६ देखि ५९ महिनासम्मको कुपोषित बच्चा (विस्थापित) : १० जना
- ❖ मध्यम कुपोषित (विस्थापित) : ३० जना
- ❖ कडा कुपोषित (विस्थापित) : १० जना

### ८.६.२ समष्टिगत उद्देश्य :

जस्तोसुकै आपत्कालीन अवस्था परे तापनि मानव जीवन सुरक्षित, स्वस्थ र भरपर्दो (Human survival, healthy and well-being), खासगरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषणसम्बन्धी आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने ।

### ८.६.३विशिष्ट उद्देश्य :

**(क) स्वास्थ्यः**

(१) कोरोना, झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत सबैले सहयोग गर्ने ।

(२) अरू द्रुत लेखाजोखा (Rapid assessment) प्रतिवेदनसँग एकीकृत गरी स्वास्थ्य तथा पोषण अवस्था तथा सेवाहरुको द्रुत सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने ।

(३) रोग फैलिन गएका खण्डमा प्रभावकारी प्रतिकार्य तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने ।

(४) आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न, स्वास्थ्य शिविरको सञ्चालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (Referral mechanism) को विकास गर्न जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग पुर्‍याउने ।

(५) पर्याप्त आपत्कालीन आपूर्ति र मानव स्रोत लगायतका विषयमा शीघ्र क्षमता अभिवृद्धिका लागि जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

**(ख) पोषण :**

(१) विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा दूध खुवाउने महिला एवं पाँच वर्षमुनीका केटाकेटीहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
(२) गम्भीर कुपोषण (Severe Acute Malnutrition - SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
(३) निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयलाई मद्दत गर्ने ।
(४) भिटामिन ए को वितरण, जुका मार्ने औषधी तथा प्रभावित केटाकेटीहरुका लागि खोप सम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

### ८.६.४ स्वास्थ्य र पोषण क्षेत्रका मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्ड :

(१) प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धी निगरानी (Health surveillance) सुरु गर्ने ।
(२) समुदायस्तरमा रोग तथा चोटपटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट, स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै सङ्ख्यामा गम्भीर बिरामीहरूलाई सिफारिस गरी बाँकीलाई अन्य केन्द्रहरू (Referral centres) मा पठाई आपत्तकालीन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिने ।
(३) सिफारिस गरी पठाइने अन्य केन्द्रहरू (Referral centres) मा केन्द्रहरूमा पुग्नका निमित्त बिरामीहरूका लागि उपयुक्त यातायातको प्रवन्ध गरिनेछ ।

### ८.६.५ आपत्कालीन प्रतिकार्य सम्बन्धी गतिविधि :

(आपत्त्कालीन परिस्थितिको अवधिमा)

| क्र.सं. | प्रतिकार्य सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १ | Health/Nutrition (H/N) क्षेत्रको समन्वय बैठकः<br>➢ परिस्थितिको विश्लेषण<br>➢ जिल्ला विपद् व्यवस्थापन समितिलाई प्रतिकार्य योजनाको जानकारी<br>➢ प्रतिकार्य योजनाको कार्यान्वयनलाई १ उपसमूह गठन<br>➢ उपसमूहलाई भूमिका र जिम्मेवारी तोक्ने<br>➢ उपसमूहको कार्यक्षेत्र निर्धारण गर्ने<br>➢ प्रतिकार्य योजनाको समीक्षा गरी सुधार गर्ने | स्वास्थ्य सेवा कार्यालय | बाढी सुरु भएको २४ घण्टाभित्र, पहिलो सात दिनसम्म १ दिन बिराएर, दोस्रो हप्तापछि हप्तामा १ पटक |
| २ | द्रुत लेखाजोखा (Rapid Assessment)<br>➢ द्रुत लेखाजोखा सञ्चालन गर्ने<br>➢ द्रुत लेखाजोखाको सूचनालाई वर्ष र लिंगका आधारमा विश्लेषण गर्ने<br>➢ सूचनालाई परीक्षण (Verify) गर्ने<br>➢ प्रतिकार्य गर्नुपर्नेजनसंख्याको अनुमान गर्ने<br>➢ आपत्कालीन प्रतिकार्यको लागि आवश्यक पर्ने सामग्री, औषधी, मानव स्रोतको अनुमान गर्ने ।<br>➢ जिल्ला विपद् व्यवस्थापन समिति र उपसमूहलाई सोको जानकारी गराउने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | ३ दिनभित्र |
| ३ | तत्कालीन मानवीय सहयोग (Response) | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |
| ३.१ | जिल्लाको द्रुत प्रतिकार्य टोली (RRT) लाई परिचालन गर्ने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| ३.२ | खोप (Immunization) सेवा कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |
| ३.३ | झाडापखाला, ARI जस्ता रोगहरूको नियन्त्रणका लागि कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |
| ३.४ | स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरी चेतना अभिवृद्धि गर्ने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |
| ३.५ | कुपोषित बालबालिका, गर्भवति तथा सुत्केरी महिलाको पहिचान गरी supplementary feeding को व्यवस्था गर्ने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |
| ३.६ | Long Lasting Insectiside Treated Net वितरण गर्ने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |
| ३.७ | स्टेचर र एम्बुलेन्सको व्यवस्था गर्ने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |
| ३.८ | पोषण क्लिनिक सञ्चालन गर्ने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |
| ३.९ | संरक्षण क्षेत्रसँग समन्वय गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |
| ४ | अनुगमन (Monitoring) | | |
| ४.१ | अनुगमन चेकलिष्ट तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति र उपसमितिलाई जानकारी गराउने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | आवश्यकता अनुसार |
| ४.२ | अनुगमन टोलीको गठन गरी अनुगमन गर्ने | स्वास्थ्य सेवा कार्यालय | ३ देखि १५ दिनसम्म |
| ४.३ | जिल्ला विपद् व्यवस्थापन समिति र अन्य क्षेत्रका सदस्य मिलि संयुक्त अनुगमन (Joint Monitoring) गर्ने | स्वास्थ्य सेवा कार्यालय | ३ देखि १५ दिनसम्म |
| ४.४ | अनुगमनबाट प्राप्त नतिजालाई जिल्ला विपद् व्यवस्थापन समिति र अन्य क्षेत्रका सदस्यलाई जानकारी गराउने र आवश्यक परेमा तत्काल कार्य योजना बनाउने | स्वास्थ्य सेवा कार्यालय | ३ देखि १५ दिनसम्म |
| ५ | प्रतिवेदन (Reporting) | | |
| ५.१ | राहत तथा प्रतिकार्य सम्बन्धी सूचनाहरू सङ्कलन गर्ने | स्वास्थ्य सेवा कार्यालय | ३० दिनपछि |
| ५.२ | प्रतिवेदन तयार गर्ने र सबै क्षेत्रसँग छलफल गरी जनकारी गराउने | स्वास्थ्य सेवा कार्यालय | ३० दिनपछि |
| ५.३ | अनुगमनबाट प्राप्त नतिजालाई जिल्ला विपद् व्यवस्थापन समितिको बैठक समक्ष छलफल गर्ने र वितरण गर्ने | स्वास्थ्य सेवा कार्यालय | ३० दिनपछि |
| ५.४ | अन्तिम प्रतिवेदन तयार गर्ने | स्वास्थ्य सेवा कार्यालय | ३० दिनपछि |
| ६ | अन्य क्षेत्रसँग (WASH, Food, Protection) समन्वय बैठकको आयोजना गर्ने | स्वास्थ्य सेवा कार्यालय | प्रत्येक हप्तामा १ पटक |

### ८.६.६ आपत्तकालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि :

(विपद्/सङ्कटकालीन परिस्थितिभन्दा पहिले)

| क्र.स. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १ | क्लस्टरको नियमित बैठक :<br>बैठकलाई नियमित गर्न मिति तोक्ने<br>जिम्मेवारी बाँडफाँड | स्वास्थ्य सेवा कार्यालय | फाल्गुण/जेष्ठ |
| २ | जिल्लास्थित Rapid Response Team का १५ जनालाई द्रुत लेखाजोखा सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य सेवा कार्यालय | फाल्गुण |
| ३ | Cluster सँग सम्बन्धित संस्थाहरूमा रहेको गाडी, एम्बुलेन्स, स्टेचर | स्वास्थ्य सेवा कार्यालय | फाल्गुण |

| क्र.स. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | र जनशक्तिको नक्सांकन गर्ने | | |
| ४ | मानवीय सहयोगको लागि अत्यावश्यक औषधी (ORS, IV Fluides, Tablets and Suspension of metronidazole, Ciprofloxacin, Digestives tablet, and water Purification liquids etc.) को व्यवस्थापन गरी भण्डारण गर्ने | स्थानीय तह, स्वास्थ्य कार्यालय लकान्द्र, राकम, दुल्लु, नौमूले र वेस्तडा | प्रत्येक वर्ष फाल्गुण |
| ५ | ढुवानीको व्यवस्था गर्न गाडी तयारी अवस्थामा राख्ने | स्थानीय तह, स्वास्थ्य सेवा कार्यालय | आवश्यकता अनुसार |
| ६ | एम्बुलेन्स र स्टेचरको व्यवस्था गर्ने र तयारी अवस्थामा राख्ने | स्थानीय तह, स्वास्थ्य सेवा कार्यालय | आवश्यकता अनुसार |
| ७ | प्रति गाउँपालिका २ सेटका दरले ४० सेट प्राथमिक उपचार किट (First Aid Kits) को व्यवस्था गरी राख्ने | स्थानीय तह, स्वास्थ्य सेवा कार्यालय | आषाढ मसान्त |
| ८ | पोषण (Infant Feeding in Emergency and Supplementary Feeding) सम्बन्धमा ११ गाउँपालिकाका २५० जना स्वास्थ्य कार्यकर्ता (प्यारामेडिक्स) लाई २ दिने तालिम सञ्चालन गर्ने | स्थानीय तह, स्वास्थ्य सेवा कार्यालय | जेष्ठ मसान्त |
| ९ | बच्चा, गर्भवती तथा सुत्केरी महिला गरी जम्मा १,२९० जनाको लागि १०० ग्राम प्रति दिनका दरले १ महिनाका लागि अतिरिक्त खाद्यान्न (Supplementary Food) को भण्डारण गरी सञ्चय गर्ने । | स्थानीय तह, स्वास्थ्य सेवा कार्यालय | आषाढ मसान्त |
| १० | स्वास्थ्य शिविर सञ्चालनका लागि थप स्वास्थ्य कार्यकर्ताको पहिचान गर्ने | स्वास्थ्य सेवा कार्यालय | जेष्ठको अन्तसम्म |
| ११ | सूचना, शिक्षा तथा संचारसम्बन्धी सामग्रीको छपाई गर्ने र प्रति गाउँपालिका ५०० प्रतिका दरले उपलब्ध गराउने, सूचनालाई स्थानीय वा राष्ट्रिय एफ.एम.बाट प्रसारण गरी जनचेतना फैलाउने । | स्वास्थ्य सेवा कार्यालय | जेष्ठको अन्तिमसम्म र निरन्तर |
| १२ | स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्न माइकद्धारा सन्देश प्रसारण, सडक नाटकको आयोजना गर्ने | स्थानीय तह, स्वास्थ्य सेवा कार्यालय | फाल्गुणदेखि आषाढसम्म |
| १३ | स्वास्थ्य कार्यकर्ता र सामुदायिक संस्थाका स्वायम्सेवक गरी ४०० जनालाई (१०० HW, २०० FCHV, १०० Volunteers) सूचना, शिक्षा तथा संचारसम्बन्धी सामग्रीको प्रयोग र अन्तर व्यक्ति संवाद सम्बन्धी अभिमुखीकरण गर्ने | स्वास्थ्य सेवा कार्यालय | जेष्ठको अन्तिमसम्म |
| १४ | अनुगमन तथा प्रतिवेदन तयारीका लागि सम्पर्क व्यक्ति (Focal Person) तोक्ने | स्वास्थ्य सेवा कार्यालय | आषाढ मसान्तसम्म |

### ८.६.७ स्वास्थ्य तथा पोषण क्षेत्रको लागि अनुमानित बजेट :

| क्र.सं. | गतिविधि | इकाई | परिमाण | दर (रु) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| १ | समन्वय बैठक | वटा | ६ | १००० | १५,००० | स्वास्थ्य सेवा कार्यालय |
| २ | प्रारम्भिक मानवीय सहयोग सम्बन्धी अभिमुखीकरण (१ दिने) | जना | ३० | ५०० | २५,००० | स्वास्थ्य सेवा कार्यालय |
| ३ | अत्यावश्यक औषधीहरूको भण्डारण | कोठा | ३ | २०००० | ६०००० | स्वास्थ्य सेवा कार्यालय, जिसस |
| ५ | जनचेतना अभिवृद्धिका लागि सडक नाटक | पटक | ३० | ३००० | ९०,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| ६ | जनचेतना अभिवृद्धिका लागि पोष्टर निर्माण तथा छपाई | थान | १००० | १५ | १५,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका |

| क.सं. | गतिविधि | इकाई | परिमाण | दर (रु) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | विकास साझेदार |
| ७ | जनचेतना अभिवृद्धिका लागि लिफ्लेट छपाई | थान | ५००० | ५ | २५,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| ८ | First Aid Kits को व्यवस्थापन | थान | ९२ | १००० | ९२,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| १० | पोषण सम्बन्धमा २६ गाउँपालिकाका स्वास्थ्य कार्यकर्तालाई २ दिने अभिमुखीकरण | जना | ४० | ४०० | १६,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| ११ | Infant Feeding in Emergency and Supplementary Feeding सम्बन्धी २ दिने तालिम | जना | ९२ | १००० | ९२,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| १३ | अति कुपोषित बच्चाहरूलाई पुनर्स्थापना | १ पटक | ११ | ३००० | ३३,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| १४ | पुनर्स्थापित बच्चाहरू हेरचाहको लागि पारिश्रमिक | १ महिना | ५ | ५००० | २५,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| १६ | एम्बुलेन्स सेवाका लागि इन्धन | १ महिना | | | ५०,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| १७ | स्वास्थ्य शिविरमा जनशक्तिको परिचालन (४ शिविरमा २ जनाको दरले) १ महिनाका लागि | जना | ८ | ५००० | ४०,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| १८ | स्वास्थ्य शिविरमा औजारको व्यवस्था | १ पटक | ४ | १००० | ४,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| १९ | स्वास्थ्य शिविरमा स्टोभ (प्रतिशिविर १ वटाका दरले ४ वटा ) | १ पटक | ४ | ५०० | २,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| २० | मट्टितेल प्रति दिन प्रति शिविर १ लिटरका दरले | लिटर | १२० | ९० | १०,८०० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| २१ | सुत्केरी स्याहार केन्द्रको व्यवस्थापन (एक महिनासम्म) | वटा | ४ | १२००० | ४८,००० | स्वास्थ्य सेवा कार्यालय, जिसस, स्वास्थ्य क्षेत्रका विकास साझेदार |
| २२ | अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण | | | | २०,००० | |
| **जम्मा** | | | | | **६,६२,८००** | |

**८.७ आपत्कालीन शिक्षा (Emergency Education) क्षेत्रः**

**विषयगत क्षेत्र अगुवा निकायः शिक्षा विकास तथा समन्वय इकाई**

**८.७.१ शिक्षा क्षेत्रको सम्पर्क व्यक्ति तथा सस्थाको विवरणः**

| क्र.सं. | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १ | रमेश बहादुर मल्ल | शिक्षा विकास तथा समन्वय इकाई | ०८९४१०१५०, ९८४८३००५२२ |
| २. | टेक बहादुर ओली | जिल्ला समन्वय अधिकारी | ०८९४१०११४, ९८४१०५१२७६ |
| ३. | बसन्त श्रेष्ठ | सोसेक नेपाल, दैलेख | ०८९४१०१८७, ९८५८०५०५४९ |
| ४. | दिपक कुमार शाही | एभरेष्ट क्लब, दैलेख | ०८९४१०२४७, ९८१५५१८२९३ |
| ५. | महारुप खत्री | सेवक नेपाल, दैलेख | ०८९४१०१४३, ९८५८०५०१४३ |

### (क) विपद् सम्बन्धी परिस्थिति (विपद्बाट हुन सक्ने सम्भावित असर) :

(१) अति उच्च जोखिम ११ गाउँपालिकाहरुका विद्यालयहरू विपद्बाट बढी प्रभावित भई हप्तौसम्म विद्यालय बन्द हुने गरेको कारण विद्यार्थीहरू शिक्षाका अवसरबाट बञ्चित ।
(२) विद्यालयका कक्षाकोठा, दराज, बेन्च, टेबल र पाठ्यपुस्तक जस्ता भौतिक सामग्रीको आंशिक रूपमा क्षति भई पठनपाठनलाई असर पुऱ्याएको ।
(३) विद्यार्थीका शैक्षिक सामग्रीहरु नष्ट भएको ।
(४) शिक्षकहरु स्वयं विपद्बाट प्रभावित भई विद्यालय आउन नसक्ने अवस्था ।
(५) विद्यार्थीहरु शिक्षण सिकाइमा अनुपस्थिति, अनुत्तीर्ण हुने, विद्यालय छाड्ने ।
(६) विद्यार्थीहरुमा मनोवैज्ञानिक समस्या सिर्जना हुने ।

### (ख) प्रभावित हुनसक्ने जनसङ्ख्या :

- ❖ कुल प्रभावित जनसङ्ख्या : ११,०००
- ❖ विस्थापित जनसङ्ख्या : २,०००
- ❖ ६-९ वर्ष सम्मका प्रत्यक्ष प्रभावित बालबालिका ८,००० (९०%)
- ❖ विस्थापित बालबालिका : ८०० जना
- ❖ १९ वर्षसम्मका प्रत्यक्ष प्रभावित बालबालिका : १२०० (१०%)
- ❖ विस्थापित बालबालिका : २०० जना

### ८.७.२ समष्टिगत उद्देश्य :

(१) प्रभावितहरुको जीवनयापनलाई सुचारु गरी शैक्षिक अधिकारको संरक्षण गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण बालबालिकाहरुको गुणस्तरिय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने ।
(२) सुरक्षित सिकाइको वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा बालबालिकाहरु र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।

### ८.७.३ विशिष्ट उद्देश्य :

(१) प्राकृतिक विपद्बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरिय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण तयार पार्ने ।
(२) प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत कार्यसमूहका सदस्यहरू (Cluster members) का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदानप्रदान सुनिश्चित गर्ने ।
(३) आपत्कालीन परिस्थितिमा पहिलो प्रतिकार्य उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने ।
(४) द्रुत तथा चालु (Rapid and on-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने र आपत्कालीन परिस्थितिमा रहेका बालबालिकाहरुको शिक्षाका निमित्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमुख प्रतिवद्धताहरु र न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
(५) आपत्कालीन परिस्थितिमा प्रतिकार्य उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Clusters) सँग सम्बन्ध स्थापना तथा सुदृढीकरण गर्ने ।

### ८.७.४ शिक्षामा मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्ड :

(१) विपद्को घटना घटेको पहिलो हप्ताभित्र शिक्षासम्बन्धी पूर्वाधार र शिक्षामा संलग्न संघसंस्था तथा व्यक्तिहरूका अवस्थाका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment) सञ्चालन गर्ने ।

(२) जिल्ला शिक्षा कार्यालय र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members) सँगको समन्वय तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बालबालिकाहरूको शिक्षालाई जारी राख्नका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।

(३) सम्भव भएसम्म यथासक्य चाँडो अर्थात् सिद्धान्ततः पहिलो दुई हप्ताभित्र न्यूनतम मापदण्ड बमोजिम, ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधारसहित विद्यालय जाने बालबालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बालबालिकाहरूका लागि सुरक्षित स्थानको स्थापना गर्ने ।

(४) विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (semi-structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाई जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरुको पुन : एकीकरण प्रारम्भ गर्ने ।

(५) विद्यालय बाहिर रहेका बालबालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छन् अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

(६) पीडित बालबालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमशः तिनलाई समावेश गर्दै लैजाने ।

## ८.७.५ आपत्कालीन प्रतिकार्य सम्बन्धी गतिविधिः

(विपद्/आपत्कालीन परिस्थितिको अवधिमा)

| क्र.सं. | प्रतिकार्य सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १ | विपद्पछि जानकारी सङ्कलन र जिम्मेवारी बाँडफाँडका लागि शिक्षा क्षेत्रका सबै सदस्यसँग समन्वय बैठक गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | १) पहिलो बैठक बाढी शुरु भएको २४ घण्टाभित्र<br>२) पहिलो हप्तामा २ दिनको फरकमा<br>३) दोस्रो हप्तामा २ पटक<br>४) त्यसपछि हप्तामा १-१ पटक |
| २ | शिक्षासम्बन्धी द्रुत लेखाजोखा सञ्चालन गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ | विपद् भएको ३ दिनदेखि ५ दिनभित्र |
| ३ | द्रुत लेखाजोखाको तथ्यांक विश्लेषण र प्रतिवेदन तयारी गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | २ दिनभित्रमा |
| ४ | शिक्षा क्षेत्रको बैठक आयोजना गरी माथिको प्रतिवेदनमा छलफल गर्ने र निष्कर्ष निकाल्ने | शिक्षा विकास तथा समन्वय इकाई | २ दिनभित्रमा |
| ५ | विस्थापित विद्यार्थीका लागि शैक्षिक सहयोग | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | पहिलो ५ दिनभित्र |
| ५.१ | विस्थापित विद्याथीलाई कक्षा सञ्चालनका लागि सुरक्षित स्थानको छनौट गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | १० दिन विस्थापित स्थापित नभएसम्म |
| ५.२ | विस्थापित विद्यार्थीहरूलाई अस्थायी विद्यालय (Temporary Learning Center) निर्माण गरी कक्षा सञ्चालन गर्ने । | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | १० दिनभित्रमा |
| ५.३ | विद्यालयमा भौतिक र शैक्षिक सामग्री उपलब्ध गराउने । | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | निरन्तर |
| ५.४ | विद्यार्थीलाई शैक्षिक सामग्रीका साथै पाठ्यपुस्तक र पोशाक सहयोग गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | ७ दिनभित्रमा |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| ५.५ | शिक्षक, स्थानीय स्वयम्सेवक, सहयोगी कार्यकर्ताको कार्यदल गठन गरी परिचालन गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | आवश्यकता अनुसार |
| ६ | WASH Cluster सँग समन्वय बैठकको आयोजना गरी अस्थायी विद्यालयमा खानेपानी र लैंगिकमैत्री शौचालयको व्यवस्था गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | ७ देखि १० दिनभित्र |
| ७ | समन्वय बैठक गरी मनोसामाजिक परामर्शका लागि संरक्षण क्षेत्रमा सिफारिस गर्ने | शिक्षा विकास तथा समन्वय इकाई | निरन्तर |
| ८ | नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | निरन्तर |
| ९ | विस्थापितहरूलाई विद्यालयमा नभए अन्य सुरक्षित स्थानमा व्यवस्थापन गर्न संरक्षण क्षेत्रगत समितिसँग समन्वय गर्ने । | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | निरन्तर |
| १० | समीक्षा बैठक सञ्चालन गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | कार्यक्रमको बीचमा र अन्त्यमा |

## ८.७.६ आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि :

(विपद्/सङ्कटकालीन परिस्थितिभन्दा पहिले)

| क्र.सं. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १ | व्यवस्थापन तथा समन्वय सम्बन्धी | | |
| १.१ | शिक्षा क्षेत्रको समन्वय बैठकको आयोजना:<br>❖ सदस्यहरूको पहिचान तथा खोजी<br>❖ स्रोत तथा क्षमताको पहिचान र सङ्कलन<br>❖ जिम्मेवारी बाँडफाँड<br>❖ सम्पर्क व्यक्ति तोक्ने | शिक्षा विकास तथा समन्वय इकाई | फाल्गुण |
| १.२ | व्यवस्थापन सम्बन्धी:<br>❖ सुरक्षित स्थानको पहिचान गर्ने ।<br>❖ अस्थायी विद्यालय स्थापनाको लागि चाहिने सामग्रीको पहिचान र व्यवस्थापन गर्ने ।<br>❖ आवश्यक शैक्षिक सामग्रीको व्यवस्था तथा पाठ्यक्रम वा पाठ्यपुस्तक निर्माण गर्ने । | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | वैशाख |
| २ | विगतका वर्षमा सिकिएको सिकाइ अवलम्बन:<br>क) विद्यालयमा पर्खाल वा घेराबारको व्यवस्था<br>ख) विस्थापितलाई विद्यालयमा भन्दा सुरक्षित स्थानतर्फ व्यवस्था मिलाउन प्रयास गर्ने<br>ग) विपद् सम्बन्धमा शिक्षक, विद्यार्थी र समुदायलाई चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | वैशाख |
| ३ | बहुक्षेत्रीय प्रारम्भिक द्रुत लेखाजोखा (MIRA)<br>❖ MIRA को लागि टोली र सदस्यहरूको पहिचान | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | वैशाख मसान्तसम्म |

| क्र.सं. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | ❖ तथ्यांक सङ्कलनकर्ताको कार्यक्षेत्र निर्धारण<br>❖ तथ्यांक सङ्कलनकर्ताको मुख्य सम्पर्क व्यक्ति पहिचान<br>❖ मिरा अभिमुखीकरण कार्यक्रममा सहभागिता | | |
| ४ | आधाररेखा (Baseline) सम्बन्धी तथ्याङ्क सङ्कलन :<br>❖ जोखिमपूर्ण क्षेत्रका विद्यालय, मदरसा, विद्यार्थी, शिक्षकको तथ्यांक सङ्कलन<br>❖ जिल्लाका विभिन्न निकाय/सरोकारवालाहरूसँग उपलब्ध स्रोतको आकलन र नक्साङ्कन | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | निरन्तर |
| ५ | बाढी प्रभावित क्षेत्रको शिक्षक, सामाजिक कार्यकर्ताको रोष्टर निर्माण गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | चैत्र |
| ६ | बाढी प्रभावित क्षेत्रको शिक्षक, समुदाय र सामाजिक कार्यकर्तालाई पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | चैत्र |
| ७ | रोष्टरमा रहेका सदस्यहरूलाई जनचेतनामुखी कार्यक्रम सञ्चालन गर्न परिचालन गर्ने | शिक्षा विकास तथा समन्वय इकाई | आषाढको १५ |
| ८ | अस्थायी सिकाइ केन्द्रका लागि आवश्यक पर्ने त्रिपाल, शिक्षक रोष्टर, विद्यालय किट, विद्यार्थी किट, पाठ्यपुस्तक, पोशाक, स्टेशनरी आदिको अग्रिम व्यवस्थापन गरी सञ्चय गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | आषाढ मसान्तसम्म |
| ९ | बाढी प्रभावित क्षेत्रका विद्यालयहरूलाई विद्यालय किटको व्यवस्था गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | आषाढ मसान्तसम्म |
| १० | सूचना, शिक्षा तथा सूचनासम्बन्धी सामग्रीको व्यवस्थापन गर्ने | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | आषाढको पहिलो हप्ता |
| ११ | बाढी प्रभावित क्षेत्रका विद्यालयहरूमा जोखिम न्यूनीकरण गर्न रोकथाममूलक (Preventive) कार्यक्रमहरू सञ्चालन गर्ने । | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई | जेष्ठ मसान्तसम्म |
| १२ | अनुगमन चेक लिष्ट तयार गर्ने र अभिमुखीकरण गर्ने । | शिक्षा विकास तथा समन्वय इकाई | आषाढको पहिलो हप्ता |
| १३ | पूर्वतयारी योजनाको समीक्षा गर्नका लागि समन्वय बैठक :<br>❖ पूर्वतयारी गतिविधिहरूको अनुगमन गर्नका लागि कार्ययोजना तयार गर्ने<br>❖ अनुगमन गरी प्रतिवेदन पेश गर्ने | शिक्षा विकास तथा समन्वय इकाई | आषाढको पहिलो हप्ता निरन्तर |

### ८.७.७ शिक्षा क्षेत्रको लागि अनुमानित बजेट :

| क्र.सं. | गतिविधि | इकाई | परिमाण | दर (रु) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| १ | समन्वय बैठक | पटक | ४ | १००० | ४,००० | शिक्षा विकास तथा समन्वय इकाई |
| ३ | विस्थापित विद्यार्थीहरूलाई अस्थायी विद्यालय (Temporary Learning Center) को निर्माण | कोठा | ५ | ४०,००० | २,००,००० | शिक्षा विकास तथा समन्वय इकाई, सोसेक नेपाल, एभरेष्ट क्लब दैलेख |
| ४ | अस्थायी विद्यालयमा भौतिक सामग्री (कालोपाटी ५, टेबुल ५, कुर्ची ५) | सेट | ५ | १७००० | ८५,००० | शिक्षा विकास तथा समन्वय इकाई, जिसस, गाउँपालिका, नगरपालिका, सोसेक, एभरेष्ट |

| क.सं. | गतिविधि | इकाई | परिमाण | दर (रु) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | क्लब |
| ५ | विस्थापित विद्यार्थीलाई शैक्षिक सामग्रीका पाठ्यपुस्तक सहयोग | सेट | २३० | २०० | ४६००० | शि.स.ई., जिसस, ने.रे.सो., नगरपालिका, गाउँपालिका, सोसेक नेपाल, एभरेष्ट क्लब |
| ६ | विस्थापित विद्यार्थीलाई पोशाक सहयोग | सेट | २३० | ८०० | १८४००० | शि.स.ई., जिसस, ने.रे.सो., नगरपालिका, गाउँपालिका, सोसेक नेपाल, एभरेष्ट क्लब |
| ८ | विस्थापित विद्यार्थीलाई खाजाको व्यवस्थापन (१ महिना) | जना | २३० | १००० | २३०००० | शि.स.ई., जिसस, ने.रे.सो., नगरपालिका, गाउँपालिका, सोसेक नेपाल, एभरेष्ट क्लब |
| ९ | विपद् प्रभावित क्षेत्रको शिक्षक, समुदाय र सामाजिक कार्यकर्तालाई पूर्वतयारी सम्बन्धी १ दिने अभिमुखीकरण | गापा | ७ | १०००० | ७०००० | शि.स.ई., जिसस, ने.रे.सो., नगरपालिका, गाउँपालिका, सोसेक नेपाल, एभरेष्ट क्लब |
| १२ | विपद् प्रभावित क्षेत्रका विद्यालयहरूमा जोखिम न्यूनीकरण गर्न पूर्वसंरक्षण/रोकथामका भौतिक कार्यक्रमहरू सञ्चालन | स्थानीय तह | १० | ३०००० | ३००००० | शि.स.ई., जिसस, ने.रे.सो., नगरपालिका, गाउँपालिका, सोसेक नेपाल, एभरेष्ट क्लब |
| १३ | अनुगमन, प्रतिवेदन तयारी र पेश गर्ने । | | २ | ५००० | १०,००० | शिक्षा विकास तथा समन्वय इकाई |
| **जम्मा** | | | | | **११५२९००** | |

## ८.८ संरक्षण (Protection) क्षेत्र:

**विषयगत क्षेत्र अगुवा निकाय : जिल्ला प्रशासन कार्यालय, दैलेख**

### ८.८.१ संरक्षण क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :

| क.सं | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १ | राम बहादुर के.सी. | जिल्ला प्रशासन कार्यालय, दैलेख | ०८९४१०१२६, ९८५८०४०१२६ |
| २. | बसन्त श्रेष्ठ | सोसेक नेपाल | ०८९४१०१८७, ४१००९६, ९८५८०५०५९४ |
| ३. | रमा श्रेष्ठ | सोसेक नेपाल<br>महिला तथा बालबालिका सेवा केन्द्र | १०९८, ०८९४१०२२२, ९८५८०३६२२२ |
| ४. | सुनिता चन्द | महिला सशक्तिकरण मञ्च, दैलेख | ०८९४२०२३१, ९८४८०६४३१९ |
| ५. | चेतराज पाध्या | सेभ द चिल्ड्रेन, दैलेख | ९८४८६९१६६२ |

**(क) विपद् सम्बन्धी परिस्थिति (विपद्बाट हुनसक्ने सम्भावित मानवीय असर) :**

(१) मानवीय क्षति, घाइते बालबालिका, बिछोडिएका तथा एकल बालबालिका वा वृद्धवृद्धा, अनाथहरूको सङ्ख्यामा वृद्धि ।

(२) मानिस तथा पाल्तु जनावरहरूको आन्तरिक विस्थापन ।

(३) विद्यालय बन्द, शैक्षिक पठनपाठनमा अवरोध ।

(४) बढ्दो दुर्व्यवहार र शोषण, भेद्भाव, सम्भावित मानसिक आघात (Trauma) तथा मनोवैज्ञानिक त्रास ।

(५) लिङ्गमा आधारित हिंसा (Gender Based Violence - GBV) को बढ्दो जोखिम ।

(६) सामना गर्ने सयंन्त्र (Coping mechanism) मा अवरोध, शान्ति सुरक्षाको अभाव तथा सामान्य असुरक्षाको वातावरण ।

(७) केही समुदाय अथवा समूहहरुका लागि मानवीय प्रतिकार्यमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।

### ८.८.२ समष्टिगत उद्देश्य :

बालबालिका लगायत जोखिममा रहेका विभिन्न समूहहरूले आपत्कालीन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाबाट संरक्षण प्राप्त गर्ने खाद्य तथा गैरखाद्य सामग्रीको निर्दिष्ट सेवा प्राप्त गरी न्यूनतम स्तरिय मानवीय जीवनयापनको प्रत्याभूति दिने ।

### ८.८.३ विशिष्ट उद्देश्य :

(१) प्राकृतिक विपद् तथा अन्य आपात्कालीन परिस्थितिहरूमा उपलब्ध गराइने प्रतिकार्य कार्यक्रमहरूमा जोखिममा रहेका समूहहरूका लागि मानव अधिकारसम्बन्धी कानून, अन्तर्राष्ट्रिय मानवीय कानून तथा राष्ट्रिय कानूनले प्रत्याभूति गरेका (guaranteed) मौलिक अधिकारहरूको संरक्षण गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

(२) जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चित गरी आपत्कालीन प्रतिकार्यको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।

(३) आपत्कालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाका जोखिमहरूलाई सम्बोधन गरी विपद्बाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवा सम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने ।

(४) बालमैत्री ठाउँ तथा मनोसामाजिक परामर्श सम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बालबालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

(५) विछोड भएका बालबालिका, खासगरी पाँच वर्ष उमेरभन्दा मुनीका केटाकेटी तथा किशोरीहरुको पहिचान, दर्ता तथा स्वास्थ्यसम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधासहित परिवारको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

(६) यौन दुर्व्यवहार तथा हिसांका विरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी (advocacy) गर्ने प्रणालीको स्थापना गरी बालबालिका तथा महिलाहरूको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।

### ८.८.४ संरक्षणमा मानवीय सहयोगको न्यूनतम मापदण्ड :

(१) प्रभावित जनसमुदायको अधिकारको उल्लङ्घन भएमा वा दुर्व्यवहार तथा शोषण अथवा भेद्भावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई परिचालन गर्ने ।

(२) विभिन्न समुदायका सदस्यहरूबाट, विशेषतः अति गरिब तथा पछाडी पारिएका वा सीमान्तकृत समूहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच भए/नभएको अनुगमन गर्ने ।

(३) साझेदारहरुका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरुपता सुनिश्चित गर्ने ।

(४) बालमैत्री ठाउँ लगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने ।

(५) शिक्षा तथा संरक्षण सम्बन्धी प्रतिकार्य कार्यक्रममा मनोसामाजिक सहयोगलाई एकीकरण गर्ने ।

(६) हेरचाह गर्ने व्यक्तिहरूबाट बालबालिकाहरू विछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।

(७) विछोडिएका तथा परिवारसाथ नभएका बालबालिकाहरू, खासगरी पाँच वर्षको उमेरभन्दा मुनीका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको लागि सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरुलाई सहयोग उपलब्ध गराउने ।

(८) परिवारबाट विछोड भएमा वा साथमा नरहेका बालबालिकाहरू र अन्य जोखिममा परेका समूह जस्तैः परिवार नभएका, जेष्ठ नागरिक, अपांग तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरूलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने (बास तथा अन्य सेवाको व्यवस्था) ।

(९) मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रभाव भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

(१०) फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।

### ८.८.५ आपत्कालीन प्रतिकार्य सम्बन्धी गतिविधि :

(विपद्/आपत्कालीन परिस्थितिको अवधिमा)

| क्र.सं. | प्रतिकार्य सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| १ | संरक्षण क्षेत्रको समन्वय बैठक<br>❖ परिस्थिति विश्लेषण<br>❖ जिम्मेवारी बाँडफाँड | महिला तथा बालबालिका शाखा पालिकास्तर | पहिलो : विपद् भएको २४ घण्टाभित्र, दोस्रो : पहिलो साता १ दिन बिराएर, तेस्रोः दोस्रो हप्तामा १ पटक |
| २ | परिस्थिति विश्लेषण गरी जिल्ला विपद् व्यवस्थापन समितिमा प्रतिकार्यका लागि जानकारी गराउने | महिला तथा बालबालिका शाखा पालिकास्तर | २ देखि ७ दिनसम्म |
| ३ | अन्य क्षेत्रका टोलीहरूसँग मिली बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) सञ्चालन गर्ने | महिला तथा बालबालिका शाखा पालिकास्तर | ३ दिनभित्र |
| ४ | परिस्थिति सम्बन्धी पहिलो प्रतिवेदन तयार गर्ने | महिला तथा बालबालिका शाखा पालिकास्तर | ३ दिनभित्र |
| ५ | प्रारम्भिक लेखाजोखा प्रतिवेदन तयार गर्नको निम्ति आधार रेखाका तथ्यांकको समीक्षा गर्ने | महिला तथा बालबालिका शाखा पालिकास्तर | पहिलो दिनदेखि |
| ६ | प्रारम्भिक जानकारीका आधारमा प्रारम्भिक मानवीय सहयोग उपलब्ध गराउने | महिला तथा बालबालिका शाखा पालिकास्तर | ३ दिनभित्र |
| ७ | MIRA बाट सूचनाको विश्लेषण तथा क्षेत्रगत समूहले अनुमोदन गर्नेगरी प्रारम्भिक प्रतिकार्यको योजनासहित प्रतिवेदन तयार पार्ने | महिला तथा बालबालिका शाखा पालिकास्तर | १ हप्ताभित्र |
| ८ | श्रोत परिचालन गर्नका निम्ति क्षेत्रगत आकष्मिक योजनाको समिक्षा गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | ३ दिनभित्र |
| ९ | मानवीय सहायताका लागि प्रयोगमा ल्याउन सकिने भनी तयारी अवस्थामा राखिएका सम्झौताहरूलाई क्रियाशील बनाउने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | ३ दिनभित्र |
| १० | मानवीय सहायताको अनुगमन र सुधार गर्न पृष्ठपोषणका लागि टोली खटाउने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | १ हप्ताभित्र र निरन्तर |
| ११ | जोखिममा रहेका समूहहरूको पहिचान लगायत पहिलो ७ दिनभित्र मानवीय सहयोग र अन्य सेवा प्रदायकसँग सम्झौता गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | पहिलो दिनदेखि |
| १२ | हराएका, तनावग्रस्त, घाइते, अशक्त आदिको खोजी गर्ने र भेटिएकालाई पारिवारिक पुनर्मिलन गराउने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | निरन्तर |
| १३ | स्वयम्सेवकहरू परिचालन गरी मनोसामाजिक सहयोग उपलब्ध गराउने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | निरन्तर |
| १४ | गर्भवति तथा सुत्केरी आमाहरूको लागि सुरक्षित स्थान, स्याहार संभार, सरसफाइ र पोषणको व्यवस्थापन गर्न अन्य क्षेत्र (स्वास्थ्य, आवास, खाद्य तथा पोषण, WASH सँग समन्वय गर्ने | महिला तथा बालबालिका शाखा पालिकास्तर | निरन्तर |
| १५ | घाइते महिला तथा बालबालिकालाई उपचारको लागि शिविरमा सेवा प्रदान गर्न स्वास्थ्य क्षेत्रसँग समन्वय गर्ने | महिला तथा बालबालिका शाखा पालिकास्तर | निरन्तर |
| १६ | भेद्भाव, हिंसा, दुर्व्यवहार, शोषणका घटनाको नियमित अनुगमन गरी आवश्यक प्रतिकार्य गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | निरन्तर |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
| --- | --- | --- | --- |
| १७ | निगरानी समूह गठन गरी परिचालन गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | निरन्तर |
| १८ | कानुनी परामर्श तथा सहयोग गर्ने । | महिला तथा बालबालिका शाखा पालिका स्तर | निरन्तर |
| १९ | सुरक्षित तथा सुविधायुक्त स्थान, शौचालय र स्नानस्थलको व्यवस्थापन गर्न अन्य क्षेत्रसँग समन्वय गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | निरन्तर |
| २० | संरक्षणका सवाल तथा कानूनी उपचारका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | निरन्तर |
| २१ | मानव अधिकार अवस्थाको अनुगमन गरी प्रतिवेदन गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | निरन्तर |

### ८.८.६ आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि :

(विपद्/सङ्कटकालीन परिस्थितिभन्दा पहिले)

| क्र.सं. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
| --- | --- | --- | --- |
| १ | संरक्षण क्षेत्रको समन्वय बैठक<br>❖ बैठकलाई नियमित गराउने ।<br>❖ कार्य जिम्मेवारीको बाँडफाँड गर्ने ।<br>❖ संरक्षण सरोकारवाला संस्थाहरूको सम्पर्क सची तयार गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | वैशाखभित्र |
| २ | गत वर्षको विपद् सम्बन्धी संरक्षण कार्यमा सिकेका प्रमुख पाठहरुको पहिचान गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | वैशाखभित्र |
| ३ | संरक्षणमा कार्य गर्ने सरोकार संस्थाहरुको पहिचान गरी रोष्टर तयार गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | वैशाखभित्र |
| ४ | बहुक्षेत्रगत द्रुत लेखाजोखा सम्बन्धी सरोकारवालाहरूलाई तालिम दिने ( गृह मन्त्रालय, यु.एन., आदि संस्थाबाट प्रशिक्षकहरु आमन्त्रण गरी) | महिला तथा बालबालिका शाखा पालिकास्तर | वैशाख |
| ५ | बहुक्षेत्रगत द्रुत लेखाजोखा तथ्यांक सङ्कलन र विश्लेषणसहित प्रतिवेदन तयार पार्न सर्म्पक व्यक्ति (Focal Person) तोक्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | वैशाख |
| ६ | आधाररेखा (Baseline) सम्बन्धी तथ्याङ्क सङ्कलन :<br>➢ जोखिम क्षेत्रका महिला, बालबालिका, अपांग, अनाथ, गर्भवति महिला, वृद्धहरू, अशक्त, एकल महिला, HIV/AIDs संक्रमितहरुको तथ्यांक सङ्कलन गरी स्थिति विश्लेषण गर्ने ।<br>➢ मनोसामाजिक कार्यकर्ताहरूको तथ्याङ्क अद्यावधिक गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | वैशाखदेखि जेष्ठ |
| ७ | सङ्कटासन्न गाउँपालिकाहरूको सामाजिक नक्सा बनाउने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | माघ, फाल्गुण |
| ८ | सङ्कटासन्न गाउँपालिकामा विपद् व्यवस्थापन समितिँग छलफल गरी पूर्वतयारी कार्ययोजना बनाउने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | माघ, फाल्गुण |
| ९ | मानवीय सहयोगमा महिलाहरूको लागि बस्ने, नुहाउने, चर्पी र लुगा धुने पर्याप्त ठाँउ र छुट्टाछुट्टै राख्ने । आश्रय र खानेपानी तथा सरसफाइ क्षेत्रसँग छलफल गरी व्यवस्था गर्न पहल गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | जेष्ठ |
| १० | युवा किशोरी तथा महिलाहरूको महिनावारी सुरक्षित राख्न आवश्यक सामग्रीहरूको व्यवस्था मिलाउने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | जेष्ठ |
| ११ | फरक किसिमका आवश्यकता भएका व्यक्तिहरूको लगत अनुसार आवश्यक सामग्रीहरूको व्यवस्थापन गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | जेष्ठ |
| १२ | आमासमूह, क्लब, गाँउ स्तरका समूहलाई घरेलु हिंसाबारे जानकारी | महिला तथा बालबालिका | जेष्ठ |

| क्र.सं. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | तथा संगठित बनाई घरेलु हिंसा विरुद्ध आवाज उठाउने । | शाखा पालिकास्तर | |
| १३ | बाल क्लबहरू स्थापना गरी उनीहरूको क्षमता विकास गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | जेष्ठ |
| १४ | बालअधिकार संरक्षण सम्बन्धमा सरोकारवालाहरूलाई तालिम दिने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | जेष्ठ |
| १५ | जेष्ठ नागरिक तथा जोखिममा पर्नसक्ने समूहलाई पूर्वजानकारी एवं अभिमुखीकरण गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | भाद्र आश्विन |
| १६ | वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, गर्भवती, सुत्केरी, दलित जनजाती, पिछडा वर्गहरूलाई विशेष प्राथमिकता दिई समावेश गर्ने र अनुगमन मूल्यांकन गर्ने । | महिला तथा बालबालिका शाखा पालिकास्तर | निरन्तर |

### ८.८.७ संरक्षण क्षेत्रको लागि अनुमानित बजेट :

| क्र.सं. | गतिविधि | इकाई | परिमाण | दर (रु.) | जम्मा (रु.) | श्रोत |
|---|---|---|---|---|---|---|
| १. | समन्वय बैठक | पटक | ४ | १००० | ४,००० | महिला तथा बालबालिका शाखा |
| २. | स्वयम्सेवकहरू परिचालन गरी विस्थापितहरूलाई मनोसामाजिक सहयोग (१ महिना) | जना | ४ | ३,००० | १२,००० | महिला तथा बालबालिका शाखा, |
| ३. | युवा किशोरी तथा महिलाहरूको महिनावारी सुरक्षित राख्न आवश्यक सामग्रीहरूको व्यवस्था | जना | १०० | २०० | २०,००० | महिला तथा बालबालिका शाखा, जिस्वाका, जिसस, विफ दैलेख, सोसेक नेपाल दैलेख |
| ४. | फरक क्षमता भएका व्यक्तिहरूलाई आवश्यक सामग्रीहरूको व्यवस्थापन | जना | २० | १,००० | २०,००० | म.बा.शा., स्वास्थ्य सेवा कार्यालय, जिसस, गाउँपालिका, आवाज, विफ दैलेख, सोसेक नेपाल दैलेख, फेडो नेपाल |
| ५. | जेष्ठ नागरिक तथा जोखिममा पर्नसक्ने समूहलाई पूर्वजानकारी एवं अभिमुखीकरण | गापा | ७ | १०००० | ७०,००० | म.बा.शा., स्वासेका, जिसस, विफ दैलेख, सोसेक नेपाल दैलेख |
| ६. | प्रजनन स्वास्थ्य सम्बन्धी अभिमुखीकरण | जना | २३० | २५० | ४५,००० | म.बा.शा., स्वासेका, जिसस, विफ दैलेख, सोसेक नेपाल दैलेख |
| ७. | अपांगहरूका लागी १ दिने पूर्वजानकारी तथा अभिमुखीकरण गोष्ठी | पालिका | ७ | ५,००० | ३५,००० | म.बा.शा., स्वासेका, जिसस, विफ दैलेख, सोसेक नेपाल दैलेख |
| ८. | गर्भवति, सुत्केरी, हिंसा पीडितका लागि सामग्री (आवश्यकता अनुसार) | जना | | | २,००,००० | म.बा.शा., स्वासेका, जिसस, विफ दैलेख, सोसेक नेपाल दैलेख |
| ९. | बालअधिकार संरक्षण सम्बन्धी २ दिने तालिम | पटक | ७ | १०००० | ७०००० | म.बा.शा., स्वासेका, जिसस, जि.बा.म., विफ दैलेख, सोसेक नेपाल दैलेख |
| १०. | सरोकारवालाहरूसँगको १ दिने अन्तरक्रिया गोष्ठी | पटक | १ | १५,००० | १५,००० | म.बा.शा., स्वासेका, जिसस, विफ दैलेख, सोसेक नेपाल दैलेख |
| ११. | अनुगमन, प्रतिवेदन तयारी | | | | १०,००० | म.बा.शा. |
| **जम्मा** | | | | | **५०१,०००** | |

## ८.९ सर्वेक्षण तथा अभिलेख (Assessment & Documentation)

**विषयगत क्षेत्र अगुवा निकाय : नेपाल रेडक्रस सोसाइटी, दैलेख**

### ८.९.१ सर्वेक्षण तथा अभिलेख क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :

| क्र.सं. | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १. | बद्रीनाथ गैरे | जिल्ला प्रशासन कार्यालय, दैलेख | ०८९४२०११२, ९८५८०१७७७७ |
| २. | गणेश बहादुर बराल | जिल्ला प्रहरी कार्यालय, दैलेख | ०८९४२०११३, ९८५८०१५५५५ |
| ३. | राधाकृष्ण दास | वन डिभिजन कार्यालय, दैलेख | ०८९ ४२०१३२, ९८५८०५०१३२ |
| ४. | टेक बहादुर ओली | जिल्ला समन्वय समिति, दैलेख | ०८९४१०११४, ९८४१०५१२७६ |
| ५. | रेशम बहादुर बुढा | नारायण नगरपालिका कार्यालय, दैलेख | ०८९४१०१३५, ९८५८०५१२२१ |
| ६. | निर्जनकुमार खत्री | नेपाल रेडक्रस सोसाइटी, दैलेख | ०८९४२०१७९, ९८५८०६३६७२ |
| ७. | दिपक कुमार शाही | एभरेष्ट कलव, दैलेख | ०८९४२०२४७, ९८४८०६९८३२ |
| ८. | बसन्त श्रेष्ठ | सोसेक) नेपाल | ०८९४१०१८७, ९८५८०५०५९४ |
| ९. | सुनिता चन्द | महिला सशक्तिकरण मञ्च, दैलेख | ०८९४२०२३१, ९८४८०६४३१९ |
| १०. | महारुप खत्री | सेवक दैलेख | ०८९४१०१४३, ९८५८०५०१४३ |

**मुख्य विपद्को किसिमः** भूकम्प, पहिरो, बाढी, आगलागी, खडेरी र हावाहुरी

### (क) विपद् सम्बन्धी परिस्थिति (विपद्बाट हुनसक्ने सम्भावित असरहरु) :

(१) व्यक्तिहरु प्रभावित भएका, हराइरहेका, घाइते भइरहेका हुनेछन् ।

(२) भौतिक स्रोत साधन, पूर्वाधार, धनजनको क्षति भइरहेको परिस्थिति ।

(३) राहत कार्यका लागि विभिन्न मानवीय सहायता गर्ने संघसंस्थाहरुको लागि यथार्थ विवरणहरुको आवश्यकता परेको हुनेछ ।

### ८.९.२ समष्टिगत उद्देश्यः

विपद्का कारण परेको तत्कालीन तथा दीर्घकालीन मानवीय प्रभावको यथार्थपरक सूचना संकलन तथा आवश्यकताको आकलन गरी आवश्यकता अनुसारको राहत तथा पुनर्लाभ सहयोग शिघ्र उपलब्ध गराउनका लागि तथ्यांक उपलब्ध गराउनु हो ।

### ८.९.३ विशिष्ट उद्देश्यः

- विपद्मा परेका व्यक्तिहरुको यथार्थ विवरण पत्ता लगाउने ।
- विपद् व्यवस्थापनमा कार्यरत संघसंस्थालाई वास्तविक तथ्यांक उपलब्ध गराउने ।
- उद्धार गरिएका व्यक्ति, डुबानको स्थिति, पुरिएका व्यक्ति, वेपत्ता/मृत्यु, घाइतेको विवरण, चौपाया तथा अन्य क्षतिको अभिलेख राख्ने ।

### ८.९.४ सर्वेक्षण तथा अभिलेखमा मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्डः

- क्षेत्रगत अनुसार सर्वेक्षण टोली निर्माण गरी सर्वेक्षण फारामका बारेमा अभिमुखीकरण गर्ने ।
- रेडक्रस, स्थानीय तह, सुरक्षा निकाय, राजनैतिक दलका प्रतिनिधिहरु, प्रभावित समुदायका मानिस तथा समुदायका अगुवाहरुसँगको समन्वय र सहकार्यमा सर्वेक्षण कार्य गर्ने ।
- सम्भव भएसम्म विपद्को क्षेत्रमा कार्यरत स्थानीय संघसंस्थाहरुको कार्यक्षेत्र अनुसार परिचालन गर्ने ।

**विपद् अवस्थामा आधारित आपत्कालीन प्रतिकार्य योजना**

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपत्कालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपत्कालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टा | सञ्जालभित्रबाट सूचना संकलन (टेलिफोन मार्फत) | • रेडक्रस सञ्जालभित्रका सदस्यहरुको सम्पर्क नम्बर संकलन र अद्यावधिक गर्ने | ▪ | • स्थानीय तह, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, उपशाखा<br>• DDRT | |
| २ देखि ७ घण्टा | सञ्जाल मार्फत प्रभावित क्षेत्रको अवलोकन तथा इरा फारामको प्रयोग गरी प्रारम्भिक सूचना संकलन । | • रेडक्रस सञ्जालहरुलाई अभिमुखीकरण । | | • स्थानीय तह, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, उपशाखा<br>• DDRT | |
| ८ देखि २४ घण्टा | उपशाखाले पठाएको सूचनाहरु एकिकृत गरी जिल्ला शाखा मार्फत जिल्ला विपद् व्यवस्थापन समितिलाई पेश गर्ने । IRA Tools को प्रयोग गरि विशेष सर्बेक्षण फारम भर्ने | • सञ्जालहरुलाई अभिमुखीकरण<br>• सूचनाहरु एकिकृत गर्नको लागि दक्ष जनशक्ति तयारी अवस्थामा राख्ने ।<br>• सर्वेक्षणका लागि आवश्यक मानवीय संसाधन, सरसामान, स्रोतको पूर्वलेखाजोखा गर्ने<br>• रेडक्रस संजाल, DDRT लाई फारम भर्ने बारे अभिमुखीकरण गर्ने ।<br>• ५००० प्रति फारमहरु छपाई गरी राख्ने । | दक्ष जनशक्तिको अभाव । अभिमुखीकरण खर्च र छपाईका लागि आर्थिक श्रोतको अभाव | • नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, उपशाखा<br>• सुरक्षा निकाय<br>• गा.पा./न.पा<br>• स्थानीय संघसंस्था | अनुमानित रु ३०,०००।- |
| दोश्रो दिनदेखि १० दिनसम्म | MIRA Form प्रयोग गरी क्लष्टरस्तरको बहुक्षेत्रगत द्रुत लेखाजोखा गर्ने । | ▪ रेडक्रस संजाल, DDR, शिक्षक नायक र क्लष्टरका सदस्यहरुलाई मिरा सम्बन्धी तालिम दिने<br>▪ १५००० प्रति मिराका फारमहरु छपाई गर्ने । | अभिमुखीकरण खर्च र छपाईका लागि आर्थिक श्रोतको अभाव । | • स्थानीय तह<br>• जिल्ला प्रशासन कार्यालय<br>• एभरेष्ट कलव<br>• नेपाल रेडक्रस सोसाइटी<br>• जिल्ल समन्वय समिति | छपाईका लागि अनुमानित लागत रु. २,००,०००।- र अभिमुखीकरणमा अनुमानित लागत रु. ३,००,०००।- |
| ११ दिनदेखि १५ दिनसम्म | तथ्याङ्कहरु एकिकृत गर्ने, विश्लेषण गर्ने र जिल्ला विपद् | ▪ दक्ष जनशक्तिहरु तयारी अवस्थामा राख्ने । | परिचालन खर्चको अभाव । | • नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, उपशाखा | अनुमानित लागत रु. ३,००,०००।- |

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपत्कालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपत्कालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| | व्यवस्थापन समितिमा पेश गर्ने । | | | • सुरक्षा निकाय<br>• गा.पा./न.पा. | |
| १६ दिनदेखि ४५ दिनसम्म | CSDA form को प्रयोग गरी आवश्यकता अनुसार बहुक्षेत्रगत विस्तृत लेखाजोखा गर्ने । | ▪ क्षेत्रगत लेखाजोखाको लागि फारमहरु तयारी अवस्थामा राख्ने ।<br>▪ कम्प्युटर, फोटोकपी फ्याक्स, इमेल तयारी अवस्थामा राख्ने | छपाईका लागि आर्थिक श्रोतको अभाव । | • नेपाल रेडक्रस सोसाइटी<br>• DDRC<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• गा.पा./न.पा.<br>• सोसेक नेपाल<br>• एभरेष्ट कलब | अनुमानित लागत रु. २,००,०००।- |
| ४५ दिनदेखि निरन्तर अन्त नभएसम्म | PDNA Formको प्रयोग गरी विपद् पश्चात् आवश्यकताको लेखाजोखा गर्ने । | ▪ लेखाजोखाको लागि फारमहरु तयारी अवस्थामा राख्ने ।<br>▪ कम्प्युटर, फोटोकपी फ्याक्स, इमेल तयारी अवस्थामा राख्ने | छपाईका लागि आर्थिक श्रोतको अभाव । | • नेपाल रेडक्रस सोसाइटी<br>• DDRC<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• गा.पा./न.पा.<br>• सोसेक नेपाल<br>• एभरेष्ट कलव | अनुमानित लागत रु. ३,००,०००।- |

**कार्यान्वयन योजनासहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समयसीमा |
|---|---|---|---|---|
| १. | सर्वेक्षणका लागि आवश्यक मानवीय संसाधन, सरसामान, स्रोतको पूर्वलेखाजोखा गर्ने | नेपाल रेडक्रस सोसाईटी | बैठक | मनसूनपूर्व |
| २ | IRA, MIRA, CSDA तथा क्लष्टर सम्बन्धी आवश्यक फारामहरु छाप्ने | स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, रेडक्रस, एभरेष्ट क्लब | फारामहरु छाप्ने | ,, |
| ३ | IRA, MIRA, CSDA तथा क्लष्टर सर्वेक्षकहरुलाई अभिमुखीकरण तथा तालिम दिने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, रेडक्रस, एभरेष्ट क्लब | तालिम | ,, |
| ४ | सर्वेक्षणमा खटिने टोलीबीच समन्वयात्मक बैठक बस्ने | नेपाल रेडक्रस सोसाईटी | बैठक | ,, |
| ५ | सूचना विश्लेषणका लागि दक्ष जनशक्ति तयार गरी तालिम दिने र आवश्यक | जिल्ला प्रशासन रेडक्रस, एभरेष्ट क्लब | तालिम तथा सामानको व्यवस्थापन | ,, |

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समयसीमा |
|---|---|---|---|---|
| | सामग्रीहरु कम्प्युटर, फोटोकपी, इमेल तयारी अवस्थामा राख्ने | | | |

Note :- IRA: Initial Rapid Assessment, MIRA : Multi-cluster Initial Rapid Assessment, CSDA : Cluster Specific Detailed Assessment,
PDNA : Post Disaster Need Assessment

## ८.१० पुनर्स्थापना तथा पुनर्निर्माण (Rihabilitation & Reconstruction)

**विषयगत क्षेत्र अगुवा निकाय : जिल्ला समन्वय समिति, दैलेख**

### ८.१०.१ पुनर्स्थापना तथा पुनर्निर्माण क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :

| क्र.सं. | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १. | टेक बहादुर ओली | जिल्ला समन्वय समिति, दैलेख | ०८९४१०११४, ९८४४८३२८१५ |
| २. | राम बहादुर के.सी. | जिल्ला प्रशासन कार्यालय, दैलेख | ०८९४१०१२६, ९८५८०४०१२६ |
| ३. | रमेश बहादुर मल्ल | शिक्षा विकास तथा समन्वय इकाई, दैलेख | ०८९४१०१५०, ९८४८१७१२८९ |
| ४. | रेशम बहादुर बुढा | नारायण नगरपालिका | ०८९४१०२२१, ९८५८०५१२२१ |
| ५. | निर्जनकुमारी खत्री | नेपाल रेडक्रस सोसाइटी, दैलेख | ०८९४२०१७९, ९८५८०६३६७२ |
| ७. | बसन्त श्रेष्ठ | सोसेक नेपाल | ०८९४१०१८७, ९८५८०५०५९४ |
| ८. | दिपक कुमार शाही | एभरेष्ट क्लब, दैलेख | ०८९४२०२४९, ९८१५५१८२९३ |
| ९. | सुनिता चन्द | महिला सशक्तिकरण मञ्च, दैलेख | ०८९४२०२३१, ९८४८०६४३१९ |

**मुख्य विपद्को किसिम :** भूकम्प, पहिरो, बाढी, आगलागी, खडेरी र हावाहुरी

### (क) विपद् सम्बन्धी परिस्थिति (विपद्बाट हुनसक्ने सम्भावित असरहरु):

(१) २०,००० जनसंख्या प्रभावित र ६,००० घरपरिवारहरू विस्थापित हुनसक्ने ।
(२) सार्वजनिक सुविधाका साधनहरु (विद्युत् आपूर्ति, सञ्चार, यातायात) सरकारी तथा सर्वजनिक/सामुदायिक भवन तथा संरचनाहरु क्षतिग्रस्त भई अभाव सृजना भएको हुनसक्छ ।
(३) निजी घर, गोठहरु भत्किई आवास तथा जीविकोपार्जनको समस्या आउन सक्छ ।
(४) सार्वजनिक पूर्वाधारहरू (कच्चि तथा पक्कि सडक, पुल) नष्ट भई आवागमन अवरुद्ध भएको अवस्था उत्पन्न हुनेछ ।
(५) उब्जाउयोग्य भूमि क्षय भई कृषि उत्पादन ह्रास कार्यमा बाधा हुनसक्छ ।
(६) घरपालुवा पशुपन्छी, धानवालीहरु, नगदेवालीहरु नष्ट हुन सक्ने ।
(७) सिंचाइ कुलाहरु क्षति भई सिंचाइ प्रणालीमा अवरोध आउन सक्ने ।

### ८.१०.२ समष्टिगत उद्देश्यः

विपद्का कारण विस्थापित परिवारहरुलाई पहिल्यैको अवस्थामा लैजानको लागि पुनर्स्थापना, पुनर्निर्माणका कार्यहरु गर्ने र भत्किएका, पूर्ण रुपले नष्ट भएका भौतिक संरचनाको निर्माण कार्य गर्नुका साथै सार्वजनिक सुविधाका सेवाहरु संचालनमा टेवा पुऱ्याउने ।

### ८.१०.३ विशिष्ट उद्देश्यः

- विस्थापित परिवारहरुलाई पहिल्यैको अवस्थामा लैजानका लागि पुनर्स्थापनाका कार्यहरु गर्ने ।
- भत्किएका, पूर्ण रुपले नष्ट भएका भौतिक संरचनाको निर्माण कार्य गर्ने ।
- पुनर्निर्माण गर्दा बलियो र विपद् जोखिम कम हुने गरी निर्माण गर्ने ।

- सार्वजनिक सुविधाका सेवाहरु संचालनमा टेवा पुऱ्याउने ।
- प्रभावित समुदायमा जीविकोपार्जनको वैकल्पिक उपायको अवलम्वन गर्ने ।
- क्षतिग्रस्त भौतिक पूर्वाधारका संरचनाहरु मर्मत संभार गर्ने ।

## ८.१०.४ पुनर्स्थापना तथा पुनर्निर्माणमा मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्डः

- नष्ट भएका भौतिक संरचनाहरुको विस्तृत सर्वेक्षण तथा इष्टीमेट अनुसारको बजेट विनियोजन गर्ने ।
- पुनर्स्थापना तथा पुनर्निर्माणको लागि संभावित स्थानहरुको पहिचान गरी DDRC मार्फत सम्बन्धित मन्त्रालयमा पेश गर्ने ।

**विपद् अवस्थामा आधारित आपत्कालीन प्रतिकार्य योजना**

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपत्कालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपत्कालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिनदेखि पहिलो हप्तासम्म | गाउँपालिका तथा नगरपालिका मार्फत घर, जग्गा जमिन, पशुहरुको क्षतिको प्रारम्भिक तथ्यांक लिन सुरु गर्ने । | गाउँपालिका तथा नगरपालिका विपद् सम्पर्क व्यक्तिको फोन नम्बर राख्ने | | स्थानीय विपद् व्यवस्थापन समिति | |
| दोश्रो हप्ता | ▪ विस्तृत सर्वेक्षण पश्चात् पूर्ण क्षति भएका र आंशिक क्षति भएका घरधुरीको रेडक्रस मार्फत जानकारी लिने ।<br>▪ राहत प्रदान गर्नकोलागि तथ्यांक अनुसार लगत इस्टिमेट तयार गर्ने ।<br>▪ राहतका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने ।<br>▪ आवासको लागि सामुदायिक वनहरुबाट सहुलियत वा निःशुल्क काठहरु उपलब्ध गराउने ।<br>▪ सार्वजनिक सेवाहरु (बिजुली, टेलिफोन, यातायात) सुचारु गर्ने ।<br>▪ पुनर्निर्माणका सामग्रीहरु (वेल्चा, गैटी, डोरी, गल, ह्युम पाइप, डोजर, अस्थायी भऱ्याङ, इस्काभेटर)उपलब्ध गराउने ।<br>▪ विग्रे भत्केका संरचनाहरुको भग्नावशेष हटाउने कार्य गर्ने । | ▪ घर क्षति भएकाहरुको लागि उपलब्ध राहतको मापदण्डबारे स्पष्ट हुने र सबैलाई जानकारी गराउने<br>▪ सामुदायिक वनहरुसँग अग्रिम समझदारी गर्ने<br>▪ पुनर्निर्माणका सामग्रीहरु स्टकमा राख्ने (वेल्चा, गैटी, डोरी, गल, ह्युम पाइप, डोजर, इस्काभेटर) | ▪ राहत मापदण्डको यकिन विवरण उपलब्ध हुन कठिनाई हुने<br>▪ पुनर्निर्माणका सामग्रीहरु पर्याप्त मात्रामा नहुने | स्थानीय विपद् व्यवस्थापन समिति, जिसस, ने.रे.सो. दैलेख, जिल्ला वन कार्यालय, सामुदायिक वन, डिभिजन सडक कार्यालय, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम | |
| पहिलो महिना | ● क्षति भएका पूर्वाधारहरुको विस्तृत विवरण तयार गर्ने ।<br>● खेतीबाली पूर्ण वा आंशिक रुपमा नष्ट भएका परिवारहरुलाई कृषि कार्यालयसँग समन्वय गरी सहुलियत | ● प्रभावित स्थानको कृषि प्रणालीबारे जानकारी राख्ने र बिउबिजन भण्डारण गरी राख्ने । | ● विभिन्न तामिमहरु सञ्चालन गर्न, स्रोत र साधनको अग्रिम व्यवस्था | स्थानीय विपद् व्यवस्थापन समिति, जिसस, जिल्ला डिभिजन वन | |

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपत्कालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपत्कालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| | रुपमा बिउबिजन उपलब्ध गराउने ।<br>● छिटो उत्पादन हुने प्रजातीका बिउबिजनहरु उपलब्ध गराउने ।<br>● पूर्वाधारहरु पुनर्निर्माण गर्न आवश्यक विस्तृत प्राविधिक इष्टिमेट गर्ने र सम्बन्धित कार्यालयमा प्रतिवेदन पठाउने<br>● घरेलु कार्यालयसँग मिलेर आयआर्जन गर्न सकिने तालिमहरु दिने<br>● बाली बिमा गरेको भए क्षतिपूर्ति दिने | ● तालिम संचालनका लागि आवश्यक स्रोत र साधनको अग्रिम व्यवस्थापन गर्ने ।<br>● पूर्वाधारको विस्तृत विवरण तयार गर्न पूर्वाधार विकास कार्यालयको सहयोगमा प्राविधिकहरुको सम्पर्क सूची तयार गर्ने<br>● राजमार्ग तथा सहायक मार्ग, हुलाकी सडक क्षतिको सूची स्थानीय तह र सम्बन्धित सडक कार्यालयले तयार गर्ने<br>● बाली बीमा गर्न किसानलाई उत्प्रेरित गर्ने | गर्न चुनैति हुने | कार्यालय, सामुदायिक वन, कृ.वि. का., खा.पा., सिंचाइ तथा ऊर्जा विकास कार्यालय, उद्यम तथा उपभोक्त हित संरक्षण कार्यालय | |
| दोस्रो र तेश्रो महिना | ▪ उपलब्ध बजेटको आधारमा बिग्रेका, भत्केका पूर्वाधारहरु पुनर्निर्माण प्रक्रियालाई अगाडी बढाउने । पुनर्निर्माण गर्दा विपद्को जोखिमलाई कम हुने प्रकारले दिगो र बलियो संरचना बनाउने ।<br>▪ नगरपालिका तथा गाउँपालिकाको वार्षिक योजनामा समावेश गराउने ।<br>▪ मनोसामाजिक समस्या आउन नदिन कार्यक्रमहरु गर्ने । | ▪ पुनर्निर्माणका लागि जिल्ला विकास समिति गा.वि.स. न.पा.मा जगेडा कोषको स्थापना गर्ने | | स्थानीय विपद् व्यवस्थापन समिति, जिसस, डिभिजन वन कार्यालय, सामुदायिक वन, पूर्वाधार कार्यालय, महिला तथा बालबालिका कार्यालय | |

**कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समयसीमा ( कार्यतालिका) |
|---|---|---|---|---|
| १. | पुनर्निर्माणका सामग्रीहरु स्टकमा राख्ने (वेल्चा, गैटी, डोरी, गल, ह्युम पाइप, डोजर, इस्काभेटर) | स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय | सामग्री खरिद गरी स्टकमा राख्ने र सम्बन्धित व्यापारीसँग समन्वय | मनसुन पूर्व |
| २ | वन तथा सामुदायिक वनसँग काठ दाउरा सहयोगबारे छलफल गर्ने | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति | छलफल र बैठक | ,, |

| क.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समयसीमा ( कार्यतालिका) |
|---|---|---|---|---|
| ३ | प्राविधिकको टोलीलाई स्थलगत अध्ययनका लागि अभिमुखीकरण तथा प्रभावित स्थानमा परिचालन | स्थानीय तह | बैठक | ,, |
| ४ | समन्वय, स्रोत पहिचान र पुनर्निर्माणको कार्ययोजना बनाउने | स्थानीय तह | बैठक | ,, |
| ५ | गाउँपालिका, नगरपालिकामा भएको विपद् व्यवस्थापन कोषलाई अभिवृद्धि गर्ने | स्थानीय तह | छलफल र निर्णय | ,, |
| ६ | कृषि कार्यालयसँग समन्वय गरी छिटो उत्पादन हुने खालका बिउबिजन छनौट गरी राख्ने र बाली बीमा गर्न प्रोत्साहन गर्ने | स्थानीय तह,<br>कृषि विकास कार्यालय | ,, | ,, |

## *अनसूची १*
## मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८२

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | • विभिन्न सूचनाका माध्यमहरुबाट सूचना लिई गाउँपालिका तथा नगरपालिकाहरुमा जानकारी गराउने<br>• बाढी, पहिरो तथा डुबानको जोखिममा रहेका बस्तिहरुको पहिचान गरी पूर्वसुचना दिने र सुरक्षित रहन सञ्चार माध्याममा प्रचारप्रचार गरी सुरक्षित तुल्याउने | • जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• जिल्ला सुरक्षा समिति | • DDRC र राजनैतिक दलका प्रमुख<br>• जिल्ला प्रशासन कार्यालय<br>• जिल्ला समन्वय समिति<br>• पत्रकार महासंघ<br>• सुरक्षा निकायहरु<br>• स्थानीय तहका प्रमुखहरु | निरन्तर | |
| २ | • इक्वीपमेण्टसहितको आवश्यक न्यूनतम उद्धार सामग्रीसहित खोज तथा उद्धार कार्यमा खटिन पूर्वतयारी योजना तयारी गर्ने<br>• Heavy Equipment रणनीतिक स्थानमा राख्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी बल, नेपाल<br>• पूर्वाधार विकास कार्यालय, सडक डिभिजन कार्यालय<br>• स्थानीय तह | • जिल्ला समन्वय समिति<br>• निर्माण व्यवसायी संघ/उद्योग वाणिज्य संघ | निरन्तर | |
| ३ | • मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा वा अद्यावधिक गरी website मा राखि NEOC मा पठाउने । | • जिल्ला विपद् व्यवस्थापन समिति | • जिल्ला प्रशासन कार्यालय<br>• DLSA<br>• सबै सरकारी तथा गैह्र सरकारी संघसंस्था | निरन्तर | |
| ४ | • DEOC लाई Alert अवस्थामा राख्ने ।<br>• LEOC लाई अलर्ट राख्ने। | • जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तह | • जिल्ला विपद् व्यवस्थापन व्यवस्थापन समिति<br>• जिल्ला सुरक्षा समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | निरन्तर | |
| ५ | • राहत सामग्रीको भण्डारण गर्ने<br>• राहत सामग्रीहरुको उचित भण्डारणको अनुगमन गर्ने र भण्डारणको व्यवस्था मिलाउने | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• DEOC/LEOC<br>• स्थानीय विपद् व्यवस्थापन समिति | • जिल्ला प्रशासन कार्यालय<br>• रेडक्रस<br>• नेपाल खाद्य संस्थान<br>• स्थानीय तह | निरन्तर | |
| ६ | • HDTले राहत सामाग्रीहरुको भ्रण्डारण सहितको कार्ययोजना कार्यान्वयन गर्ने। | • Humanitarain District Team | • जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| ७ | • Disaster Preparedness & responsePlan अद्यावधिक गर्ने | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• जिल्लास्थित सबै सरकारी कार्यालयहरु<br>• सुरक्षा निकायहरु<br>• स्थानीय तह | • जिल्ला प्रशासन कार्यालय | निरन्तर | |

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| | | • सबै सरोकारवाला क्लस्टर, DDRC को DPRP तयारी उपसमिति | | | |
| ८ | • जिल्ला विपद् व्यवस्थापन कोष न्यूनतम राख्ने ।<br>• स्थानीय विपद् व्यवस्थापन कोषमा न्यूनतम रकम राख्ने । | • जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तह | • जिल्ला विपद् व्यवस्थापन समिति | निरन्तर | |
| ९ | • सुरक्षा निकाय तैनाथी अवस्थामा रहने । | • नेपाली सेना<br>• नेपाल प्रहरी<br>• सशस्त्र प्रहरी बल, नेपाल<br>• जिल्ला सुरक्षा समिति | • जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| १० | • पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउन SMS alert को प्रविधिलाई अगाडी बढाउन नेटवर्क टावरसँग सम्पर्क भएका मोबाइल फोनको चलायमान डाटा लिई पूर्वसूचना प्रणाली सञ्चालन गर्ने ।<br>• मनसुन अगावै आवश्यक तटबन्धन निर्माण गरी बाढीको जोखिम न्यूनीकरण गर्ने । | • जल तथा मौसम विज्ञान कार्यालय सुर्खेत<br>• नेपाल टेलिकम<br>• जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय<br>• स्थानीय तह | • जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| ११ | • मुख्य नदीहरुमा बाढीको अनुगमन गरी पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउने । | • DEOC/LEOC<br>• स्थानीय तह | • जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| १२ | • विपद्को समयमा साझा फ्रिक्वेन्सी प्रयोग गर्ने । | • नेपाली सेना<br>• नेपाल प्रहरी<br>• सशस्त्र प्रहरी बल, नेपाल | • जिल्ला प्रशासन कार्यालय<br>• नेपाल टेलिकम<br>• DEOC/LEOC | निरन्तर | |
| १३ | • स्थानीय स्वयम्सेवकको गठन गर्ने । | • DDRC<br>• नेपाल रेडक्रस सोसाइटी<br>• जि.स.स./न.पा./गा.पा. | • जिल्ला क्लस्टर<br>• NGO Federation र राजनैतिक/सर्वदलीय बैठक | निरन्तर | |

## *अनुसूची २*

## दैनिक/साप्ताहिक प्रतिवेदन फाराम

१. तयार गर्ने जिल्ला : अवस्था प्रतिवेदन नं. दस्तखत

२. प्रतिवेदन तयार गरेको मिति :

३. लाई (प्रजिअ, जि.वि.व्य.स, गृह मन्त्रालय आदि)

४. बाट : (प्रजिअ, जि.वि.व्य.स, नेरेक्रसो)

५. बोधार्थ : (प्रजिअ, जि.वि.व्य.स, गृह मन्त्रालय आदि)

६. प्रतिवेदन अवधि (देखि......सम्म)

७. प्रतिवेदनले समेट्ने क्षेत्र (जिल्ला, गाउँ/नगरपालिका)

८. सामान्य अवस्था (प्रभावित गाउँपालिका, लाभान्वित जनसंख्या, क्षति भएको घर आदि)

९. राहत उद्धारको विवरण (सरकारी, गैरसरकारी, रेडक्रस र राष्ट्रसंघीय निकायहरुबाट भएको राहत उद्धार)

१०. राहत उद्धारको योजना (सरकारी, रेडक्रस, गैरसरकारी क्षेत्रबाट प्रदान गरिने राहत उद्धारको योजना )

११. राहत उद्धारमा हुनसक्ने कमी वा कठिनाइ

१२. समस्या समाधानका उपाय वा अवश्यक सहयोगको अपेक्षा

## अनुसूची ३
## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा

